# सहकारी क्षेत्र सुधार सुझाव कार्यदल

## प्रतिवेदन

नेपाल सरकार

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०

काठमाडौं

मितिः २०८०।०५।२५

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं ।

**विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०८० बैशाख १६ गतेको निर्णय अनुसार गठन भएको सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले तोकिएको कार्यशर्तको अधीनमा रही सरोकारवाला व्यक्ति/निकायहरुसँग छलफल,अन्तरक्रिया, राय, परामर्श एवं अध्ययन अनुसन्धान समेत गरी सहकारी क्षेत्र सम्बन्धी नीतिगत, कानूनी, संस्थागत पुनर्संरचनाको ढाँचा सहितको विस्तृत प्रतिवेदन तयार गरी पेश गरेका छौं । नेपालको सहकारी क्षेत्रको सुधारका लागि नीतिगत, कानूनी, संरचनागत एवं कार्यव्यवहारगत सुझाव सहितको प्रतिवेदन तयारीको जिम्मेवारी प्रदान गर्नुभएकोमा कार्यदलको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

**डा. जयकान्त राउत**

संयोजक,सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०

तथा सदस्य राष्ट्रिय योजना आयोग

## प्राक्कथन

नेपालको संविधान, २०७२ ले समाजवाद-उन्मुख अर्थतन्त्रको एक महत्वपूर्ण खम्बाको रुपमा सहकारी क्षेत्रलाई लिएको छ । सहकारी ऐन, २०७४ को प्रस्तावनामा देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजीलाई एकिकृत गरी सदस्यहरुको आर्थिक, सामाजिक एवं सांस्कृतिक उन्नयन गर्न सहकारी संस्थाहरुको स्थापना गर्ने उद्देश्य लिएको छ। सोही ऐनले सहकारीलाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वनियमनमा आधारित संगठनको रुपमा व्याख्या गरेको छ। सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद-उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न सहकारी अभियानलाई व्यवस्थित बनाउन आवश्यक कानुनी प्रवन्धको रुपमा सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ लगायतका कानूनी प्रवन्ध गरिएको छ। सहकारी संस्थाले समाजमा अलग-अलग पहिचान कायम भएका आम मानिसहरुलाई समान पहिचान प्रदान गरी सामूहिक उद्देश्य प्राप्तिका लागि सहजीकरण गर्दछ । श्रोतको अभावमा उत्पन्न समस्याको समाधान सामूहिक प्रयासबाट हुन्छ भन्ने मान्यता सहकारीमा रहेको छ । सहकारी व्यवसायको स्वामित्व सेवा प्राप्त गर्नेहरुसँग रहेको हुन्छ । सहकारी संस्थामा कुनै व्यवसायिक आधारशीला नभएका सदस्यहरुले समेत एक-अर्काको सहयोग मार्फत व्यवसाय गरी आफ्नो जिवनस्तर उकास्न सक्दछन् ।

नेपालको सहकारी क्षेत्र ईतिहास सत्तरी वर्ष लामो भईसकेको छ। पछिल्लो समय सहकारी क्षेत्रमा कतिपय आन्तरिक र वाह्य कारणले संकटहरु देखापरेका छन्। सहकारी क्षेत्रमा आएको सैद्धान्तिक विचलनका कारणले यस क्षेत्रको कार्यव्यवहारगत र संस्थागत पुनर्संरचना जरुरी देखिएको छ । तसर्थ यस क्षेत्रमा नीतिगत, कानूनी, संरचनागत तथा कार्यव्यवहारगत सुधारहरु आवश्यक छ।

सहकारी संस्थाहरुले सदस्यहरुको बचत फिर्ता गर्न नसक्नु, कतिपय दायित्वहरु भुक्तानी गर्न नसक्नु र सहकारी क्षेत्रको समग्र अवस्था दिन प्रतिदिन खस्कँदै गएको सन्दर्भमा नेपाल सरकारले सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को गठन गरेको हो । कार्यदललाई प्राप्त कार्यशर्तको अधिनमा रही विस्तृत प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनले सहकारी क्षेत्रको संरचनागत सुधारका लागि सरकारको तर्फबाट तत्काल, अल्पकाल र दीर्घकालमा गर्नुपर्ने कार्यहरू प्रस्तुत गरेको छ। यस प्रतिवेदन तयार गर्न व्यवस्थापकीय एवं प्राविधिक रुपमा सहयोग गर्नुहुने सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्याय, कम्प्युटर अपरेटर पपु कुमार यादव र राष्ट्रिय सहकारी बैंकका अधिकृत

बल्लभ तिमल्सिनालाई हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै प्रतिवेदन तयारीका क्रममा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्ने सहकारी संघ संस्थाहरु, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लगायत सरोकारवाला/सुझावदाता सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं। प्रतिवेदनमा दिइएका सुझावहरुलाई नेपाल सरकारले गम्भिरताका साथ लिई कार्यान्वयनको लागि सम्बन्धित निकायलाई निर्देश गर्नेछ भन्ने विश्वास लिएका छौं।

भाद्र २०८० **सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०**

<u>**कार्यदलका सदस्यहरुको नामावलीः**</u>

| क्र.सं. | नाम | पद | भूमिका |
|---|---|---|---|
| १. | डा. जयकान्त राउत | माननीय सदस्य, राष्ट्रिय योजना आयोग | संयोजक |
| २. | श्री गोकर्णमणि दुवाडी | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ३. | श्री काशीराज दाहाल | अध्यक्ष, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति | सदस्य |
| ४. | श्री ~~चिरञ्जन घिमिरे~~ कृष्ण प्रसाद खफ्लोटा | सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ५. | श्री भूपाल बराल | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | श्री आभा श्रेष्ठ कर्ण | सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| ७. | श्री सुशील ढकाल | सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ८. | डा. सत्येन्द्र तिमिल्सिना | निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| ९. | श्री दिनेश आचार्य | प्रहरी वरिष्ठ उपरिक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो | सदस्य |
| १०. | श्री मिनराज कँडेल | अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ | सदस्य |
| ११. | श्री कृष्ण बहादुर उप्रेती | सहकारी विज्ञ (वित्त विश्लेषक), | सदस्य |
| १२. | श्री ऋषिराज घिमिरे | सहकारी विज्ञ | सदस्य |
| १३. | श्री नमराज घिमिरे | रजिष्ट्रार, सहकारी विभाग | सदस्य सचिव |
| १४. | श्री सरोज बुढाथोकी, | स्वकीय उपसचिव | आमन्त्रित सदस्य |
| १५. | श्री कुशलभ के.सी. | | आमन्त्रित सदस्य |
| १६. | श्री नारायणहरि गजुरेल | | आमन्त्रित सदस्य |
| १७. | श्री उज्जवल सत्याल | | आमन्त्रित सदस्य |

## विषयसूची


**परिच्छेद-१ प्रारम्भिक** ........ १

*१.१. पृष्ठभूमिः* ........ १

*१.२. सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को गठनः* ........ २

*१.३. सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को कार्यक्षेत्र :* ........ ३

*१.४. कार्यदलको अध्ययनको सीमाहरुः* ........ ३

*१.५. अध्ययन प्रतिवेदनको संरचना* ........ ३

**परिच्छेद-२ साहित्य अध्ययन** ........ ५

*२.१. सहकारिताको अवधारणा र विकासक्रमः* ........ ५

*२.२. सहकारिताका विश्वव्यापी सिद्धान्त तथा मूल्यहरुः* ........ ७

२.२.१ सहकारीका विश्वव्यापी सात सिद्धान्तहरुः ........ ७

२.२.२ सहकारीका मूल्यहरुः ........ ८

*२.३. विश्व सहकारिताको विकासक्रमः* ........ ११

*२.४. नेपालमा सहकारिताको बिकासक्रमः* ........ १२

*२.५. सहकारी क्षेत्र सुधारका लागि यसअघि भएका प्रयासहरुः* ........ १८

*२.६. संविधान तथा ऐन कानूनहरुमा सहकारी* ........ ३१

२.६.१ नेपालको संविधान, २०७२ ........ ३१

२.६.२ सहकारी ऐन, २०७४ ........ ३२

२.६.३ स्थानीय सरकार सन्चालन ऐन, २०७४: ........ ३२

२.६.४ सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५: ........ ३३

२.६.५ बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७: ........ ३४

२.६.६ चालु बार्षिक बजेट (आर्थिक बर्ष २०८०/०८१): ........ ३४

**परिच्छेद-३ अध्ययन विधि एंव तथ्याङ्क विश्लेषण** ........ ३६

*३.१. अध्ययन विधिः* ........ ३६

*३.२. पूर्व साहित्य अध्ययनः* ........ ३७

*३.३. सामूहिक छलफल विधिः* ........ ३८

*३.४. प्रश्नावली विधिः* ........ ४२

**परिच्छेद -४ समस्या पहिचान एवं विश्लेषण** ........ ५४

*४.१. सहकारी क्षेत्रका मुलभूत समस्याहरु* ........ ५४

*४.२. सहकारीका समस्या सिर्जनाका कारणहरुः* ........ ५७

४.२.१. अर्थतन्त्रको प्रणालीगत कारणः ........ ५७

४.२.२. अर्थतन्त्रको गैर प्रणालीगत कारणः ........ ५७

४.२.३. नीतिगत कारणः ........ ५८

४.२.४. बचत तथा ऋण परिचालनमा समस्याका कारणहरु ........ ५९

४.२.५. व्यवस्थापकीय कमजोरीको कारण ........ ६०

**परिच्छेद -५ सुझाव तथा सिफारिस** ........ ६१

*५.१. समस्या समाधानका लागि तत्कालीन सुधार सुझावहरु* ........ ६१

*५.२. समस्या समाधानका लागि अल्पकालीन सुधार सुझावहरु* ........ ६४

*५.३ समस्या समाधानका लागिदिर्घकालीन सुधार सुझावहरुः* ........ ६६

५.३.१. नीतिगत तथा कानूनी सुधार ........ ६६

५.३.२. जनशक्तिगत सुधार ........ ६७

५.३.३. कार्यगत सुधार ........ ६८

५.३.४. सहकारी संघ संस्थाहरुको नियमन संरचना सुधार ........ ७०

*सहकारी अनुगमन तथा सुपरिवेक्षण निकायको गठनः सहकारी अनुगमन तथा सुपरिवेक्षण वोर्ड/ सहकारी अनुगमन तथा सुपरिवेक्षण प्राधिकरण* ........ ७१

सहकारी सुपरिवेक्षण वोर्डको संरचना ........ ७३

नेपाल राष्ट्र बैंकको नेतृत्वमा कार्य समुह गठन: ........ ७३

*सहकारी विभागको क्षमता वृद्धि गरी सक्षम नियामक बनाउने ।* ........ ७४

**परिच्छेद- ६ कार्ययोजना** ........ ७६

*६.१ तत्कालीन सुधार सुझाव कार्यान्वयन कार्ययोजना:* ........ ७६

**परिच्छेद ७ उपसंहार** ........ ८८

*७.१ सुधार सुझाव कार्यदलको निष्कर्ष* ........ ८८

**अनुसुचीहरु** ........ ९१

*अनुसुची १ काठमाडौं, वर्दिवास र नेपालगञ्जमा आयोजित कार्यशालाबाट प्राप्त सुझावका मुख्य मुख्य अंशहरु:* ........ ९१

*अनुसुची२ सहकारी सम्वन्धी समसामयिक प्रश्नावली* ........ ९९

*अनुसुची ३ जूम मिटिङ सम्वन्धी कृयाकलापको सारांश* ........ १०३

*अनुसुची ४ समुह मष्तिस्क मन्थन (Group Brainstroming)छलफलका विषयहरु* ........ १०५

*अनुसुची ५ राष्ट्रिय योजना आयोगको सभाकक्ष र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले विभिन्न समयमा आयोजना गरेको छलफल कार्यक्रममा प्राप्त राय परामर्शको टिपोट* ........ १०६

*अनुसुची ६ राष्ट्रिय सहकारी बिकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, वागमती प्रोस्कुन र जिल्ला संघहरुको तर्फबाट सुझावहरु* ........ ११३

*अनुसुची ७ सहकारी पिडीत बचतकर्ता महासंघ संघर्ष समितीको सुझावहरु* ........ १३२

*अनुसूची ८ सहकारी ऐन, २०७४ सँग बाझिएका अन्यक्षेत्रगत ऐनहरुको सूची* ........ १३३

*सन्दर्भ सामग्री* ........ १३५

*फोटो तथा विभिन्न विज्ञप्तीहरु* ........ १३६

## परिच्छेद-१

## प्रारम्भिक

### १.१. पृष्ठभूमिः

समाजवाद-उन्मुख अर्थतन्त्र निर्माणको एक सशक्त माध्यम सहकारिता हो। खुलावजार केन्द्रित उदारवादी अर्थव्यवस्थाले पूँजिवादी आर्थिक सामाजिक संरचना निर्माणमा योगदान दिन्छ। नेपालको संविधानले यो सैद्धान्तिक आधारलाई आत्मसात गर्दै समाजवाद-उन्मुख अर्थतन्त्र निर्माण गर्ने आर्थिक उद्देश्य लिएको छ। राज्यको अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारीलाई एक खम्बाको रुपमा स्विकार गरेको छ। समाजका किसान, मजदुर र न्यून आय भएका व्यक्तिहरुको स-साना वचत परिचालनबाट राष्ट्रिय पूँजी निर्माण गर्ने उद्देश्य सहित सहकारी अभियानको सुरुवात भएको हो।

संख्यात्मक वृद्धिसँगै सहकारीको गुणात्मक विकासमा पर्याप्त ध्यान दिन नसकिदा पछिल्लो समय सहकारी अभियानप्रति प्रश्न उठ्न थालेको छ। सहकारी समाजवाद-उन्मुख आर्थिक व्यवस्थाको सवलीकरण गर्न असफल भएको मात्र होईन कतिपय अवस्थामा वित्तीय अपचलनको माध्यम बनेको आरोप लाग्न थालेको छ।सहकारी संस्थाको साईन वोर्ड झुन्ड्याएर गैह्र सहकारी कार्य गर्ने र सहकारीको मूल्य, मान्यता तथा सिद्धान्तको विपरित विशुद्ध वित्तीय संस्थाको नक्कल तथा परम्परागत वैकिङ्ग कार्यप्रणालीको अवलम्वन गरेका सहकारी संस्थाहरुमा यो समस्या विकराल रहेको देखिएको छ।यसर्थ नेपालको सहकारी अभियानमा वर्तमानमा देखिएको समस्या सहकारीको असफलताको कारण नभएर यसको गलत प्रयोग र सहकारी सिद्धान्त विपरितको अभ्यासको नतिजा हो भन्ने आम बुझाई रहेको छ ।सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधान गरी समग्र सहकारी क्षेत्रको सुधार गर्दै अर्थतन्त्रलाई सकारात्मक दिशातर्फ निर्देश गर्नु पर्ने अवस्था रहेको छ ।

सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत तथा कार्यव्यवहारगत सुधार सुझाव प्रदान गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० वैशाख २६ गतेको निर्णयानुसार सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० गठन भएको हो । कार्यदलले नेपाल सरकारलाई २७ बुँदे अन्तरिम प्रतिवेदन बुझाएको थियो । कार्यदल गठनको प्रशासनिक कार्य पूरा गर्न करिव एक महिनाको समय लाग्यो।यसर्थ, कार्यदलले औपचारिक रुपमा आफ्नो कार्य मन्त्रिपरिषद्को निर्णय भएको एक महिनापछि मात्र सुरु गर्नुपर्‍यो। कार्यदलको सुझावमा थप रणनीतिक र दीर्घकालीन महत्वका विषयहरु समेत

समेटिनुपर्ने भएकोले कार्यदललाई प्राप्त दुई महिनाको समयावधिमा सबै सरोकारवालाहरुसगँ छलफल तथा राय संकलनको लागि समय सिमित हुनगयो । तसर्थ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार कार्यदलको कार्यअवधि थप गरिएको थियो ।

## १.२. सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को गठनः

नेपालमा सहकारी क्षेत्रलाई संबैधानिक मान्यता प्रदान गरिएको छ । यो क्षेत्र राज्यको सरकारी, निजी र सहकारी गरी अर्थतन्त्रका तीन खम्बाहरु मध्येको एक महत्पूर्ण खम्बाको रुपमा विकास गर्न एवं हाल यस क्षेत्रमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका लागि तत्कालीन र दीर्घकालीन सुधार सुझावहरु दिन यो कार्यदल गठन भएको हो । यसले सहकारी सिद्धान्त, मूल्य, मान्यता तथा यस क्षेत्रको वर्तमान अवस्थाका बारेमा अध्ययन विश्लेषण गरी नेपाल सरकार समक्ष सुझाव पेश गर्ने कायदिश प्राप्त गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार देहायबमोजिम सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन गरिएको छः

| | |
|---|---|
| माननीय सदस्य (सहकारी क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग | संयोजक |
| सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, | सदस्य |
| अध्यक्ष, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति | सदस्य |
| सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय, | सदस्य |
| सह-सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | सदस्य |
| सह-सचिव, राष्ट्रिय योजना आयोग, | सदस्य |
| निर्देशक, नेपाल राष्ट्र बैंक, | सदस्य |
| प्रहरी वरिष्ठ उपरिक्षक, केन्द्रिय अनुसन्धान व्यूरो, | सदस्य |
| अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ, | सदस्य |
| मन्त्रालयबाट नियुक्त २ जना विज्ञ (१जना सहकारी विज्ञ १ जना वित्त विश्वेषक) | सदस्य |
| रजिष्ट्रार, सहकारी विभाग, | सदस्य सचिव |

## १.३. सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को कार्यक्षेत्र :

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०१।२६ को निर्णयानुसार गठित यस सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को कार्यक्षेत्र देहाय बमोजिम तोकिएको छः

- सहकारी क्षेत्रले हाल सामना गरेको समस्या पहिचान गरी सुधारको तत्कालीन र दीर्घकालीन कार्ययोजना प्रस्ताव गर्ने ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको अनुगमनका लागि दोस्रो तहको प्रभावकारी अनुगमन संयन्त्र निर्माणको खाका प्रस्ताव गर्ने । यस कार्यमा सहकारी विभागबाटै गर्न सकिने सम्भावित सुधार प्रस्ताव गर्ने
- सहकारी क्षेत्रको समग्र सन्चालन, व्यवस्थापन र नियमन संघीय शासन प्रणाली मुताविक हुने गरी उपयुक्त संस्थागत एवं संरचनागत व्यवस्थासहित कार्य विस्तृतिकरणको प्रस्ताव पेश गर्ने
- सहकारी क्षेत्रको नीतिगत, कानूनी तथा संरचनागत व्यावस्थामा पुनरावलोकन आवश्यक भए सोको लागि सुझाव पेश गर्ने ।
- अन्य केही थप सुझाव भए सोसमेत प्रस्ताव गर्ने आदि ।

## १.४. कार्यदलको अध्ययनको सीमाहरुः

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० लाई प्राप्त कार्यशर्तको अधिनमा रही विस्तृत रुपमा प्रतिवेदन तयार गर्नुपर्ने थियो। यस प्रतिवेदन तयार गर्ने क्रममा निम्नानुसार सीमाहरु रहेका थिए।

- कार्यदललाई प्राप्त समयावधि अपर्याप्त रहेको,
- प्रश्नावली तयार गर्दा पर्याप्त क्षेत्रगत विष्लेषण एवं छलफल हुन नसकेको,
- सुझाव संकलनका लागि उपस्थित भएकाहरुमध्ये ६७ प्रतिशत उत्तरदाताहरुको मात्रै जवाफ प्राप्त हुनु,
- उत्तरदाताहरु मध्ये धेरैजसो वित्तीय कारोबारमा संलग्न भएता पनि छुट्टै विषयगत सहकारीबाट प्रतिनिधित्व गरेका कारण कतिपय छलफलमा सहि विश्लेषण प्राप्त नहुनु, ।

## १.५. अध्ययन प्रतिवेदनको संरचना

प्रस्तुत अध्ययन प्रतिवेदनको परिच्छेद-१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को गठन, कार्यक्षेत्र, कार्यदलको अध्ययनको सीमाहरु र संरचना रहेको छ । परिच्छेद-२ मा साहित्य अध्ययन अन्तर्गत सहकारिताको अवधारणा र विकासक्रम, सहकारिताका विश्वव्यापी सिद्धान्त तथा मूल्यहरु, विश्व सहकारिताको विकासक्रम, सहकारी क्षेत्र सुधारका लागि यसअघि भएका प्रयासहरु, सरकारद्वारा गठित विभिन्न समिति/आयोग/कार्यदलहरुका प्रतिवेदन उपर

संक्षिप्त समीक्षा, संविधान तथा ऐन कानूनहरुमा सहकारी लगायतका विषयहरुलाई उल्लेख गरिएको छ । परिच्छेद-३ मा अध्ययन विधि एंव तथ्याङ्क विश्लेषण अन्तर्गत पूर्व साहित्य अध्ययन, सामूहिक छलफल विधि, प्रश्नावली विधिका विषयहरुलाई उल्लेख गरिएको छ ।

यसैगरी प्रस्तुत प्रतिवेदनको परिच्छेद-४ मा समस्या पहिचान एवं विश्लेषण अन्तर्गत समस्या पहिचान एवं विश्लेषण, सहकारी क्षेत्रले सामना गरेको वर्तमान समस्या, सहकारी समस्या सिर्जनाका कारणहरु, अर्थतन्त्रको प्रणालीगत, अर्थतन्त्रको गैर प्रणालीगत, सरकारी नीति तथा कानूनी अपूर्णता र अस्थिरता, बचत तथा ऋण परिचालनमा समस्याका कारणहरु तथा व्यवस्थापन कमजोर रहनु भन्ने विषयहरुका बारेमा उल्लेख गरेको छ ।परिच्छेद-५ मा सुझाव तथा सिफारिस अन्तर्गत समस्या समाधानका लागि तात्कालीन सुधार सुझावहरु, अल्पकालीन सुधार सुझावहरु, समस्या समाधानका लागि दिर्घकालीन सुधार सुझावहरु, नीतिगत तथा कानूनी, जनशक्तिगत,कार्यगत तथा सहकारी संघ संस्थाहरुको नियमन संरचनाको बारेमा उल्लेख गरिएको छ ।

परिच्छेद-६ मा तत्कालीन सुधार सुझाव कार्यन्वयन कार्ययोजनाका बारेमा उल्लेख गरिएको छ ।अल्पकालीन तथा दिर्घकालीन सुधार सुझावका सन्दर्भमा सम्बन्धित मन्त्रालयले कार्ययोजना बनाई कार्यान्वयन गर्ने विषय उल्लेख छ । परिच्छेद-७ मा उपसंहार अन्तर्गत सुधार सुझाव कार्यदलको निष्कर्ष र विभिन्न अनुसूचीहरु एवं सन्दर्भ सामाग्रीहरुका बारेमा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# परिच्छेद-२
## साहित्य अध्ययन

### २.१. सहकारिताको अवधारणा र विकासक्रमः

नेपालमा सहकारी अभियानको लामो इतिहास रहेको छ। अनौपचारिक तवरले परापूर्वकालदेखिनै नेपाली समाजमा सहकारिताको भावना प्रचलनमा रहि आएको पाइन्छ । नेपाली समाज परम्परागत रुपमा नै सहकारितामा आधारित समाज हो। नेपाली समाजको प्रथा तथा परम्परा नै सहकारितालाई प्रवर्धन गर्ने किसिमका छन। नेपाली समाजको ढुकुटी, गुठी, पर्म, धर्म भकारी, मंका खःल जस्ता संस्कृतिहरु सहकारीकै स्वरुप हुन। त्यस प्रकृतिका परम्पराहरुलाई औपचारिक रुपमा प्रवेश गराउने क्रममा सहकारिताको विकास भएको हो ।उक्त अभ्यास विगतमा नैतिकतामा आधारित अलिखित सामाजिक सर्वस्वीकार्य वन्धन थियो । बर्तमानमा यो कानूनी, औपचारिक तथा सामुदायिक व्यवसायको रुपमा चिनिदैं आएको छ ।

औपचारिक रुपमा २०१० सालमा सहकारी विभागको स्थापना र नेपाल सहकारी समिति ऐन, २०११ जारी भएपश्चात २०१३ सालमा चितवनमा वखान ऋण सहकारी समितिको स्थापनालाई लिने गरिएको पाईन्छ । पञ्चायतकालमा सहकारीलाई पञ्चायती व्यवस्थाको विकास र प्रवलिकरणका लागि समुदायको परिचालनको माध्यमका रुपमा लिएको देखिन्छ । प्रजातन्त्रको पून:र्स्थापना पछि सहकारी ऐन, २०४८ जारी गरी सहकारी अभियानलाई नेपाली समाजमा सामाजिक तथा आर्थिक रुपान्तरणको एक माध्यमको रुपमा विकसित गरिदै लगियो । शुरुमा वर्षहरुमा सहकारी अभियानलाई विकसित र गतिशील बनाउनका लागि राज्यबाट सवै किसिमका प्रोत्साहन एवं नीतिगत तथा कार्यक्रमिक प्रयासहरु गरिए । त्यसैको फलस्वरुप नेपालमा सहकारी अभियान अत्यन्त सशक्त रुपमा अगाडि वढ्दै संख्यात्मक हिसावले अत्यन्त वृहत स्वरुपमा स्थापित भएको छ ।

विशेषतः किसानका लागि मल, विउविजन आपूर्ति र सदस्यहरुलाई ऋण लगानी गर्ने कार्यमा सहकारीहरु सिमित थिए । सदस्यहरुलाई नियमित वचत गराई देशभित्रै पूँजी निर्माण गर्नुपर्छ भन्ने भावना विस्तारै विकास हुँदै गएको थियो ।

वि.सं २०७२ सालमा जारी नेपालको संविधानले सहकारी क्षेत्रलाई मुलुकको अर्थतन्त्रको तेश्रो खम्वाको रुपमा अंगिकार गरेको छ । नेपालमा सहकारिता मार्फत जनतालाई वचत गर्ने वानीको

विकास गरी राष्ट्रिय पूँजी निर्माण गर्दै गरिवी निवारण, स्वावलम्वन प्रवर्धन, स्थानीय श्रम सीप एवं छरिएर रहेको पूँजीको सदुपयोग, लघु उद्यम विकास लगायतका कार्यहरु गर्दै आम उपभोक्तामा वित्तीय साक्षरता प्रदान गरी उनीहरुको आर्थिक,सामाजिक, सांस्कृतिक र वातावरणीय विकासमा सहकारी क्षेत्रले उल्लेख्य भूमिका निर्वाह गरी आएको छ ।

एकका लागि सवै सवैका लागि एक भन्ने मूल नारामा आधारित रही सहकारी संस्थाहरुले समुदायमा आधारित सदस्य सेवा दिइरहेका छन् । वि.सं २०१० सालमा सहकारी विभागको स्थापना पश्चातयस सहकारी क्षेत्रले ७० बर्षको लामो संगठनात्मक इतिहास पार गरिसकेको छ । वि.सं २०१३ सालमा स्थापना भएको बखान ऋण सहकारी संस्थालाई प्रथम दर्ता संस्थाको रुपमा लिएर विश्लेषण गर्दा नेपालमा सहकारी संस्था स्थापना भएको करिव ६७ बर्ष लामो इतिहास देखिन्छ । लामो इतिहास बोकेको सहकारिताको विकासक्रमलाई नियाल्दा यस क्षेत्रमा सकृय नेतृत्ववर्गमा स्वयंमसेवी भावना तथा क्षेत्रगत ज्ञानको न्यूनता र राज्यको तर्फबाट पनि सहकारी क्षेत्रमा समय समयमा रहेको नीतिगत अस्थिरताका कारण धेरै उतार चढावहरु आएको कुरा विदितै छ ।

वि.सं. २०४८ सालमा नयाँ सहकारी ऐनको प्रादुर्भावसँगै सहकारी संघ, संस्थाहरुको दर्ता रस्थापना अभियानकै रुपमा अघि बढ्यो । आज नेपाल राज्यभरी सहकारी संघ,संस्थाहरुको कूल संख्या ३१,३७३ पुगेको छ । यो अवधिमा सहकारी संघ, संस्थाहरुमा सदस्यहरुको वृद्धि र महिला सदस्यहरुको उल्लेख्य सहभागिता, सदस्यहरुले लगानी गरेको शेयरको अंश, वचत लगायतका आँकडाले पनि संकेत गर्छ कि सहकारिताको भावना समाजको तल्लो तह सम्म प्रवेश गरिसकेको छ । नेपालको सहकारी अभियानले, अन्तराष्ट्रिय सहकारी महासंघ एशिया प्रसान्त क्षेत्र, एशियाली ऋण महासंघ जस्ता निकायहरुको नेतृत्व तहमा स्थान पाइसकेको छ। तसर्थ, यो क्षेत्रलाई नीतिगत स्पष्टता र स्थिरता दिंदै दिगो र गुणस्तरीय बनाउदै लैजानु राज्यको दायित्व भित्रै पर्ने विषयका रुपमा लिनुपर्दछ ।

सहकारिताको उत्पत्ति औद्योगिक क्रान्तिसँगै भएकोले यसलाई औद्योगिकरणको उपज समेत मानिन्छ। अठारौं शताब्दीको उत्तरार्धतिर आएको औद्योगिक क्रान्तिको प्रभावबाट बेलायतको आर्थिक तथा सामाजिक क्षेत्रमा भएको परिवर्तनको उपलब्धि स्वरूप सहकारी आन्दोलनको उदय भएको हो । औद्योगिक क्रान्तिबाट पीडित केही व्यक्तिहरू (श्रमिक, किसान तथा ज्यालादारी कामदारहरू) ले आफूलाई परेको शोषणबाट उन्मुक्तिका लागि पहिल्याएको व्यवसाय नै आजको सहकारी आन्दोलनको

प्रारम्भिक रूप हो ।यसरी विकसित हुदै आएकोसहकारिताका विश्वव्यापी सिद्धान्त र मूल्यहरु रहेका छन् ।

## २.२. सहकारिताका विश्वव्यापी सिद्धान्त तथा मूल्यहरुः

### २.२.१ सहकारीका विश्वव्यापी सात सिद्धान्तहरुः

सहकारी निश्चित मूल्य मान्यता र सिद्धान्तमा आधारित सामाजिक उत्तरदायित्व सहितको व्यावसायिक र आर्थिक संङगठन हो ।अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सन् १९९५ मा सहकारीलाई परिभाषित गर्दै भनेको छ "व्यक्तिहरूको स्वेच्छिक सहभागिताबाट आफ्ना समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरू एवं आकांक्षाहरु परिपूर्ति गर्नका लागि सामूहिक स्वामित्व र प्रजातान्त्रिक ढंगबाट नियन्त्रित स्वायत्त संगठन नै सहकारी हो ।"सहकारिताको विश्वव्यापी सात सिद्धान्तहरु निम्न छन्।

१. **स्वैच्छिक तथा खुला सदस्यता** : सहकारी स्वैच्छिक संगठन हो । यसबाट प्राप्त हुने सेवा, सुविधाहरू उपभोग गर्न र सदस्यताको उत्तरदायित्व बहन गर्न स्वीकार गर्नेहरूका लागि सामाजिक, धार्मिक, राजनैतिक,लिङ्ग वा जातिय भेदभावविना सदस्यता खुला रहन्छ ।

२. **सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण** : सदस्यहरूद्वारा नियन्त्रित लोकतान्त्रिक संस्था नै सहकारी हो। सहकारी संस्थाका सदस्यहरू आफ्नो संस्थाका बारेमा नीति निर्धारण र निर्णय गर्न सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित महिला वा पुरुष प्रतिनिधिहरू सदस्यहरूप्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरूमा एक सदस्य एक मतको आधारमा समान मताधिकार निहित हुन्छ । साथै अन्य तहका सहकारीहरू पनि लोकतान्त्रिक आधारमै गठन गरिन्छन् ।

३.**सदस्यहरूद्वारा आर्थिक सहभागिता** : सहकारीको पूँजी उपर संस्थाका सदस्यहरूको न्यायिक अथवा समान सहभागिता र प्रजातान्त्रिक नियन्त्रण हुन्छ किनभने कम्तीमा उक्त पूँजीको केही भाग विशेष रूपले सदस्यहरूकै साझा सम्पत्ति हुन्छ । सदस्यहरूले सहकारीबाट केही बचत भए साधारणतयाः सीमित रूपमा सदस्यता वापत लाभांश प्राप्त गर्दछन् । सदस्यहरूले बचतलाई विशेष गरी सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर (यसको निश्चित अंश अविभाज्य हुन्छ) सहकारीसँग गरेको कारोबारको अंशको आधारमा सदस्यहरूलाई लाभ पुर्याउन र सदस्यहरूले निर्धारण गरेको अन्य कार्यहरूमा सहयोग गर्न विनियोजन गरेका हुन्छन् ।

४. **स्वायत्तता र स्वतन्त्रता** : सहकारी स्वायत्त, स्वावलम्बी र सदस्यहरूद्वारा नियन्त्रित संगठन हो। सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नुपरेमा उनीहरूले सदस्यहरूबाट हुने लोकतान्त्रिक नियन्त्रण र स्वायत्ततामा आँच नआउने शर्तमा गर्दछन् ।

५. **शिक्षा, तालिम र सूचना** : सहकारी संस्थाले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई शिक्षा तथा तालिम प्रदान गर्दछ यसले गर्दा उनीहरू प्रतिनिधिमा निर्वाचित भई तथा व्यवस्थापनमा नियुक्त भई सहकारी संस्थाको विकासका निमित्त प्रभावकारी योगदान पुर्याउन सक्षम हुन्छन् । उनीहरूले आम नागरिक विशेष गरी युवा पुस्ता र वैचारिक व्यक्तित्वहरूलाई सहकारीको प्रकृति तथा यसबाट समाजमा पर्ने सामाजिक तथा सांस्कृतिक एवं आर्थिक लाभबारे सुसूचित गर्न सक्षम हुन्छन् ।

६. **सहकारीबीच पारस्परिक सहयोग** : सहकारीले आफ्ना सदस्यहरूलाई प्रभावकारी तवरले सेवाहरू उपलब्ध गराउँदछन् । सहकारी आन्दोलनको सुदृढीकरणका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकारिताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् ।

७. **समुदायप्रति चासो** : सदस्यहरूद्वारा निर्धारण गरिएका नीतिहरूको आधारमा सहकारीले समुदायको दिगो विकासका लागि काम गर्दछ ।

## २.२.२ सहकारीका मूल्यहरुः

अन्तर्राष्ट्रिय सहकारी महासंघको आधिकारिक परिभाषा अनुसार "सहकारी संस्था संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणमा रहने व्यवसाय हो । यो आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरूको अभिप्राप्तिका लागि स्वेच्छाले एकतावद्ध व्यक्तिहरूको स्वायत्त संगठन हो ।"

**क. आधार मूल्यहरूः**

आधार मूल्यहरू मूलतः सहकारी संस्थाका सदस्यहरूबीचको सम्बन्ध कायम गर्ने आन्तरिक प्रकृतिका हुन्छन् । सहकारी संस्थाहरुले पालना गर्नुपर्ने छआधार मूल्यहरु निम्न छन् ।

- **आत्म-सहयोगः**

  सहकारी संस्थाका सदस्यहरूले स्वावलम्बनमा विश्वास गर्दछन् । परमुखापेक्षी सोचले सहकारी संस्थाको स्थापना गरिएको हुँदैन ।

८

• **स्व-उत्तरदायित्वः**

आफ्नै आव्हानमा जिम्मेवारी लिनु पर्दछ भन्ने विश्वास स्व–उत्तरदायित्वको मूल्य हो ।

• **लोकतन्त्रः**

सदस्यहरूको निर्णय प्रक्रियामा सक्रिय सहभागिता रहने प्रजातान्त्रिक विधि नै सङ्गठनका आर्थिक तथा सामाजिक क्रियाकलापहरूलाई सुव्यवस्थित गर्ने सर्वोत्तम विधि हो ।

• **समानताः**

सदस्यहरूबीच भेदभावरहित व्यवहार गरिनु पर्दछ । सदस्यहरूबीच समानता नभएको अवस्थामा संगठनको विकास हुन सक्दैन ।

• **न्यायः**

सहकारी संस्थाका सदस्यहरूले कसैलाई मर्का पारी फाइदा लिनुहुदैन भन्ने विश्वास गर्दछन्। न्याय भन्नाले शोषण विहिन आर्थिक सम्बन्धहरूको प्रवर्धन गर्ने मूल्य हो ।

• **ऐक्यवद्धताः**

ऐक्यवद्धता सहकारी संस्थाका सदस्यहरू बीच रहने एकता माथिको विश्वास हो । समान आंकाक्षा राख्ने सदस्यहरू एकजुट भएर प्रयास गरेको खण्डमा आफ्नो आंकाक्षा साकार पार्न सकिन्छ भन्ने विश्वास हो ।

**ख. नैतिक मूल्यहरुः**

नैतिक मूल्यहरू विशेषतः सहकारी संगठन र समाजबीचको सम्बन्धसँग गाँसिएको देखिन्छन । यसको पालनाबाट नै सहकारी संस्थाहरुले समाजमा भिजेर अलग्गै छाप छोड्न सफल वन्ने हुनाले यस क्षेत्रको विकासका लागि नैतिक मूल्यहरुको पालना पूर्वशर्त हो । सहकारी संस्थाले पालना गर्नुपर्ने चार नैतिक मूल्यहरु निम्न छन् ।

• **इमान्दारिताः**

सहकारी संस्थाहरुले गैरसदस्य कारोवार नगर्ने र समुदायलाई नछल्ने मूल्य नै इमान्दारिताको मूल्य हो । सहकारी संस्थाले स्वभावैले देशको कानून पालना गर्दछन् र तिनका क्रियाकलापहरू छर्लङ्ग हुन्छन् भन्ने मान्यता रहेको हुन्छ । इमान्दारिताले सहकारी क्षेत्रमा संलग्न व्यक्तिहरुको असल आचरण हुनुपर्ने विषयमा जोड दिन्छ ।

• **खुलापनः**

खुलापनको मूल्य वस्तुतः स्वतन्त्रताको मूल्य हो । सहकारी संस्थाहरूको सेवा उपयोग गर्नेहरूका लागि संस्थाको सदस्यता सधैं खुला रहन्छ भने सदस्यता त्याग गर्न चाहने सदस्यले पनि आफ्नो इच्छाअनुरुप संस्था छाड्न चाहेमाछाडन सक्दछन ।

• **सामाजिक उत्तरदायित्वः**

सहकारी संस्थाहरूले सामाजिक उत्तरदायित्व ग्रहण गर्दछन्। समाजको इकाईको रूपमा जुनसुकै सङ्गठनको समाजप्रति जिम्मेवारी रहन्छ । सो जिम्मेवारी पूरा नगर्ने सङ्गठन समाजग्राह्य हुँदैन।

• **अरुको हेरचाहः**

सहकारीका सदस्यहरूले सम्भव भएसम्मका उपायहरूद्वारा समाजका अन्य सदस्यहरूको समेत भलो गर्न खोज्दछन् ।

उल्लेखित सिद्धान्त तथा मूल्यहरु अनुरुप आज संसारमा सहकारीहरु सन्चालनमा रहेका छन् । अभ्यासबाट सहकारी संस्थाका क्रियाकलाममा सहभागी बन्ने, सदस्यहरूको आफ्नो भूमिका र क्षमता अनुसारको योगदान गर्ने र संस्थाका तर्फबाट उपलब्ध सेवाहरू उपयोग गरी सबै जना लाभान्वित हुने प्रक्रिया नै सैद्धान्तिक एवं व्यावहारिक अर्थमा सहकारी हो ।

सहकारी संस्था सञ्चालनका लागि संस्था स्वयंले आफ्ना सदस्यहरूद्वारा स्वीकृत नीति, नियम एवं कानुनी व्यवस्था निर्माण गरेको हुन्छ । यसरी निर्माण गरिएको नीति नियम एवं कानुनका साथै प्रथा परम्पराको अतिरिक्त सहकारी संस्थालाई विश्वव्यापी रूपमा स्थापित सिद्धान्तले पनि निर्देशित गरेको हुन्छ । संस्थाले निर्माण गरेका कानूनी संरचना पनि यिनै सिद्धान्त र मूल्यमा आधारित भएर निर्माण गरिएको हुन्छ । राज्य सञ्चालनमा संविधानमा व्यवस्था गरिएका राज्यका निर्देशक सिद्धान्तहरू सबै नीतिनिर्माणमा प्रभाव पार्ने मार्गनिर्देशक हुन भने सहकारीका ७ सिद्धान्त पनि संस्था सञ्चालनका मार्गनिर्देशक हुन् । विश्वका सबै सहकारी सङ्घ/संस्थाले उक्त ७ सिद्धान्तहरुलाई अपनत्वका साथ आत्मसात गरिरहेका छन् ।

माथि उल्लिखित सहकारीका विश्वव्यापी सर्वस्वीकार्य स्थापित सात सिद्धान्त नै सहकारीका आधारभूत सिद्धान्त हुन् । यसलाई अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (ICA) ले समेत अनुमोदन गरिसकेको छ । यी

सहकारीका सिद्धान्तलाई सबै सङ्घ/संस्थाले आफ्नो सहकारी संस्थामा व्यावव्हारिक रूपमा प्रयोगमा ल्याउनु पर्दछ ।

## २.३. विश्व सहकारिताको विकासक्रम:

समान आर्थिक एवं सामाजिकस्तर र भावना भएका न्यून आयस्तरका किसान एवम् श्रमिकहरूले आफूहरू बीचको सम्बन्ध कायम गर्ने आधार सहकारी थियो । समुदायका सदस्यहरु बिचमा साझेदारी गर्न नैतिकता र इमान्दारीताको नियममा संगठित भई सन् १८४४ मा बेलायतको रोच्डेल समूहका श्रमिकहरूले पाउरोटी सहकारी भण्डारको स्थापना गरी सहकारी आन्दोलनको सूत्रपात गरेका थिए । तत्पश्चात क्रमशः समाजवादी तथा पुँजीवादी अर्थ व्यवस्था अंगालेका अन्य देशहरूमा समेत सहकारिताको भावना भित्रिँदै भयो । सन् १८४४ बाट सहकारी आन्दोलनको शुरुवात भएको मानिन्छ सोको आठ बर्ष पछि सन् १८५२ मा मात्र बेलायतमा पहिलो सहकारी कानून वन्यो र यसै सहकारी कानूनले विश्व सहकारिताको इतिहासमा प्रथम कानूनी मान्यता समेत प्राप्त गर्यो ।

मूलत उत्पादनका साधनहरू उपर राज्यको स्वामित्व रहने समाजवादी अर्थतन्त्र अङ्गालेका मुलुकहरूमा सहकारितालाई मान्यता दिएको पाइन्छ । खासगरी विकासोन्मुख राष्ट्रहरूको आर्थिक विकासमा सहकारिताको महत्वपूर्ण स्थान हुने भनिएतापनि अमेरिका, क्यानाडा, जापान जस्ता देशहरू लगायत विकसित मुलुकहरूको अर्थतन्त्रमा समेत सहकारिताको प्रयोग भएको पाइन्छ। जसबाट सहकारी जुनसुकै अर्थतन्त्रमा पनि अट्न सक्ने आर्थिक तथा सामाजिक आन्दोलन हो भन्ने प्रष्ट हुन्छ। सन् १८४४ मा बेलायतमा श्रमिक एकतामा आधारित उपभोक्ता सहकारीको स्थापना भई सन् १८५२ मा कानूनी मान्यता प्राप्त सहकारी आन्दोलन सन् १८५४ मा जर्मनीमा बचत तथा ऋण सहकारी, सन् १८६६ मा डेनमार्कमा दुग्ध सहकारी रसन् १९१२ मा चीनमा कृषि सहकारी, सन् १९०४ मा भारतमा कृषि तथा सेवा व्यवसायमा आधारित सहकारीको विकास भएको थियो ।

माथि उल्लेख गरिए अनुसार यसको प्रयोग नेपालमा ढिकुरी, अर्मपर्म, गुठी, धर्मभकारी आदि जस्ता सामाजिक र सांस्कृतिक सहकारीहरू परापूर्वकालदेखि नै प्रचलनमा आएको भए तापनि व्यवसायिक र संगठित रूपमा वि.स. २०१० मा सहकारी विभागको गठन भए पश्चात मात्र आधुनिक नेपाली सहकारी आन्दोलनको प्रादुर्भाव भएको पाइन्छ ।

## २.४. नेपालमा सहकारिताको बिकासक्रमः

| | |
|---|---|
| बि.सं२०१० | • योजना विकासका लागि कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना। |
| बि.सं. २०११ | • बाढी पीडित जनतालाई बसोबास गराउन तत्कालिन सरकारबाट बहुमुखी विकास योजना प्रारम्भ गर्दा सहकारीताको आवश्यकता महसुस । |
| बि.सं. २०१३ | • तत्कालिन सरकारद्धारा कार्यकारिणी आदेश जारी गरी सहकारी संस्था गठन गर्ने कानूनी मान्यता प्राप्त भएको ।<br>• सर्वप्रथम चितवन जिल्लामा बखान ऋण सहकारी संस्थाको गठन। |
| बि.सं. २०१५ | • खाद्य, कृषि तथा वन मन्त्रालयको मातहतमा सहकारी विभाग राखिएको । |
| बि.सं.२०१६-२०१८ | • सहकारी संस्था ऐन, २०१६ जारी ।<br>• सहकारी संस्था नियम, २०१८ जारी ।<br>• सहकारी विकास कोषको स्थापना ।<br>• साझा संस्था लि. २०१८ को स्थापना । । |
| बि.सं.२०१९ | • सहकारी प्रशिक्षण केन्द्रको स्थापना ।<br>• सहकारी खरिद बिक्री तथा ऋण संघको स्थापना ।<br>• सहकारी बैंक ऐन , २०१९ जारी ।<br>• सहकारी विभाग पंचायत मन्त्रालयको मातहतमा सारिएको । |
| बि.सं.२०२० | • सहकारी बैंकको स्थापना ।<br>• ग्रामीण विकास ब्लक जिल्ला पंचायतमा परिणत भएपछि जिल्ला पंचायतमा सहकारी शाखा राखिएको । |
| बि.सं.२०२१ | • कृषि सहकारीको पून संरचना कार्यक्रम प्रारम्भ ।<br>• निर्देशित ऋण प्रणालीको प्रारम्भ ।<br>• सहकारीको क्षेत्रमा काम गर्ने कर्मचारी भूमिसुधार कार्यक्रममा सम्मिलित। |
| बि.सं. २०२३ | • भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको मातहतमा सहकारी विभाग राखियो। |

१२

| | |
|---|---|
| बि.सं. २०२४ | • सहकारी सम्बन्धी केन्द्रीय छानविन समिति गठन ।<br>• गाउफर्क राष्ट्रिय अभियानको सातौं बुँदामा साझा सहकारी व्यवस्था माथि जोड ।<br>• सहकारी बैंक कृषि विकास बैंकमा परिणत । |
| बि.सं. २०२५ | • सहकारी विभागबाट गरिआएको संस्थाहरुको प्रशासन र विकास सम्बन्धी काम भूमिसुधार विभागलाई सुम्पिएको। |
| बि.सं. २०२६ | • सहकारी विभागलाई भूमिसुधार मन्त्रालयको मातहतमा राखिएको ।<br>• समन्वयात्मक कृषि विकास कार्यक्रमको संचालन ।<br>• अनिवार्य बचतलाई शेयरको रुपमा हस्तान्तरण कार्यको सुरुवात।<br>• सहकारी खरीदविक्री तथा ऋण संघ जिल्ला साझा संघमा परिणत ।<br>• साझा संस्थाहरुको सम्बर्धन, प्रबर्द्धन कार्यहरु भूमिसुधार विभागबाट सहकारी विभागमा फिर्ता ।<br>• सहकारीहरुको पुनर्गठन र एकिकरण गरी गुणात्मक विकासमा जोड दिई निर्दिष्ट सहकारी कार्यक्रम लागू । |
| बि.सं. २०२७ | • सहकारी संस्था ऐन, २०१६ मा दोश्रो संशोधन गरिएको ।<br>• केन्द्रीय तथा जिल्ला सहकारी सुदृढिकरण समितिको व्यवस्था ।<br>• सहकारी संस्थाको व्यवस्थापन कृषि विकास बैंकलाई हस्तान्तरण । |
| बि.सं. २०२८ | • सहकारी संस्था नियमहरु २०१८ मा प्रथम संशोधन गरियो । |
| बि.सं. २०२९ | • नियमित रुपमा साझा संस्थाका कार्यक्रमहरु संचालन । |
| बि.सं. २०३३ | • सहकारी संस्था ऐन २०१६ मा दोश्रो संशोधन ।<br>• सहकारी संस्था नियमहरु, २०१८ मा संशोधन । |
| बि.सं. २०३४ | • साझा संस्था प्रशासन तथा आर्थिक नियम २०३४ जारी गरिएको । |
| बि.सं. २०३५ | • साझा संघ/संस्थाहरुको व्यवस्थापन कृषि विकास बैंकबाट संचालन समितिलाई पुनः हस्तान्तरण ।<br>• साझा संघ/संस्थाहरुको आर्थिक तथा प्रशासनिक नियम २०३५को व्यवस्था । |

| | |
|---|---|
| | • साझा संस्थाको संख्यात्मक वृद्धि भन्दा गुणात्मक विकासमा जोड । |
| बि.सं. २०३७ | • साना किसान संस्था गठन र संचालन प्रारम्भ ।<br>• साझा संघको आर्थिक तथा प्रशासनिक नियम २०३७ को ब्यवस्था । |
| बि.सं. २०४१ | • साझा विकास अभियानलाई प्रभावकारी बनाउने सन्दर्भमा साझा संस्था ऐन, २०४१ जारी । |
| बि.सं. २०४२ | • सहकारी विभागको नाम साझा विकास विभागमा परिणत ।<br>• सहकारी प्रशिक्षण केन्द्रको नाम साझा विकास प्रशिक्षण केन्द्रमा परिणत ।<br>• क्षेत्रिय सहकारी शाखाको नाम साझा विकास शाखामा परिणत । |
| बि.सं. २०४३ | • राष्ट्रिय साझा गोष्ठी ।<br>• साझा संस्था नियमहरु,२०४३ जारी । |
| बि.सं. २०४४ | • साझा अभियानलाई सुदृढ र प्रभावकारी बनाउन १७ सदस्यीय उच्चस्तरीय केन्द्रीय समन्वय समितिको गठन ।<br>• साझा विकास विभागलाई कृषि मन्त्रालयको मातहतमा सारिएको । |
| बि.सं. २०४५ | • अनिवार्य बचत रकम बचत कर्तालाई फिर्ता गर्ने घोषणा। |
| बि.सं. २०४६ | • साझा संस्थाका ऋणीहरुले २०४७ असारसम्म पूरै ऋण चुक्ता गर्न आएमा साँवा भन्दा बढी हुने ब्याज हर्जना श्री ५ को सरकारले मिनाहा दिने ब्यवस्था ।<br>• राष्ट्रिय साझा संगठनको लागि तदर्थ समिति गठन । |
| बि.सं. २०४७ | • साझा अभियानलाई सुदृढ र प्रभावकारी बनाई आवश्यक ठोस प्रतिवेदन पेश गर्न सात सदस्यीय राष्ट्रिय सहकारी महासंघ परामर्श समिति गठन भई सो समितिद्धारा प्रतिवेदन प्रस्तुत । |
| बि.सं. २०४८ | • सहकारी ऐन, २०४८ जारी ।<br>• साझा केन्द्रीय कार्यालय विघटन ।<br>• सहकारी आन्दोलनको नीतिगत आधार, संगठन स्वरुप, ढाँचा यसको परिचालन प्रणाली, सहकारी आन्दोलनको कार्यक्रम तयार गर्न र केन्द्रदेखि ग्रामिण |

| | |
|---|---|
| | तहसम्मको संगठन खडा गर्नका लागि आवश्यक नियम , विनियम र अन्य पूर्वाधार तयार गर्न ११ सदस्यीय राष्ट्रिय सहकारी विकास बोर्डको गठन। |
| बि.सं. २०४९ | • राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ जारी ।<br>• सहकारी नियमावली, २०४९ जारी।<br>• वि.स. २०४९ पौष मसान्त लागि जिल्ला सहकारी कार्यान्वयन समिति तथा सहकारी संघरसंस्थामा अन्तरिम संचालन समितिको गठन ।<br>• साझा विकास विभागको नाम सहकारी विभागमा परिणत ।<br>• साझा विकास प्रशिक्षण केन्द्रको नाम सहकारी प्रशिक्षण केन्द्रमा परिणत ।<br>• क्षेत्रिय साझा विकास कार्यालयको नाम क्षेत्रिय सहकारी कार्यालयमा परिणत।<br>• साझा विकास शाखाको नाम जिल्ला सहकारी कार्यालयमा परिणत । |
| बि.सं. २०५० | • राष्ट्रब्यापी रुपमा सहकारी संघ/संस्थाहरुको निर्वाचन ।<br>• राष्ट्रिय सहकारी संघको गठन ।<br>• केन्द्रीय उपभोक्ता सहकारी संघको गठन ।<br>• नेपाल बचत तथा ऋण सहकारी संघको गठन ।<br>• केन्द्रीय दुग्ध उत्पादन सहकारी संघको गठन ।<br>• एक उद्देश्यीय सहकारी संस्थाहरु जस्तै उपभोक्ता तथा बचत ऋण सहकारी संस्थाहरुको ठूलो संख्यामा मुलुकभरि गठन । |
| बि.सं. २०५४ | • राष्ट्रिय सहकारी संघलाई अन्तरराष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त। |
| बि.सं. २०५७ | • सहकारी ऐनमा पहिलो संसोधन ।<br>• कृषि मन्त्रालयमा सहकारी समेत थप गरी कृषि तथा सहकारी मन्त्रालय भएको ।<br>• सहकारी ऐन, २०४८ को प्रथम संसोधनले सहकारी बैंक स्थापना गर्न सक्ने प्रावधान राखिएको । |
| बि.सं. २०५८ | • एशिया तथा प्रशान्त क्षेत्र सहकारी मन्त्रीहरुको छैटौं सम्मेलन काठमाण्डौंमा सम्पन्न |

| | |
|---|---|
| | • राष्ट्रिय सहकारी बैक स्थापनाको लागि प्रथम राष्ट्रिय भेला । |
| बि.सं. २०६० | • राष्ट्रिय सहकारी बैकको स्थापना । |
| बि.सं. २०६८ | • सहकारी मापदण्ड २०६८ जारी । |
| बि.सं. २०६९ | • सहकारी तथा गरिबी निबारण मन्त्रालयको स्थापना ।<br>• राष्ट्रिय सहकारी निति, २०६९ जारी । |
| बि.सं. २०७० | • राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न । |
| बि.सं. २०७२ | • नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने व्यवस्था । |
| बि.सं. २०७४ | • सहकारी ऐन, २०७४ जारी ।<br>• सहकारी बिभागले सहकारी संघ,संस्थाका लागि सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी निर्देशन, २०७४ जारी । |
| बि.सं. २०७५ | • सहकारी नियमावली, २०७५ जारी । |
| वि.सं २०७४ देखि हालसम्म | • प्रादेशिक र स्थानीय तहका सहकारी ऐनहरु, नियमावलीहरु, कार्यविधिहरु, निर्देशिकाहरु, मापदन्डहरु बनेका । |

उल्लेखित विकासक्रमका आधारमा नेपालमा हाल सहकारी संस्थाहरुको संख्या ३१ हजार ३७३ वटा पुगेको छ । उक्त सहकारी संस्थाहरुमा रहेका कूल सदस्यहरुको संख्या ७३ लाख ८१ हजार २१८ जना रहेका छन भने कूल शेयर पूँजी रु ९४ अर्व १५ करोड रहेको छ । यसैगरी यस क्षेत्रमार्फत कूल बचत परिचालन रु ४ खर्व ७८ अर्व ३ करोड र कूल ऋण लगानी ४ खर्व २६ अर्व ३५ करोड भएको तथ्यांकले देखाउछ । सहकारी क्षेत्रमा महिलाहरुको संलग्नता उल्लेख्य रहेको छ भने नेतृत्व विकास र  उद्धमशीलता विकासमा पनि यस क्षेत्रको योगदान उच्च देखिन्छ । यस क्षेत्रले कूल प्रत्यक्ष रोजगारी सिर्जना ९३ हजार ७७१ जना र लाखौको संख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको अवस्था छ ।

बचत ऋण सहकारी क्षेत्रको विस्तार विश्वभर छ । अमेरिका, क्यानडा, ब्राजिल, दक्षिण अमेरिका लगायतका देशहरुमा समुदाय र पेशा विशेषमा बचत ऋणको कारोवारमा संलग्न संस्थाहरु क्रेडिट

युनियनको नामले चिनिन्छन् । उक्त देशहरुमा लामो समयको प्रयासबाट क्रेडिट युनियनहरुको स्थापना, सदस्यता, पूँजी, प्रतिवेदन, अनुगमन, सुपरिवेक्षण र नियमनको स्पष्ट कानूनी व्यवस्था सहित संस्था संचालन भइरहेका छन् ।

नेपालमा हाल सन्चालनमा रहेका सहकारी संस्थाहरुमध्ये करिव पचास प्रतिशत बचत तथा ऋण सहकारी संस्था रहेका छन् भने अधिकांश बहुउद्देश्यीय सहकारी संस्थाहरुले पनि बचत तथा ऋणकै काम गरिरहेका छन् ।खासगरी केही बचत तथा ऋण र बहुउद्देश्यीय सहकारी संस्थाहरुमा आर्थिक विचलन देखिएका कारण यस क्षेत्र समस्यामा परेको देखिन्छ ।

नेपालमा संचालनमा रहेका समुदाय केन्द्रित सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई प्रथमतः स-सानो रकम बचत गर्ने बानीको अभ्यास गराउँदै पूँजी निर्माणमा गहन योगदान गरिरहेका छन् । कतिपय संस्थाहरुका सदस्यहरुको आर्थिक क्षमतामा वृद्धि भई गरिबी निवारणमा सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको विषय तथा सहकारी मार्फत सामुदायिक विकासको अवस्थामा आएको सकारात्मक परिवर्तनले पुष्टि समेत गरेको देखिन्छ। राष्ट्रिय पूँजी निर्माणमा वचत तथा ऋण सहकारी संस्थाहरुले अहम् भूमिका खेलिरहेको विषय पनि नकार्न सकिन्न ।

सहकारी यस्तो क्षेत्र हो जसको अभ्यासले लोकतन्त्रको जग वलियो हुन्छ । सहकारी क्षेत्रमा प्रवेश गर्ने इच्छा शक्ति उच्च भएका र व्यवहारमा इमान्दारिता प्रदर्शन गर्न सक्ने जो कोही व्यक्ति यसमा आवद्ध हुन सक्छन् । सहकारी संस्थामार्फत समुदायका व्यक्तिहरुको आर्थिक र सामाजिक विकासमा टेवा पुर्याउने खालका विविध उपायहरुको खोजगरी समुदायमा स्वच्छ छवि निर्माण गर्न सक्दछन्।

सहकारी संस्थाभित्र संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरुको निर्माण र विभिन्न विषयहरुमा नियमित वैठक, छलफल सोबाट सामूहिक निर्क्योल निकाल्ने अभ्यास लगायत साधारण सभा र त्यहाँ हुने निर्वाचन आदि पनि लोकतन्त्रकै अभ्यासको एक हिस्सा हो । निरन्तरको तालिम, शिक्षा र व्यवहारिक अभ्यासले सहकारी क्षेत्रमा नेतृत्व क्षमता विकास भएको अवस्था छ। सहकारी क्षेत्रमा लामो समय सम्म सेवा गरी सामाजिक छवि निर्माण गरिसकेका व्यक्तिहरु मध्येवाटै स्थानीय तह देखि संघीय तहहरुका नीतिगत तहमा प्रतिनिधित्व समेत भइरहेको अवस्था छ। तसर्थ समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक एवं वातावरणीय रुपान्तरणका लागि तथा व्यक्तिगत व्यवहारमा सकारात्मक परिवर्तन गरी दक्ष र स्वाभिमानी मानव निर्माण लगायत लोकतन्त्रलाई मजवुत वनाउदै समृद्ध समाज निर्माणका लागि पनि सहकारिताको अपरिहार्य देखिन्छ ।

तर, पछिल्ला दिनहरुमा सहकारीका मूल्य, मान्यता र सिद्धान्त एकातिर पन्छाएर यस क्षेत्रका केही संचालकहरु, व्यवस्थापन तहमा रहेका केही कर्मचारीहरु र विगतका नियमनकारी निकायमा रहने केही पदाधिकारीहरुका कारण आज यो क्षेत्रमा समस्या जटिल बन्दै गइरहेको छ।

## २.५. सहकारी क्षेत्र सुधारका लागि यसअघि भएका प्रयासहरु:

नेपालमा सहकारी क्षेत्रको महत्पूर्ण योगदान रहेको विषय माथि उल्लिखित सन्दर्भहरुले स्पष्ट पारेको छ । वि. स. २०१३ सालमा बखान सहकारी ऋण समितिबाट शुरु भएको सहकारीको यात्रा विभिन्न उतारचढाव पार गर्दै हालको अवस्थामा आइपुगेको छ । समयक्रममा देखिएका समस्याहरुलाई समाधान गर्न नेपाल सरकारले विभिन्न कार्यदल, समिति, आयोगहरु गठन गरी प्रतिवेदनहरु लिने र उक्त प्रतिवेदनहरुलाई कार्यान्वयनमा लैजाने गरेको देखिन्छ ।सरकारद्वारा यसअघी ८ वटा भन्दा बढी समिति तथा कार्यदल गठन गरिसकेको छ । सहकारीका सन्दर्भमा गठित केहि आयोग/समिति/कार्यदलहरुका प्रतिवेदनहरुमा प्राप्त सुझावहरु निम्न बमोजिम थिए।

२.५.१ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०४७।०७।३० को निर्णयानुसार श्री राधाकृष्ण मैनालीको संयोजकत्वको ७ सदस्यीय" **राष्ट्रिय सहकारी महासंघ परामर्श समितिले पेश गरेको नेपालमा साझा कार्यक्रम सम्बन्धमा**" रहेको प्रतिवेदनमा उल्लेखित प्रमुख सुझावहरुः

- भविष्यमा साझा अभियानलाई प्रभावकारी बनाउन साझा बैंकको व्यवस्था, साना उद्योगहरुलाई साझा मार्फत् प्रश्रय, कर्मचारीको प्रशासनिक नियन्त्रण र वृत्ति विकास, व्यापार विविधीकरण, साझा शिक्षा र तालीम, कार्यगत क्षमतानुसार मात्र साझा संस्थाहरुको गठन, कृषि विकास बैंकबाट साझा मार्फत् ऋण लगानी गर्नु पर्ने आदि ।

- साझालाई प्रभावकारी बनाउने सम्बन्धमा प्राप्त सुझावहरुः

साझाको संचालन तथा व्यवस्थापन प्रजातान्त्रिक रुपले गर्नुपर्ने, कर्मचारीको सेवा सुरक्षित हुनु पर्ने र उनीहरुलाई चलन चल्तिको सुविधा उपलव्ध गराइनुपर्ने, नियमित लेखा परीक्षण हुनुपर्ने, जनमुखी एवं व्यवहारिक कार्यक्रमको तर्जुमा गर्नुपर्ने, साझा र कृषि विकास बैंकबीच समझदारी बढाउनुपर्ने, घरेलु उद्योगहरु संचालन गर्नुपर्ने, कृषि सामग्रीको आपूर्ति नियमित र सामयिक हुनुपर्ने, उपभोग्य वस्तुको विक्री वितरण गर्नुपर्ने, पूंजीको व्यवस्था गर्नुपर्ने, कृषि उपजको प्रशोधन, गुणस्तर निर्धारण र निकासी गर्नुपर्ने, भ्रष्ट कर्मचारीलाई दण्ड र कार्यकुशल र इमान्दारलाई पुरस्कारको व्यवस्था हुनुपर्ने, साझाका कर्मचारी तथा संचालकलाई शिक्षा र

तालीमको व्यवस्था गर्नुपर्ने, जनसहभागिता जुटाउने, साझाका कर्मचारीलाई प्राविधिक ज्ञान उपलव्ध गराउनुपर्ने, गैह्र कृषि संस्थाहरुलाई समेत महासंघ अन्तर्गत राख्ने, नेपाल खाद्य संस्थान, साल्ट ट्रेडिङ, नेशनल ट्रेडिङ्गलाई राष्ट्रिय महासंघमा गाभ्ने, कृषि कर्जाको व्याज दर घटाउनुपर्ने र धन जमानीको व्यवस्था खारेज गर्नुपर्ने आदि ।

• श्री ५को सरकारबाट साझालाई प्रभावकारी बनाउन सुझावदाताहरुबाट प्राप्त सुझावहरुः
राष्ट्रिय सहकारी संघको गठन, साझा बैंकको गठन, साझा मन्त्रालयको व्यवस्था, सम्बद्ध निकायका वस्तुहरुको वितरणमा साझालाई एकाधिकार, साझाको हकहित सम्बन्धी नीति निर्माण गर्न प्रस्तावित राष्ट्रिय सहकारी महासंघलाई स्वयत्तता, साझाको कारोवारसंग सम्वन्धित बस्तुको आयात गर्ने अधिकार र आवश्यक सुविधा राष्ट्रिय सहकारी महासंघलाई उपलब्ध गराउने, साझाको दरबन्दीहरुको स्तरवृद्धि गर्ने, असक्षम संस्थाको प्रशासनिक खर्च र पहाडी संस्थाहरुमा दुवानी गर्दा लाग्ने भाडा अनुदानमा उपलब्ध गराउनु पर्ने, साझा सम्बन्धी प्राप्त वैदेशिक ऋण, सहयोग साझामा सिधै उपलव्ध हुनुपर्ने, वचत रकमको यकीन गरिनु पर्ने, साझाको शेयर पूंजीको ५१% श्री ५ को सरकारबाट खरीद गर्ने व्यवस्था, साझालाई प्रोत्साहन गर्ने नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा दृढता देखाउनु पर्ने र साझाका कर्मचारी तथा कार्यकर्तालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा तालीम तथा शिक्षाको व्यवस्था गरिनुपर्ने आदि ।

• राष्ट्रिय सहकारी महासंघले निम्न लिखित कार्यहरु गर्नुपर्ने सुझाव दिएकोः
कृषि उत्पादन वृद्धिका लागि आवश्यक कार्य गर्ने, घरेलु तथा ग्रामीण उद्योग व्यवसाय संचालन गर्ने, कर्मचारीलाई आवश्यक सुविधा र सेवा सुरक्षाको ग्यारेन्टी दिने, आन्तरिक लेखा परीक्षणको व्यवस्था गर्ने, पूंजीको व्यवस्था गरी शेयरको ब्याज तोक्ने,शैक्षिक सामग्री, औषधी, खाद्यान्न आदि उपलब्ध गराउने, स्थानीय श्रोत, साधन र पूंजीको परिचालन गर्ने, संघ/संस्थाहरुलाई मार्गदर्शन दिने तथा अनुगमन गर्ने, कृषि उत्पादनको बजार व्यवस्था गर्ने, अन्तराष्ट्रिय सहकारी संघको सदस्यता प्राप्त गर्ने आदि ।

२.५.२ नेपाल सरकारको मिति २०६१।०४।१३ को निर्णयानुसार राष्ट्रिय योजना आयोगका तत्कालिन मा.सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा गठित ११ सदस्यीय **"राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सन्चालनको लागि उपयुक्त कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति"** को प्रतिवेदन मार्फत प्राप्त प्रमुख सुझावहरु:

- राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution STI) स्थापना गर्नुपर्ने,
- STI गठन नहुन्जेलसम्म राष्ट्रिय सहकारी बैंक नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्नुपर्ने र नेपाल राष्ट्र बैंकको नियमनमा रहेपछि संस्थागत निक्षेप र ऋण तथा सस्तो व्याजको वित्तीय श्रोत (अन्तरराष्ट्रिय ऋण तथा अनुदान) समेतमा पहुंच दिन सकिने,
- STI गठन नभए वा सो कार्यमा निकै समय लाग्न सक्ने भए बचत तथा ऋण सहकारी संस्थाको स्थापना, सञ्चालन, नियमन, निरीक्षण तथा नियन्त्रण (गलत कार्य गर्नबाट रोक्न) का लागि र राष्ट्रिय सहकारी बैंकलाई सुसञ्चालन गर्न र नेपाल राष्ट्र बैंकको नियमनमा राख्न सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्नुपर्ने,
- बचत ऋण तथा अन्य सहकारी संस्थाहरुको विकासका लागि "सहकारी बैंक ऐन" को तर्जुमा गरी लागू गर्नुपर्ने,
- STI गठन भएपछि नेपाल राष्ट्र बैंकले इजाजत प्रदान गरेका सहकारी संस्थाहरूको लागि छुट्टै कुनै व्यवस्था गर्नु नपर्ने तर सो नभएसम्म नेपाल राष्ट्र बैंकले यथावत् नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरिनै रहनुपर्ने,
- सहकारी संस्था नियमन तथा अनुगमन सम्बन्धी नीति निर्देशन तयार गर्न कृषि तथा सहकारी मन्त्रालय/सहकारी विभाग अन्तर्गत सरोकारवाला निकायका प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय समिति गठन गर्नुपर्ने,
- समितिका सदस्य संस्थाहरूबाट केही दक्ष व्यक्तिहरू सहकारी विभागमा काजमा खटाई त्यस्ता कर्मचारी र सहकारी विभागका कर्मचारीहरूलाई तालीमको व्यवस्था गरी केही बचत तथा ऋण सहकारी संस्थाहरूको निरीक्षण कार्य तत्कालै शुरू गर्नुपर्ने,

- सहकारी शिक्षा र तालीमलाई विस्तार गर्न हालको प्रशिक्षण केन्द्रलाई "राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठान" को रुपमा विकसित गर्ने र सो प्रतिष्ठान संचालन गर्न सहकारी तालीम परिषद् गठन गर्नु पर्ने,
- सम्बन्धित विषयगत जिल्लास्तरीय सहकारी संघ र जिल्ला सहकारी संघहरूलाई स्थानीय स्तरको स्वनियमनकारी निकायको रुपमा विकसित गर्नुपर्ने र सम्बन्धित विषय जिल्ला एवं केन्द्रीय संघ र राष्ट्रिय सहकारी संघमा अनिवार्य संबद्धता लिने/दिने व्यवस्था गर्नु पर्ने
- सहकारी संस्थाहरू तथा राष्ट्रिय सहकारी बैंक सरकारी तथा निजी क्षेत्रका संगठित निकाय (Corporate Body) नभई सहकारी निकाय (Co-operative Body) भएको र तिनको प्रमुख उद्देश्य मुनाफा आर्जन नभएकाले महानगरपालिका, उपमहानगरपालिकाहरु तथा उपमहानगरपालिका उन्मूख नगरपालिकाहरु बाहेक अन्यत्र स्थापित सहकारी संस्थाहरुलाई संस्थागत कर (Corporate Tax) नलगाउने र कर लाग्ने छेत्रहरुमा पनि सहकारी कर (Co-operative Tax) लगाई बढीमा १० प्रतिशत मात्र करको दर कायम गर्नुपर्ने,
- ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory threshold) कायम गरी सोभन्दा कम कारोवार गर्ने संस्थालाई स्तर निर्धारण सम्बन्धी स्वनियमन मापदण्ड (Self-gulatory Standard) निर्धारण गरी सोभित्रै रहन दिनुपर्ने,
- विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा सकभर सहकारी पद्धतिकै रुपमा सुदृढ हुन आवधिक रुपमा उत्प्रेरित गर्ने र सो सम्भव नभएमा नजिर नरहने गरी एक पटकका लागि कम्पनीमा रुपान्तरण हुने व्यवस्था गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाले PEARLS Rating प्रणाली र अन्य सहकारी संस्थाहरुको हकमा पनि वित्तीय अनुपातहरु ( Ratios) लागू गर्नुपर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरुले सामाजिक सुरक्षाका कार्यहरुका अतिरिक्त लघु जोखिम बहन (बीमा जस्तै) सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था हुनुपर्ने, "बीमा" शब्द प्रयोगका लागि बीमा ऐनमा संशोधन गरी समूह वा सदस्यहरु बीच भएका बीमा कारोवारहरु सो ऐनबाट बाहिर पर्ने व्यवस्था गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुका लागि आवश्यक योग्यता र संचालकहरुको लागि आचार संहिताको व्यवस्था गर्नुपर्ने,

- बचत तथा ऋण सहकारी संस्थाहरुमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने,
- बचत तथा ऋण सहकारी संस्था दर्ता सम्बन्धी निश्चित मापदण्ड १५ दिनभित्र तयार गरी ७५ वटै जिल्लामा दर्ता प्रक्रिया तत्काल शुरु गर्ने । सहकारी कार्यालयहरु नभएका जिल्लाहरुमा कृषि कार्यालय मार्फत सो दर्ता गर्ने व्यवस्था गर्ने । यसका लागि आवश्यक परे सहकारी ऐनमा समेत संशोधन गर्ने सहकारी कार्यालयहरु भएका जिल्लाहरुमा पनि दरवन्दी अनुरूप कर्मचारी व्यवस्था गर्ने।
- सहकारी कार्यालयहरु अवस्थित नभएका जिल्लाहरुमा बचत तथा ऋण सहकारी संस्था दर्ता तथा नियमन सम्बन्धी कार्य गर्न कृषि कार्यालयहरुमा थप कर्मचारीको व्यवस्था गरी तालीम प्रदान गर्ने । बचत तथा ऋण सहकारिता वारे तालीमप्राप्त कर्मचारीहरु मार्फत यी कार्यालयहरुले पनि बचत तथा ऋण कारोवार सम्बन्धी संस्थाहरु दर्ता तथा नियमन गर्नु पर्ने,
- वहुउद्देश्यीय सहकारी संस्थाको रुपमा दर्ता भएर बचत तथा ऋण सहकारीको मात्र कार्य गर्न नपाउने, सो गर्ने भए निश्चित अवधिभित्र अन्य कार्यहरु त्यागनुपर्ने,
- बचत तथा ऋण सहकारी संस्थाका शाखाहरु जुन जुन क्षेत्रमा कार्यरत छन् ती शाखाहरुलाई दुई वर्ष भित्र प्रारम्भिक संस्थाको रुपमा विकसित गर्ने । यो कार्य सहकारी विभाग र सम्बन्धित संस्थाले गर्ने,
- सहकारी बैंक ऐन वा SI। गठन नहुन्जेल नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाका शाखाहरु वारेको व्यवस्था यथाबत रहन दिने,
- बचत तथा ऋण सहकारी संस्थाको संचालक समितिको गठन विधि, संचालकको पदावधि, निर्वाचनबाट आउन सक्ने संचालकहरु, कार्यकारी संचालकहरुको संख्या/अनुपात वारे एकरुपता ल्याउने गरी नियम बनाउनुपर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरु एकीकरण हुन सक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरु सरल तुल्याउनु पर्ने,
- भ्रष्टाचार निवारण ऐनमा राष्ट्र सेवकले सहकारी संस्थाको सदस्य बन्न नपाउने व्यवस्था भएकोमा त्यसमा संशोधन गरी सदस्य बन्न पाउने व्यवस्था गर्ने,

- नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा सबै प्रकारको निक्षेप लिने र कर्जा दिने कारोबार गर्न बैंकको स्वीकृति लिनु पर्ने प्रावधानमा संशोधन गरी "समूहमा आधारित भन्ने वाक्यांश थप्नु पर्ने,
- लगातार तीन आर्थिक वर्षसम्म लेखापरिक्षण नगराउने र साधारण सभा नबसाल्ने सहकारी संघ संस्थाहरुको निर्धारित प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,
- यो प्रतिवेदन कार्यान्वयनका लागि सहकारी विज्ञहरु समावेश भएको एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सो मार्फत समयबद्ध कार्य तालिका बनाई सुझावहरु कार्यन्वयन गर्दै जाने,
- STI गठन नहुन्जेल बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्न गठित समितिले नै अनुगमनको कार्य निरन्तर गर्ने,
- विभिन्न विकास परियोजना अन्तर्गत गठित समूहहरुलाई सहकारीकरण गर्न प्रोत्साहित गर्ने र सो नहुन्जेल ती संस्थाहरु सहकारीको संस्थागत सदस्यको रुपमा दर्ता हुने व्यवस्था गर्ने,
- बचत तथा ऋण सहकारी संस्थाहरुको ऋण असूली कार्यलाई सघाउ पुर्याउन यस्ता सहकारी संस्थाहरुलाई पनि ऋण असुली ऐनको संयन्त्रमा समावेश गर्ने,
- सहकारी संस्थाहरुबाट श्री ५ को सरकारले वस्तु वा सेवा खरीद गर्दा वा सरकारको सम्पत्ति वा सेवा सहकारी संस्थालाई बिक्रि गर्दा आर्थिक कार्यविधिको प्रक्रिया (टेण्डर, कोटेशन आदि) अबलम्वन गरी राख्नु नपर्ने गरी आर्थिक प्रशासन नियमावलीमा संशोधन गर्ने आदि ।

२.५.३ नेपाल सरकारको मिति २०६१।०६।० को निर्णयानुसार सहकारी विज्ञ तुलसी प्रसाद उप्रेती र कानून विज्ञ श्री सूर्यरत्न शाक्य गरी २ सदस्यीय "**राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सन्चालनका लागि आवश्यक पर्ने कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति**" को प्रतिवेदनमा प्राप्त प्रमुख सुझावहरुः

- राष्ट्रिय सहकारी बैंक नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरीवेक्षणमा रहने व्यवस्था गर्नु पर्ने र नेपाल राष्ट्र बैंकको नियमनमा रहेपछि संस्थागत निक्षेप र ऋण तथा सस्तो व्याजको वित्तीय श्रोत (अन्तर्राष्ट्रिय ऋण तथा अनुदान) समेतमा पहुंच दिनुपर्ने।

- बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने (प्रथम तथा मुख्य विकल्प)सो नभएसम्म विभागले आफ्नो कार्य निरन्तर सञ्चालन गर्नुपर्ने।
- समितिका सदस्य संस्थाहरूबाट केही दक्ष व्यक्तिहरू सहकारी विभागमा काजमा खटाई त्यस्ता कर्मचारी र सहकारी विभागका कर्मचारीहरूलाई तालीमको व्यवस्था गरी केही वित्तीय सहकारी संस्थाहरूको निरीक्षण कार्य तत्कालै शुरू गर्नुपर्ने।
- सहकारी संस्था नियमन तथा अनुगमन सम्बन्धी नीति निर्देशन तयार गर्न कृषि तथा सहकारी मन्त्रालय/ सहकारी विभाग अन्तर्गत उच्चस्तरीय समिति गठन गर्नुपर्ने।
- STI स्थापना नभएमा राष्ट्रिय सहकारी बैंक वा राष्ट्रिय सहकारी संघ मार्फत नियमन र सुपरीवेक्षण गर्नुपर्ने।
- दुबै अवस्थामा सम्बन्धित विषयगत जिल्ला स्तरीय सहकारी संघ र जिल्ला सहकारी संघहरूलाई स्थानीय स्तरको स्वःनियमनकारी निकायको रुपमा विकसित गर्नुपर्ने।
- सहकारी शिक्षा र तालीमलाई विस्तार गर्न हालको प्रशिक्षण केन्द्रलाई "राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठान" को रुपमा विकसित गर्ने र सो प्रतिष्ठान संचालन गर्न सहकारी तालीम परिषद् गठन गर्नु पर्ने।
- सहकारी संस्था, विशेषगरी वित्तीय सहकारी संस्थाको स्थापना, सञ्चालन, नियमन, निरीक्षण तथा नियन्त्रण ( गलत कार्य गर्नबाट रोक्न) का लागि र राष्ट्रिय सहकारी बैंकलाई सुसञ्चालन गर्न नेपाल राष्ट्र बैंकको नियमनमा राख्न सहकारी ऐन २०४८ मा आवश्यक संशोधन गर्नुपर्ने।
- सहकारी क्षेत्रको विकासका लागि "सहकारी बैंक ऐन" को तर्जुमा गरी लागू गर्नुपर्ने।
- STI गठन भएपछि नेपाल राष्ट्र बैंकले ईजाजत प्रदान गरेका संस्थाहरूको लागि छुट्टै कुनै व्यवस्था गर्नु नपर्ने तर सो नभएसम्म नेपाल राष्ट्र बैंकले यथावत रुपमा नियमन, निरीक्षण तथा सुपरीवेक्षण गरिने रहनु पर्ने।
- सहकारी संस्थाहरू सरकारी तथा निजी क्षेत्रका संगठित निकाय (Corporate Body) नभई सहकारी निकाय (Co-operative Body) भएको र तिनको प्रमुख उद्देश्य मूनाफा नभएकाले संस्थागत कर (Corporate Tax) दर अनुसार कर नलगाई न्यून रुपमा सहकारी कर (Co-operative Tax) (५-१० प्रतिशत) मात्र कर दर कायम गर्नु पर्ने ।

- ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory threshold) कायम गरी सोभन्दा कम कारोवार गर्ने संस्थालाई स्तर निर्धारण सम्बन्धी स्वःनियमन मापदण्ड (Self- regulatory Standard) निर्धारण गरी सोभित्रै रहन दिनुपर्ने।
- विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा सकभर सहकारी पद्धतिकै रुपमा सुदृढ हुन आवधिक रुपमा उत्प्रेरित गर्ने र सो सम्भव नभएमा नजिर नरहने गरी एक पटकका लागि कम्पनीमा रुपान्तरण हुने व्यवस्था गर्ने।
- सहकारी संस्थाहरु सर्वप्रथम पूर्व सहकारी संस्था (Pre-Cooperative) को रुपमा दर्ता गरी निश्चित समय पछि ती संस्थाले सहकारी सिद्धान्त, वित्तीय अनुशासन र वित्तीय सवलता हुने गरौ कार्य गरेमा स्थायी दर्ता गर्ने व्यवस्था हुनु पर्ने।
- बचत तथा ऋण सहकारी संस्थाने PEARLS Rating प्रणाली र अन्य सहकारी संस्थाहरुको हकमा पनि वित्तीय अनुपातहरु (Ratios) प्रणाली लागू गर्नुपर्ने।
- बचत तथा ऋण सहकारी संस्थाहरुले लघु जोखिम बहन (बीमा जस्तै) सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था हुनु पर्ने।
- सहकारी संस्थाका सदस्यहरुका लागि आवश्यक योग्यता र संचालकहरुको लागि आचार संहिताको व्यवस्था गर्नु पर्ने।
- सहकारी संस्थाहरुमा निक्षेप तथा ऋणका लागि सीमा तोक्नुपर्ने आदि ।

२.५.४ नेपाल सरकारको मिति २०६९।०५।०५ को निर्णयानुसार अर्थ मन्त्रालयका तत्कालीन सहसचिव श्री बैकुण्ठ अर्यालको संयोजकत्वमा गठित ५ सदस्यीय "**बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको नियमन गर्ने सम्बन्धमा सुझाव दिन गठित समिति**" को प्रतिवेदनमा उल्लेखित प्रमुख सुझावहरुः

- सहरी क्षेत्रमा बचत तथा ऋण सहकारीको दर्ता हाललाई रोक्ने,
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको विवरण माग गरी अद्यावधिक गर्ने,
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने,
- ठुला सहकारीहरुको तत्काल अनुगमन तथा निरीक्षण गर्ने,
- सहकारी विभागको पुनःसंरचना तथा क्षमता अभिवृद्धि गर्ने,
- केही सहकारी संस्थाहरुको तत्काल छड्के निरीक्षण गर्ने,

- सहकारी संस्थाहरुको लेखापरीक्षण दुरुस्त गर्न लगाउने,
- बचत तथा ऋणको ब्याजदर निर्धारण गर्ने,
- विज्ञापनमा बन्देज लगाउने,
- सहकारी संस्थाको बोर्डको आकार तय गर्ने,
- अनुगमन नियमन र कारोवारको सुरक्षण सम्वन्धी नियमको तर्जुमा गर्ने,
- बचत सीमा निर्धारण गर्ने,
- प्रारम्भिक सहकारीले प्रारम्भिक सहकारीमा बचत राख्ने कामलाई तुरुन्तै नियन्त्रण गर्ने,
- कर व्यवस्थामा परिमार्जन गर्ने,
- संघहरुमा सदस्यता अनिवार्य गर्ने, आदि ।

२.५.५ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।१०।१२ को निर्णयानुसार नेपाल राष्ट्र बैंकका तत्कालिन डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीको संयोजकत्वमा गठित ८ सदस्यीय "**समस्याग्रस्त बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको छानविन समिति**" को प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरु:

- समस्याग्रस्त सहकारीहरुमा बचतकर्ता शेयरधनीहरु समेतको सहभागितामा समस्याको व्यवहारिक समाधान गर्न नेपाल सरकारबाट विशेष निर्णय गरी अधिकार सम्पन्न व्यवस्थापन समिति गठन गर्ने ।
- समस्यामा रहेका सहकारी संस्थाहरुका संचालक या पदाधिकारीहरुको कारण रोक्का रहेका सम्बन्धित सम्पतिहरु कर्जा असुली प्रयोजनका लागि फुकुवा गर्दै जाने ।
- व्यक्तिगत बचतको कुल सीमा सहकारी संस्थाको कुल पूंजीको निश्चित प्रतिशत भन्दा बढी नहुने गरी व्यवस्था मिलाउने ।
- सहकारी संस्थाहरुको पदाधिकारीहरुको रुपमा रही सदस्यहरुको बचत हिनामिना गर्ने, बेहिसाब गर्ने वा अनियमितता गर्ने पदाधिकारीहरुलाई कारवाही गर्ने।
- विद्यमान सहकारी ऐन संशोधन गरी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको हकमा न्यूनतम योग्यता र अनुभव सहितको Fit and Proper Criteria लाई प्रभावकारी बनाउने।
- बचत तथा ऋण सहकारी संस्थाहरुले पनि एकआपसमा कर्जा सूचना आदान-प्रदान गर्ने र समयमा ऋण नतिर्ने ऋणीहरुलाई कालोसूचीमा समावेश गर्न सक्ने व्यवस्था गर्ने ।

२६

- सञ्चालक, कार्यकारी प्रमुख र लेखासमितिका सदस्यहरू एकाघर परिवारबाट हुन नहुने व्यवस्था तत्काल लागू गर्ने ।
- रु.१० करोड भन्दा बढीको निक्षेप वा कर्जा रकम लगानीमा हुने बचत तथा ऋण सहकारी संस्थाहरुको हकमा निश्चित वित्तीय परिसूचकहरु निर्धारण गरी प्रत्येक त्रयमासमा सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नुपर्ने अनिवार्य व्यवस्था सहकारी विभाग मार्फत गराउने ।
- सञ्चालक समितिका कुनै पनि व्यक्ति कार्यकारी पदमा रहन नपाउने व्यवस्था गर्ने।
- सहकारीका सञ्चालक, कर्मचारी र निजका नातागोता अथवा अन्य व्यक्ति, संस्थाहरुमा गरेको लगानी/अथवा लुकाए छिपाएको भएमा सोबाट समेत असुल उपर गर्ने ।
- सहकारीसंग सम्बन्धित अपराध/कसुर सम्बन्धमा अनुसन्धान गर्ने निकायहरुले प्राथमिकताका साथ कानूनी प्रकृया अगाडि बढाउनु पर्ने ।
- सबै सहकारीहरुलाई आआफ्नो विषयगत संघहरुमा अनिवार्य रुपमा माग हुनुपर्न व्यवस्था मिलाउने ।
- कार्यकारी प्रमुख र लेखा समितिका सदस्यहरु एकाघर परिवारबाट वा एकै व्यक्तिले दुई पदमा नरहने व्यवस्था तत्काल लागु गर्ने ।
- लेखा तथा लेखापरीक्षणलाई प्रभावकारी बनाउनका साथै रु ५० करोड भन्दा बढीको कारोवार गर्ने सहकारी संस्थाहरुको विशेष लेखा परीक्षण गराउने व्यवस्था गर्ने।
- समस्याग्रस्त सहकारीहरुमा विभिन्न व्यक्ति, सहकारी संस्थाका संचालक, कर्मचारीहरु र कम्पनीहरुमा लगानी गरेको, लुकाएको सम्पत्ति पत्ता लगाउनको लागि सम्बन्धित निकायलाई परिचालन गरी लुकाएको छिपाएको सम्पत्ति पत्ता लगाइ रोक्का गर्ने।
- सहकारीहरुको निरीक्षणको क्रममा औंल्याइएका कैफियतहरुलाई तत्काल सुधार गर्ने निर्देशन दिने। निर्देशन पश्चात पनि सहकारीको सुधार नगर्ने त्यस्ता सञ्चालक/कर्मचारीहरुलाई कानूनी कारवाही गर्न प्रकृया अगाडि बढाउने।
- वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको हकमा PEARLS Monitoring System अनुसार सञ्चालन गर्ने गराउने र संख्यात्मक भन्दा गुणात्मकः रुपमा सहकारी संस्थाहरुलाई विकास गर्न उत्प्रेरीत गर्दै जानु पर्ने ।
- सहकारी संस्थाहरुसंग सम्बद्ध केही प्रमुख सञ्चालक/शेयरधनीहरुले संयुक्त आवासीय भवन, वैंक तथा वित्तीय संस्थाहरुमा धितो राखी कर्जा लिएको र त्यस्तो आवासीय भवन फ्ल्याट

२७

विभिन्न व्यक्तिहरुलाई बिक्री गर्नेगरी अग्रिम रकम समेत असुल गरेको र यसरी अग्रिम रुपमा रकम असुल गरिएको बारेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु अनभिज्ञ रहेको अवस्था देखिन्छ । बैंकमा धितो रहेको त्यस्तो आवासीय भवनका फ्ल्याटहरु खरिदगर्न अग्रिम रकम बुझाइसकेका पीडित व्यक्तिहरुले समूह बनाई सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको ऋण रकम सम्पूर्ण चुक्ता गरी आवासीय भवन आफ्नो नाममा नामसारी गरि दिनुहुनका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकमा समेत आवश्यक पत्राचार गरेको अवस्था रहेको छ । यस सम्बन्धमा देहायबमोजिम गर्न सुझाव गरिन्छ ।

- सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको कर्जा चुक्ता गरी प्रचलित बजार मूल्यमा धितोमा रहेको त्यस्ती संयुक्त आवासीय भवन र जग्गा अग्रिम रकम बुझाउने व्यक्तिहरुको नाममा नामसारी गर्नका लागि त्यस्तो व्यक्तिहरु र सम्बन्धित बैंक मञ्जुर भएको हुनपर्ने,
- उपरोक्तानुसार गर्नको लागि धितो दिने ऋणी, व्यक्ति संस्थाहरु कम्पनी मञ्जुर भएको हुनुपर्ने,
- कर्जामा लाग्ने विलम्ब शुल्क, हर्जाना व्याज आदिमा छुट/सहुलियत दिनका लागि नेपाल बैंकर्स संघ मार्फत सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुमा अनुरोध गर्ने,
- धितोमा रहेको त्यस्तो सम्पत्तिको प्रचलित बजार मूल्य कायम गरी उक्त रकमवाट सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुहरुले आफूनो लेना असुल उपर गरी बाँकी रहन आएमा त्यस्तो रकम जुन बैंक वा वित्तीय संस्थाहरुको हितमा लागि नेपाल राष्ट्र बैंकले सम्पति रोक्का राखेको हो सोही बैंक वा वितीय संस्थाहरुको कर्जा रकम असुल उपर गर्ने प्रयोजनका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गर्नु पर्ने ।
- त्यसपछि पनि कुनै रकम बाँकी रहन आएमा सम्बन्धित सहकारी संस्थाहरुको नाममा रहने गरी आवश्यक व्यवस्था सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुले मिलाउनु पर्ने र यस्तो रकमको व्यवस्थापन तथा परिचालन सहकारी विभागको समन्वयमा सम्बन्धित सहकारी संस्थाहरुका पीडित बचतकर्ताहरुको समूहबाट पारदर्शी ढंगबाट गर्ने/गराउने।
- बचत तथा ऋण सहकारी संस्थाहरुलाई समेत सुपरिवेक्षण गर्ने गरी प्रस्ताव गरिएको लघुवित्त प्राधिकरण सम्बन्धी कानूनलाई छिटो अन्तिम रूप दिने र यस्ता बचत तथा

ऋण सहकारी संस्थाहरुलाई उक्त ऐनमा आधारित भई नियमन र सुपरिवेक्षणको व्यवस्था मिलाउने ।

- समस्याग्रस्त सहकारी संस्थाहरुमा देखिएका समस्या समाधानका लागि तत्काल नै सम्बोधन गर्नुपर्ने समेत देखिएको हुँदा उपरोक्त सुभावहरुमध्ये गर्नुपर्ने विषयहरुलाई जिम्मेवार निकाय समेत तोक्न सिफारिस सहित निम्नानुसारको विवरण प्रस्तुत गरिएको छ ।

२.५.६ नेपाल सरकारको मिति २०७०।०१।० को निर्णयानुसार श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा गठित ३ सदस्यीय "**बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७०**"को प्रतिवेदनमा प्राप्त सुझावहरुः

- पचहत्तरै जिल्लामा सहकारी कार्यालय स्थापना गर्ने ।
- नयाँ सहकारी ऐन तथा सहकारी न्यायाधिकारण अध्यादेश जारी गर्ने।
- नयाँ सहकारी ऐनमा निम्न व्यवस्था गरिनुपर्ने ।
  - सहकारी सिद्धान्त र मूल्यको नेपालको सन्दर्भमा निर्णायक व्याख्या गर्ने निकाय स्थापना हुनुपर्ने
  - यो निकायले सहकारीका मापदण्ड, नीति, निर्देशन, आदेश जारी गर्न सक्ने र सहकारी संचालन, व्यवस्थापन र व्यवहारका मापदण्ड, आदेश, नीति जारी गर्न सक्ने व्यवस्था हुनुपर्ने, नेपालका सहकारीको भावी स्वरुपको दिशा तय गर्ने अधिकार हुनुपर्ने;
  - सहकारीहरु आफ्नो कार्यसंचालन तथा व्यवस्थापनमा स्वायत्तः हुने व्यवस्था गर्नुपर्ने;
  - सरकार र सहकारी संघहरुलाई संघ/संस्था अनुगमन, नियमन र सुपरिवेक्षणको पूर्ण अधिकारको व्यवस्था हुनुपर्ने;
  - सहकारी मूल्य र सिद्धान्त विरुद्धको कसूरको व्यवस्था हुनुपर्ने;
  - सहकारी कर्जा, लगानी, सम्पत्ति, हिनामिना, दुरुपयोग, अपचलन, गवन विरुद्धको कसूर र सजायको व्यवस्था हुनुपर्ने;
  - समस्याग्रस्त सहकारी संस्थाहरुको समस्या समाधान गर्न सम्पत्ति रोक्का राखे, लिलाम गर्नसक्ने व्यवस्थापन गराउन सक्ने आदि अधिकार भएको पुनर्व्यवस्थापन आयोग गठन गर्ने व्यवस्था हुनुपर्ने संस्थाहरुलाई समय दिएर पुनः व्यवस्थापन नगरे आम

जनताको दसौं अरव रुपैयाँ नोक्सानी हुने र पछि पनि यस्तो समस्या आउने संभावना भएकाले यस्तो आयोग केही समयका लागि गठन गर्नु पर्ने ।

- सशक्त सहकारी ऐन, कसूर र सजायको न्यायिक कार्यान्वयन (Adjudication) को व्यवस्था हुनुपर्ने।
- सहकारी विभागको संरचना भित्र सशक्त अनुगमन शाखा स्थापना गर्ने ।
- विभागले दर्ता मात्र गर्ने, दर्ता गर्ने अधिकारीले अनुगमन गर्न नमिल्ने आदि तर्कहरु प्रस्तुत गर्ने गरिएको छ ।हालका दिनमा दोश्रो तहको संस्था वनाउने (Second Tier Institution) चर्चा चलेको पाइन्छ ।हाम्रो देशमा मन्त्रालय अन्तर्गतका विभागहरु, बोर्डहरु, कार्यालयहरुले मिलेर काम गर्न सकेका थोरै मात्र उदाहरण पाइन्छन् । आफूलाई शक्तिशाली मात्रे, आफू स्वतन्त्र रहेको भन्ने, मातहत बस्ने नचाहने समन्वय नगर्ने जस्ता धेरै कमजोरीहरु देखिएका छन् । यस्तो अवस्थामा अनुगमन गर्ने छुट्टै संयन्त्र बनाएमा मौजुदा विभाग र सहकारी कार्यालय पुःन प्रभावकारी नहुने र अनुगमन गर्ने र दर्ता गर्ने निकाय दुईधारमा विभाजित हुने देखिन्छ विभागभित्र अनुगमन शाखा स्थापना गर्ने अनुगमन गर्ने पर्याप्त, सक्षम, संयन्त्र विभागमा रजिष्ट्रार र जिल्लामा सहकारी अधिकृतको मातहत राखिने व्यवस्था गर्ने, अनुगमनको जिम्मेवारी यी अधिकारीहरुलाई गराउने,
- सहकारीहरुमा भइरहेका अराजक वित्तीय र व्यवस्थापकीय व्यवहार रोक लगाउने,
- संस्था दर्ता बन्द गर्ने,
- अनुगमन गर्ने अधिकृतहरुको दरबन्दी सृजना प्राथमिकताको काम मानेर गर्ने,
- नेपाल राष्ट्र बैंकवाट सहयोग लिने,
- पचास करोड भन्दा माथिको कारोबार गर्ने संस्थाको अनुगमन,
- घरघरमा संकलक पठाएर रकम जम्मा गर्न तुरुन्त बन्द गर्ने;
- सहकारी वचत तथा ऋण ऐन, राष्ट्रिय सहकारी बैंक ऐन, सहकारी बीमा ऐन र सहकारी कर्जा सुरक्षण नियमावली र कर्जा सूचना नियमावली निर्माण गर्ने,
- वचत संकलन गर्ने शाखाहरु तुरुन्त खारेज गर्ने,
- सहकारी कर नीति स्थापित गर्ने,
- वजेट तथा कार्यक्रममा सहकारी रणनीति,
- संकटग्रस्त सहकारी संस्थाहरुको व्यवस्थापन सरल छिटो छरितो,

- नेपाल कानूनमा जरिवाना, कैद र जरिवाना वापतको कैदको हद समयानुकूल परिमार्जन गर्नु पर्ने, आदि ।

## सरकारद्वारा गठित विभिन्न समिति/आयोग/कार्यदलहरुका प्रतिवेदन उपर संक्षिप्त समिक्षाः

सबै सुझाव प्रतिवेदनहरुले सहकारी क्षेत्रमा सुशासनका विषयलाई जोड दिएका छन् । मूलतः नियामक वा सरकार, सहकारी अभियान, सहकारीका सदस्यहरु, कारोवारमा भएको ठगी लगायतका विषयहरु नै प्रतिवेदनमा उठाइएका छन् । सहकारीको लोकतान्त्रिक नियन्त्रण वा स्वनियमन र हाम्रो परिवेशका विचमा रहेको फासलाका विषयहरु नै महत्वका साथ उठाएका छन् । सहकारी संस्थाहरुको नियमन, निरीक्षण र सुपरिवेक्षणका लागि दोस्रो तहको नियमनकारी निकायको आवश्यकताको विषय, सहकारी संस्थाका संचालकहरुको आचारसंहिता निर्माण र पालनाको बिषय, बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुमा आएको विकृति नियन्त्रणको लागि नियन्त्रणात्मक विधि अवलम्बनको विषय, नियामकको क्षमता विकासको विषय, सहकारी शिक्षामा व्यापक विस्तार गर्नुपर्ने विषय, सहकारी मूल्य मान्यता पालना र प्रणालीबाटै विकृति नियन्त्रणको विषय, संस्थाहरुको समस्याग्रस्तता पश्चात छानविन जाँचबुझको विषय नै उठाएका छन् । तथापि समय समयमा यी समस्याहरु दोहोरिरहेको अवस्था छ । संघीयता पश्चात तीनै तहमा सहकारी क्षेत्र हेर्ने जिम्मा रहेको र सम्बन्धित नियमन निकायहरु बीचको आपसी समन्वयको कमीको कारण समस्या थप गहिरिएको छ । यसलाई नीतिगत, कार्यविधिगत र कार्यव्यवहारगत रुपमा सम्बोधन गरेर अघि बढ्नु जरुरी भएको छ ।

## २.६. संविधान तथा ऐन कानूनहरुमा सहकारी

### २.६.१ नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा ५० उपधारा (३) मा ''सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न तथा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील वनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ " भनी उल्लेख गरिएको छ । यसैगरी ''सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" राज्यको नीति रहेको विषय संविधानमै लेखिएको छ

नेपालको संविधानको भाग २० मा संघ, प्रदेश र स्थानीय तह बिच अन्तर सम्बन्ध अन्तर्गत तीन तहका सरकारहरू बिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने उल्लेख गरिएको छ ।यसै अनुरुप नेपालको संघीयता आफैमा सहकारी संघीयता हो भनी विष्लेषण पनि भएको छ । संविधानको अनुसूचीहरूमा संघको अधिकार सूची अन्तर्गत "सहकारी नियमन"(क्र.स.२८), प्रदेशको अधिकार सूची अन्तर्गत "सहकारी संस्था" (क्र.स.२), संघ र प्रदेशको साझा अधिकार सूचिमा "सहकारी" (क्र.स.७), स्थानीय तहको एकल अधिकार सूचीमा"सहकारी संस्था" (क्र.स.२), र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा "सहकारी" (क्र.स.१), मा राखिएको छ ।यसरी तीनै तहका सरकारको कार्यक्षेत्रभित्र सहकारिताको विषय समेटिएको अवस्था छ।

### २.६.२ सहकारी ऐन, २०७४

सहकारी ऐन, २०७४ ले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगड, श्रमिक, न्यून आय समूह एवं सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताको आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन, नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर, दीगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न ऐन ल्याइएको विषय प्रस्तावनामा उल्लेख गरिएको छ । सो अनुरुपका विभिन्न प्रावधानहरु ऐन तथा नियमाबली, कार्यविधि, निर्देशिका, मापदण्डहरुमा व्यवस्था गरेर कार्यान्वयनलाई सरल र सहज बनाउने कार्य भैरहेको छ ।

### २.६.३ स्थानीय सरकार सन्चालन ऐन, २०७४:

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाँउपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारहरुका बारेमा उल्लेख गरिएको छ । जस अनुसार सहकारी क्षेत्र सम्बन्धी देहाय अनुरुपका कार्यहरु सम्बन्धित पालिकाले गर्नसक्ने उल्लेख गरिएको छ ।

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यन्वयन र नियमन,

- सम्बन्धित गाँउपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सन्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
- सहकारी वचत तथा ऋण परिचालन सम्वन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्बन्धि राष्ट्रिय, केन्द्रिय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

संघीय ढाँचा अन्तर्गत प्रदेश र स्थानीय सरकारहरुलाई आ-आफना क्षेत्राधिकार भित्र रहने गरी सहकारी सम्वन्धी नीति तथा ऐन, नियमहरु जारी गर्ने तथा सहकारीको विकास र प्रवर्द्धन गर्ने स्वायत्तता समेत प्रदान गरेको छ । एउटा स्थानीय तहभित्र मात्र कार्यक्षेत्र भएको सहकारी संस्थाहरु सम्बन्धित स्थानीय तह र एक भन्दा वढी स्थानीय तहहरुमा कार्यक्षेत्र भएका तर एक प्रदेशभित्र मात्र कार्यक्षेत्र रहेको सहकारी संस्थाहरु प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहने व्यवस्था गरिएको छ । त्यसैगरी एक प्रदेश भन्दा बढी कार्यक्षेत्र भएको सहकारी संघसंस्थाहरु संघीय सरकारको नियमन क्षेत्राधिकारमा रहने गरी कार्यक्षेत्र तथा जिम्मेवारी किटान गरिएको छ ।

यसरी तीनवटै तहका सरकारले कार्यक्षेत्रका आधारमा सहकारीहरुलाई नियमन गर्ने अधिकार प्राप्त गरेका छन् । संविधान र प्रचलित सहकारी ऐन, कानूनको भावना अनुरुप नियमनको अधिकारलाई आत्मसात गरी सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र नियमनको जिम्मेवारी तीनवटै तहका सरकारले वहन गर्दै आइरहेको अवस्था छ ।

## २.६.४ सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५:

सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन तथा विभागबाट सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन(तेस्रो संशोधन) २०७४ का व्यवस्थाहरुको पालनाको अवस्थाको नियमनकारी निकायबाट हुने अनुगमन तथा सुपरिवेक्षणका आधार, प्रक्रिया र प्रतिवेदन विधि स्थापित गर्न सहकारी ऐन २०७४ को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कार्यविधि बनाएको छ ।

सहकारी संघ/संस्थाहरुले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा आन्तरिक नीति तथा कार्यविधिहरु बनाउने, सीमा कारोबार तथा शंकास्पद कारोबारको प्रतिवेदन, सदस्य पहिचान तथा सम्पुष्टि फारम भर्ने र उच्च पदस्थ र वास्तविक धनी पहिचान गर्ने, कार्यान्वयन अधिकारी तोक्ने विषय तथा सोको जानकारी नेपाल राष्ट्र बैंकको वित्तिय अनुसन्धान ईकाइमा goAMLप्राणाली मार्फत प्रतिवेदन गर्नुपर्ने उक्त कार्यविधिमा उल्लेख छ।

### २.६.५ बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७:

वित्तीय अनुशासनका सर्वमान्य मानदण्ड अनुरूप सहकारी संस्थाहरूको प्रणालीगत सुपरिवेक्षण एवं जोखिम अवस्थाको विश्लेषणका साथै नियमित स्थलगत निरीक्षण, अनुगमन र हिसाब जाँच तथा त्यस सिलसिलामा सम्बद्ध नियामक निकायहरूबीच आवश्यक सहकार्यका आधार र प्रक्रियाहरू निर्धारण गर्न वाञ्छनीय भएकाले सहकारी ऐन, २०७४ को दफा १५१ को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ बनाएको छ । यस निर्देशिकामा ८ परिच्छेद भित्र ८१ दफाहरुमा विस्तृतिकरण गरेको छ भने अनुगमन नियमनलाई सहज बनाउन विभिन्न अनुसूचीहरुको व्यवस्था गरि कार्यान्वयनमा ल्याईएको अवस्था छ ।

### २.६.६ चालु बार्षिक बजेट (आर्थिक बर्ष २०८०/०८१):

आर्थिक वर्ष २०८०/०८१ को बजेटमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्नेतर्फ जोड दिइने उल्लेख गरिएको छ । यसैगरी सार्वजनिक स्रोतको समुचित परिचालन गर्ने, उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गर्ने विषय उठाइएको छ ।

अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने, बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने बार्षिक बजेटका उद्देश्यहरु निर्धारण गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेटको बुँदा नं १३२ र १३३ मा बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने सरकारले घोषणा गरेको छ। यसैगरी, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन विशिष्टीकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याइने बजेटमा व्यवस्था गरिएको छ।

यसबाट सहकारी क्षेत्रमा पारदर्शिता बढ्ने र सुशासन कायम हुन सहयोग पुग्ने विश्वास गरिएको छ । सहकारी क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने, घरेलु तथा साना उद्योग सञ्चालन गर्ने सहकारी संस्थालाई उत्पादन, भण्डारण र बजारीकरणमा सहयोग उपलब्ध गराइने विषय बजेटमा उदघोष गरिएको छ ।

समग्रमा धनी र गरिब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता बोध गरी बजेटका उद्देश्य तथा प्राथमिकता निर्धारण गरिएका छन् । यसबाट बहुआयामिक गरिबी न्यूनीकरणमा रहेको सहकारी क्षेत्रको भूमिकालाई थप सशक्त पार्नुपर्ने आवश्यकता बजेटले उजागर गरेको देखिन्छ ।

# परिच्छेद-३

## अध्ययन विधि एंव तथ्याङ्क विश्लेषण

### ३.१. अध्ययन विधिः

अनुसन्धानमा प्राप्त तथ्यहरुको समस्या पहिचान र समाधानका उपाय पत्ता लगाउन गरिने अध्ययन वैधानिकतामा उक्त अध्ययन कार्यमा उपयोग गरेको अध्ययन विधिको अति महत्वपूर्ण भूमिका रहन्छ । वैज्ञानिक र वस्तुपरक अध्ययन विधिबाट समस्याको गहिराईमा पुगी त्यसको सघनता पहिचानमा सहजता प्राप्त गर्न सकिन्छ। समस्याका कारणहरु पहिचान गरी त्यससँग सम्बन्धित आन्तरिक एवं वाह्य तत्वहरुको विश्लेषणले समाधानका उपाय पहिल्याउन मद्दत पुरदछ। सुचना प्राप्त गर्नका लागि अपनाईएको विधि, सुचनाको स्रोतको अवस्था र वैधता तथा सुचनाको वस्तुपरकताले अध्ययनको निश्कर्षलाई प्रभावित गर्दछ। यसर्थ सामाजिक अध्ययनमा समस्याको केन्दमा पुग्न, त्यसको विश्लेषण गर्न र समस्याका कारणहरुको पहिचान गर्न वैज्ञानिक तथा स्थापित अनुसन्धान पद्दती अवलम्वन गर्नु जरुरी हुन्छ। प्राकृतिक विज्ञानमा जस्तो सम्बन्ध स्थापित गर्न तथ्यहरुको सोझो सम्बन्धको अध्ययन र अवलोकन मात्र सामाजिक अध्ययनमा पर्याप्त हुदैन। सम्बन्धहरुको अप्रत्यक्ष वा घुमाउरो विश्लेषण सामाजिक समस्याको अध्ययन गर्न उपयोग गर्नुपर्ने हुन्छ।

कार्यदलको मुख्य जिम्मेवारी सहकारी क्षेत्रमा वर्तमानमा देखिएका समस्याहरुको पहिचान गरी ती समस्या सिर्जना हुनुका पछाडिका कारणहरु पत्ता लगाउनु र तिनीहरुको समाधानका लागि सरकारको तर्फबाट गर्नुपर्ने सुधार वा ठोस निर्णयबारे सुझाव प्रस्ताव गर्नु हो। यससँगै सहकारी क्षेत्रलाई दीर्घकालमा संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको एक सशक्त खम्बाको रुपमा स्थापित गर्नको लागि आवश्यक नीतिगत, कानुनी, संस्थागत, संरचनागत एवं व्यवहारगत सुझाव सहितको विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्नु अर्को महत्वपूर्ण जिम्मेवारी कार्यदललाई प्राप्त भएको थियो।यसका लागि कार्यदलले समग्र सहकारी क्षेत्रको समस्या पहिचान गरी नेपाल सरकारलाई नीतिगत तथा कार्यव्यवहारगत सुझाव प्रदान गर्नका लागि सरोकारवालाहरुसँगको संवाद र छलफलबाट प्रतिवेदनलाई पूर्णता दिएको छ । अन्तिम प्रतिवेदन तयारीका लागि कार्यदलले सहकारी अभियान समेतको संलग्नतामा सुझावहरु संकलन गरेको थियो । सरोकारवालाहरुसँगको प्रत्यक्ष भेटघाट, अन्तरक्रिया एवं वृहत छलफल र अभौतिक रुपमा

सूचना प्रविधि (जुम मिटिङ)कार्यशालाको समेत आयोजना गरेको थियो । उपत्यका बाहिरबाट समेत कार्यशालामार्फत राय, सुझावहरु संकलन गरिएको थियो। उक्त कार्यशालाहरुबाट संकलित सुझाव तथा सहभागीहरुको विचारहरुलाई समेटेर कार्यदलले विस्तृत प्रतिवेदन तयार गरेको छ । कार्यदलले मूलतः पूर्व साहित्य अध्ययन विधि, सामूहिक छलफल विधि, प्रश्नावली विधि लगायतका विधिहरुको प्रयोग गरेको थियो जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ३.२. पूर्व साहित्य अध्ययनः

प्रतिवेदन तयारीका क्रममा सहकारीका अन्तराष्ट्रिय सिद्धान्त तथा मुल्यहरुको संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ।यस क्रममा विश्वमा सहकारीको अवधारणाको विकासलाई सिंहावलोकन गरिएको छ।सहकारीका स्थापित सिद्धान्त, मूल्य-मान्यताहरुको अध्ययन गर्दै नेपालको सहकारी अभियानमा यी वैश्विक सिद्धान्त तथा मूल्यहरुको आन्तरिकीकरणको अभ्यासलाई नियाल्ने प्रयास गरिएको छ। सहकारी अभियानबाट समृद्धि हासिल गरेका देशहरुको सहकारी अभियानको अध्ययन र सहकारी आन्दोलनका क्रममा ती देशहरुले गरेका अनुभवहरुको समेत अध्ययन छ।नेपालको परम्परागत सहकारितात्मक संस्कृतिको संक्षिप्त विश्लेषणसँगै आधुनिक सहकारी अभियान रति परम्परा र प्रथाको सामिप्यता पहिचान गर्न कोशिष गरिएको छ।नेपालको सहकारी अभियानलाई मजवुत पार्नका लागि धेरै अध्ययन विश्लेषण भएको पाईएन। नेपाली भाषा र परिवेशमा सिर्जना गरिएका साहित्यहरुको उपलब्धतामा पनि सिमितता पाईयो। अध्ययनको क्रममा सहकारी क्षेत्रको विकासमा योगदान पुर्‍याएका अग्रज व्यक्तित्व तथा राजनीतिक दलका सहकारी क्षेत्रको नेतृत्वसँग समेत अन्तरक्रिया गरिएको थियो।

यस अध्ययनलाई सार्थक तुल्याउन सामाजिक अध्ययनका विभिन्न विधिहरु अपनाइएको छ ।जस अन्तर्गत;

क. सम्बन्धित निकायहरुबाट सूचना तथा तथ्यांकहरुको संकलन गरी विश्लेषण गरिएको छ ।

ख. सम्बन्धित निकायहरुका जिम्मेबार पदाधिकारीहरुसँग छलफल तथा अन्तरकृया गरी विद्यमान कठिनाई वा समस्याहरुका बारेमा छलफल गरिएको ।

ग. वित्तीय सहकारी सम्बन्धी विभिन्न सामग्री तथा दस्तावेजहरु संकलन गरी अध्ययन र विश्लेषण गरिएको ।

घ. कार्यदललाई प्राप्त कार्यशर्तसँग सम्बन्धित तथ्यांकहरु संकलन एवं ती तथ्याङ्कहरुको विश्लेषणात्मक प्रस्तुतिका लागि सामूहिक मस्तिष्क मन्थन र वस्तुगत प्रश्नावली विधि मार्फत सुझावहरु संकलन गरिएको थियो ।

## ३.३. सामूहिक छलफल विधिः

कार्यदलले सुझाव संकलनको उद्देश्य अनुरुप वागमती प्रदेशको काठमाण्डौ, मधेश प्रदेशको वर्दिवास र लुम्बिनी प्रदेशको नेपालगञ्जमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। ती कार्यक्रमहरुमा बढीभन्दा बढी सरोकारवालाहरुको उपस्थिति र सहभागिताका लागि काठमाण्डौमा उपत्यकाका तीन जिल्लाका अतिरिक्त काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा र धादिङका सहकारीहरुका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकहरुलाई सहभागी गराइएको थियो। महोत्तरीको वर्दिवासमा कोशी प्रदेशका झापा, मोरङ, सुनसरी र मधेश प्रदेशका सवै जिल्ला तथा वागमती प्रदेशको चितवन जिल्लाका सहभागीहरुलाई समेटिएको थियो। त्यसैगरी नेपालगञ्जमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा कर्णाली प्रदेशको सुर्खेत, सुदुरपश्चिम प्रदेशको कञ्चनपुर तथा कैलाली र लुम्विनी प्रदेशका तराई क्षेत्रका जिल्लाहरुका सहभागीहरुको वाहुल्यता रहेको थियो। कार्यशालामा सहभागीहरुलाई दशवटा समूहमा विभाजन गरी प्रत्येक समूहका लागि छुट्टाछुट्टै विषयमा छलफल गराई समाधानको उपाय समेत प्रस्तुतीकरण गर्न लगाईएको थियो।यो समूह छलफल कार्यक्रममा तिनै स्थानको गरी कूल जम्मा १७९४ व्यक्तिहरु सहभागी भएका थिए। समूहका लागि छलफलको विषय तयार गर्न कार्यदललाई प्राप्त कार्यशर्त बमोजिमका विषय समेटिने गरी दश वटा अलग अलग विषय तय गरिएको थियो। समूह छलफलका लागि तयार गरिएको विषय अनुसुची ४ मा राखिएको छ।उक्त कार्यशालाबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई कार्यदलले आफ्नो प्रतिवेदन तयार पार्नको लागि एक महत्वपूर्ण सूचना सामाग्रीको रुपमा लिएको छ।सुझाव तथा प्रतिकृयाहरुको विस्तृत विवरण अनुसूचीहरुमा राखिएको छ । कार्यदललाई प्राप्त सुझावको साराशं निम्नानुसार रहेका छन् ।

**कार्यशर्त १. सहकारी क्षेत्रले हाल सामना गरेको समस्या पहिचान गरी सुधारको तत्कालीन र दिर्घकालीनकार्ययोजनाका लागि प्राप्त सुझावहरुः**

**समस्याहरुः**

- सदस्य शिक्षामा कमी भएको,
- गैर उत्पादनशील क्षेत्रमा सहकारीको कर्जा लगानी केन्द्रीत भएको,
- कार्य क्षेत्रको विस्तारका कारण समस्या भएको,
- लेखा सुपरिवेक्षण समिति निष्क्रिय रहेको,
- कर्जा असुलीमा व्यवधा नरहेको,

- सहकारीको सुशासन र आन्तरिक नियन्त्रण प्रणाली ज्यादै कमजोर रहेको,
- सहकारीप्रतिको विश्वास र छविमा समेत आँचआएको कारण सहकारीसँग सदस्यहरुले कारोबार गर्न अनिच्छुक हुँदै गएको,
- संघहरु निष्क्रिय रहनाले विकास र प्रर्बद्धनका कार्यहरु हुन नसकेकाले सहकारी अभियानमा समस्या सृजना भएको,
- कानुनमा व्यवस्था भएका कर्जा सुचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत तथा कर्जा सुरक्षण कोष जस्ता निकायहरुको गठनमा ढिलाई हुँदा समस्या आएको,
- सहकारी सञ्चालनमा जिम्मेवार समिति उपसमितिहरु र व्यवस्थापनको कार्यसञ्चालन क्षमता अभिवृद्धि नहुँदा सञ्चालनमा समस्या रहेको,
- सहकारीबाट उत्पादित वस्तुहरुले बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, सहकारीका उत्पादनहरुको गुणस्तर पहिचान हुन नसक्नु, उत्पादनमा जोडिनका लागि कानुनहरु बाधक हुनु,
- सहकारीले विना धितो प्रवाह गरेका कर्जाहरुको असुलीमा समस्या हुनु,
- दोहोरो सदस्यताका कारण सदस्यसँगको कारोबार जोखिमपूर्ण हुनु ।

**समस्या समाधानार्थ सामूहिक छलफलबाट प्राप्त सुझावहरुः**

- सदस्य शिक्षाको लागि संघसंस्थाहरुले अभियान सञ्चल नगर्नु पर्ने ।छाता संघहरुले वार्षिक बजेटको व्यवस्था गरी आम रुपमा सदस्य शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने,
- नियमनलाई नियमित र प्रभावकारी बनाउनु पर्ने,
- संस्थाको समिति र उपसमितिमा रहने व्यक्तिहरुको योग्यता निर्धारण गर्नुपर्ने,
- कर्जा लगानीलाई उत्पादनशील क्षेत्रमा जोड्नका लागि कतिपय कानुनहरु बाधक रहेकाले ति कानुनहरु संसोधन गर्नुपर्ने, कार्यक्षेत्र विस्तार बन्द गर्नुपर्ने,
- संघहरुको भूमिका विकास र प्रर्बद्धनमा केन्द्रीत हुनुपर्ने, विषयगत सहकारीहरुले उद्देश्य अनुरुप मात्रै व्यावसायिक गतिविधिहरु सञ्चालन गर्नुपर्ने,
- नियामकको उपस्थिति जिल्ला जिल्लामा हुनुपर्ने,
- कर्जा असुलीको लागि सहज वातावरण बन्नुपर्ने,
- संस्था एकिकरण हुँदा सम्पत्ति हस्तान्तरणमा सहजता हुनुपर्ने,
- संस्थाहरुको अनिवार्य एकिकरण (Force Merger) गर्नुपर्ने ।

**कार्यशर्त २. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको अनुगमनका लागि दोश्रो तहको प्रभावकारी अनुगमन संयन्त्र निर्माणको खाका, सहकारी बिभागबाटै गर्न सकिने सम्भावित सुधारः**

- धेरै संख्यामा रहेका सहकारीका कारण मौजुदा नियमनकारी निकायबाट पर्याप्त मात्रामा नियमन र सुपरिवेक्षण हुन नसकेको,
- दोस्रो तहको नियामकिय निकायको गठन भएर वित्तीय कारोबारमा संलग्न सहकारीहरुको सघन अनुगमन र नियमन हुनुपर्ने र यस्तो निकाय गठनमा राष्ट्र बैंकको भूमिका स्पष्ठ हुनुपर्ने
- यस्तो निकायले केन्द्र र प्रदेशमा आफ्नो उपस्थिति जनाई नियमन गर्नुपर्ने । प्रति ५०० सहकारी एउटा नियामक कार्यालय हुनुपर्ने ।
- ७७ जिल्लामै सहकारी विभागको उपस्थिति हुनुपर्ने,
- पर्याप्त जनशक्ति र स्रोत साधन उपलब्ध हुनुपर्ने,
- अनलाईन प्रणाली लागु गरी अनुगमन हुनुपर्ने,
- रजिष्ट्रारको कार्यअवधि कम्तिमा ३ वर्षको हुनुपर्ने,
- लेखापरीक्षणको लागि सहकारी विभागले सूचीकरण गर्नुपर्ने,
- नीतिगत व्यवस्थाका आधारमा दोस्रो तहको नियामकले वित्तिय कारोबार गर्ने सहकारीहरुको सघन अनुगमन र नियमन गर्ने,
- अन्य विषयगत सहकारीहरुको नियमनको सम्पूर्ण जिम्मा विभागलाई दिनुपर्ने,
- नियामकीय दोहोरोपनाको व्यवस्था हटाउनको लागि कानुनमा यि दुईवटै निकायको छुट्टछुट्टै कार्यक्षेत्र र जिम्मेवारी स्पष्टसँग तोकिनुपर्ने।

**कार्यशर्त ३. सहकारी क्षेत्रको समग्र सन्चालन, ब्यबस्थापन र नियमन संघीय शासन प्रणाली मुताबिक हुने गरी उपयुक्त संस्थागत एबम संरचनागत ब्यबस्थासहित कार्य बिस्तृतिकरणको प्रस्तावका लागि प्राप्त सुझावहरुः**

- केन्द्रिय संघहरु र प्रारम्भिक संस्था गरी दुई तहको संरचना हुनुपर्ने,
- केन्द्रिय संघहरुको संख्या घटाई ऐनमा व्यवस्था भए अनुसारको विषयगत क्षेत्र मिल्नेगरी ५ वटामा कायम गर्नुपर्ने,
- विषयगतक्षेत्रहरुबचतऋणसहकारी, बहुउद्देश्यीय सहकारी, कृषि सहकारी, उपभोक्ता सहकारी र शिक्षा,सूचना तथा सञ्चार सहकारी भनेर ५ प्रकारका क्षेत्रहरुमा वर्गीकरण गरेर कन्द्रिय संघको पुर्नसंरचनागर्नुपर्ने,
- संघहरुले आफ्ना गतिविधिहरुलाई आफ्ना सदस्य संस्थाहरुको विकास, प्रर्बद्धन र खासगरी सरकारसँग सहज वातावरण निर्माणका लागि पहलकदमी लिनेगरी आफूलाई केन्द्रित गर्नुपर्ने।

**कार्यशर्त ४. सहकारी क्षेत्रको नीतिगत, कानुनी तथा संरचनागत व्यबस्था पुनराबलोकन सम्बन्धमा लागी प्राप्त सूझावहरुः**

- विभिन्न क्षेत्रको आधारमा सहकारीहरुको वर्गिकरण हुनुपर्ने,
- सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्नको लागि कानुनहरुमा सहजता हुनुपर्ने,
- सहकारी प्रर्बद्धन कोषको उपयोग हुनुपर्ने,
- स्थिरीकरण कोषमा वित्तीय कारोबार गर्ने सबैले सहभागिता जनाउन सक्नुपर्ने,
- सहकारी नीतिले एकिकरण, कार्यक्षेत्र विस्तार, सञ्चालकहरुको योग्यता दक्षतालाई समेत समेट्नुपर्ने,
- निजामती सेवामा सहकारीको छुट्टै समूह हुनुपर्ने,
- वित्तीय सहकारीको लागि छुट्टै ऐनको आवश्यकता रहेको,
- संघ तथा सहकारी बैंकले सञ्चालन गरेका स्तरीकरण कार्यक्रमहरुको सञ्चालन एकद्धार मार्फत हुनुपर्ने,
- संघीय,प्रादेशिक र स्थानीय ऐनमा बाझिएका कानुनहरुको पहिचान र व्यवस्थापन हुनुपर्ने,
- सहकारी शिक्षालाई अनिवार्य बनाइनु पर्ने,
- उत्पादनशील क्षेत्रमा लगानी भएमा करहरु छुट गर्नुपर्ने,
- सन्दर्भ व्याजदर स्वचालित हुनुपर्ने ।

**कार्यशर्त ५.अन्य थप सुझाबहरुः**


- सहकारीको कर्जा असुलीको लागि कानुनी सहजता हुनुपर्ने,
- उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नका लागि पर्याप्त नीतिगत व्यवस्था हुनुपर्ने,
- तरलता व्यवस्थापनमा सहजताका लागि केन्द्रिय तरलता कोष स्थापना गर्नुपर्ने,
- सहकारीमा युवा सहभागितालाई प्राथमिकता दिनुपर्ने,
- सहकारी बैंकको चेक क्लियरिङको सुविधा हुनुपर्ने,
- नयाँ सहकारी दर्ता बन्द गर्ने,
- सञ्चार माध्यमहरुले नकारात्मक प्रचारप्रसार गर्न रोक लगाउने,
- सहकारी क्षेत्रको जनशक्ति विकासका लागि पर्याप्त बजेट र योजना हुनुपर्ने,
- वार्षिक साधारण सभाको गणपुरक उपस्थिति ५१ प्रतिशत हटाई २५ प्रतिशत नै कायम गर्नुपर्ने,

- सहकारीको बचत रकम सहकारी बैंक र केन्द्रिय संघमा राख्नेगरी प्राथमिकता निर्धारण गर्नुपर्ने,
- सञ्चालक समितिको कार्यअवधि बढिमा ४ वर्षको र बढिमा २ कार्यकाल रहन सक्ने व्यवस्था हुनुपर्ने,
- मौजुदा सहकारी ऐनमा संसोधन गरी स्थिरीकरण कोषमा सहकारीहरुको योगदान कूल सम्पत्तिको अनुपातमा निश्चित रकम छुट्टयाएर वित्तीय कारोबार गर्ने सबै सहकारीहरुको अनिवार्य योगदान हुने व्यवस्था मिलाउनुपर्ने।


## ३.४. प्रश्नावली विधिः

कार्यदलका संयोजक र सदस्यहरुको सहभागितामा काठमाडौं, नेपालगञ्ज, बर्दिवास र जुम मार्फत देशभरका सहकारी संस्थाहरु र सरोकारवालाहरु गरी १७९४ जना सहकारी अभ्यासकर्ताहरुबाट सुझाव संकलन गर्ने क्रममा छोटो प्रश्नावली मार्फत सर्वेक्षण गरिएको थियो ।प्रश्नावलीमा समेटिएका प्रश्नहरुले सहकारी संस्थाहरुको वित्तीय अवस्था र आन्तरिक सुशासनको अवस्थाबारे सूचना संकलन गर्ने उद्देश्य राखिएको थियो। प्रश्नहरु निर्माण सहकारी संस्थामा कार्यरत वा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भएका उत्तरदाताहरुबाटै सूचना प्राप्त गर्नेगरी तयार गरिएको थियो। प्रश्नावली विधिमा उत्तरदाताबारे पहिले नै केही जानकारी हुनुपर्ने र प्रश्नसँग सम्वन्धित हुनुपर्ने तथ्यलाई मध्यनजर राखी प्रश्नवाली तयार गरिएको थियो। यसरी उत्तरदाता छनौट विधिबाट सूचना प्राप्त गर्दा प्रश्नका बारेमा आम सर्वसाधारणको धारणा कस्तो छ भन्ने बुझ्न कठिन हुन्छ जुन यो अध्ययनमा पनि देखिएको छ। यस विधिमा जम्मा ११७९ जना उपस्थित सहभागीहरु मध्ये ६६प्र तिशतले प्रश्नावली भरेर सहभागिता जनाएका थिए।

सहकारी क्षेत्रमा हाल देखिएको समस्याबारे उत्तरदाताको राय बुझ्न सोधिएको प्रश्नमा सर्वेक्षणमा सहभागीहरु मध्ये ५४ प्रतिशत उत्तरदाताबाट गल्ती गर्ने व्यक्तिनै अन्तिम रुपमा जिम्मेवार हुनुपर्ने प्रतिक्रिया प्राप्त भएको छ भने ३३ प्रतिशतले अहिलेको अवस्थाले त्रास लागेको वताएका छन्। ६




प्रतिशत उत्तरदाताले सहकारी क्षेत्रमा हाल देखिएको समस्यालाई खासै ठूलो समस्याको रुपमानलिएको भन्ने देखाएको छ भने ७ प्रतिशत उत्तरदातामा नैरास्यताको भाव देखिएको छ।




दोस्रो प्रश्न सहकारी संस्थाको वित्तीय सुशासनको अवस्था मापन गर्ने उद्देश्यसाथ राखिएको थियो। सहकारी संस्थाहरुमा समस्या आउनुका पछाडिती संस्थाहरुको खराव कर्जा एक महत्वपूर्ण कारण हो। लगानीमा रहेको पूँजी नियमित रुपमा असुल नहुदा वचत फिर्तामा दवाव पर्न थाल्छ। तरलताको चाप खेपिरहेको सहकारी संस्था नियमित बचत नभएको अवस्थामा यस्तो भाखा नाघेको ऋणको अनुपात तोकिएको सीमा भन्दा माथि भएमा लगानी प्रभावित हुने र सहकारी संस्थामा अभ्यासमा रहेको विना धितो कर्जा लगानी गर्ने परिपाटीले यस्तो ऋण असुलीको जोखिम झन जटिल हुदै जान्छ। प्राप्त तथ्यांक हेर्दा कूल उत्तरदाताहरुमध्ये १६ दशमलव ३३ प्रतिशत उत्तरदाताले प्रतिनिधित्व गरेको संस्थामा कुल कर्जा लगानीमा भाखा नाघेको ऋण २० प्रतिशत माथि रहेको देखियो ।कुल कर्जामा भाखा नाघेको ऋण २० प्रतिशत माथि हुनु भनेको उच्च जोखिमयुक्त अवस्था हो। सहभागी उत्तरदाताहरु मध्ये ३५ दशमलव २ प्रतिशत उत्तरदाताका संस्थाहरुमा भाखा नाघेको कर्जा ५ प्रतिशत भन्दा कम रहेको देखिएको छ। यस्ता सहकारी संस्थाहरुलाई कम वित्तीय जोखिम रहेका संस्थामा वर्गिकरण गर्न सकिन्छ। वित्तीय जोखिमको दृष्टिकोणबाट हेर्दा एक तिहाई संस्थाहरु स्वस्थ अवस्थामा र त्यतिनै संख्यामा उच्च जोखिममा रहेको देखियो। अर्कोतर्फ ५ प्रतिशत देखि १० प्रतिशत सम्म भाखा नाघेको ऋण भएको सहकारी संख्या करिव ३० प्रतिशत देखिन्छ । त्यसैगरी करिव १८ प्रतिशत उत्तरदाताले प्रतिनिधित्व गर्ने सहकारी संस्थाहरुमा भाखा नाघेको ऋणको अनुपात १० देखि २० प्रतिशत रहेको देखिन्छ। यस तथ्यांकको आधारमा हेर्दा समग्र ६५% सहकारी

संस्थामा ५ प्रतिशत भन्दा माथि भाखा नाघेको खराब कर्जा रहेको देखिन्छ । सहकारीको अनुपात ६५ प्रतिशत देखिन्छ जुन आफैमा खतराको संकेत हो ।


सहकारी संस्थाहरुको वित्तीय स्वस्थता मापन गर्ने अर्को महत्वपूर्ण औजार संस्थामा रहेको जगेडा कोषको अनुपात हो।




संस्थामा रहनुपर्ने जगेडा कोषको अनुपातलाई ३ प्रतिशत भन्दा पनि कम, ३-६%, ६-१०% र १० प्रतिशत भन्दा माथि वर्गीकरण गरी वित्तीय स्वस्थता मापन गर्न खोजिएको थियो। साधारणतया सहकारी संस्थाहरुमा ३ प्रतिशत भन्दा पनि कम जगेडा कोष भएका संस्थाहरुमा तरलताको दवाव अत्यन्त उच्च हुने र यी संस्थाहरु कुनैपनि समय समस्यामा पर्ने मानिन्छ। यस अध्ययनमा झण्डै १८ प्रतिशत संस्थामा ३ प्रतिशत भन्दा पनि कम जगेडा कोष रहेको देखिन्छ। बाँकी ६५ प्रतिशत संस्थामा जगेडा कोषको अवस्था मूल सम्पत्तिको ३% देखि १०% भित्र रहेको पाइयो । यसले संहकारी संस्थाहरु जुनसुकै समयमा तरलताको दवावमा जानसक्ने सम्भावना रहन्छ ।


उत्तरदाताहरुलाई उनीहरु कार्यरत वा संलग्न सहकारी संस्थामा रहेको तरलताको अवस्थाको बारे मा पनि प्रश्न सोधिएको थियो। तरलताका सम्बन्धमा सहकारी विभागबाट सहकारी संस्थाहरुको वित्तीय सुस्वास्थ्यको लागि न्यूनतम तरलताको अनुपात तोकिएको छ। विभागले तोकिदिएको तरलताको अनुपात भन्दा कम तरलता अनुपात कायम गरेका सहकारी संस्थाहरु कुनैपनि वेला समस्यामा पर्न सक्ने भएकोले विभागले आफ्नो अनुगमनमा यो सुचकांकलाई विशेष ध्यान दिने गरेको पनि देखिन्छ। तर यो

सर्वेक्षणमा सहभागी उत्तरदाताबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा आधाजसो सहकारी संस्थाहरुमा तरलता अनुपात विभागले तोकिदिएको सीमाभन्दा कम रहेको देखियो ।





सर्वेक्षणमा १८ प्रतिशत संस्थाहरुमा सहकारी विभागले तोकेको तरलता अनुपातको स्तरभन्दा कम तरलता रहेको देखिन्छ । १० देखि १५ प्रतिशत सम्म तरलता अनुपात कायम गरेका संस्थाहरु करिव २६ प्रतिशत रहेको सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको उत्तरबाट देखिन्छ यद्यपी ५६ प्रतिशत उत्तरदाताहरुले आफू संलग्न संस्थामा १५ प्रतिशत भन्दा बढि तरलता अनुपात कायम रहेको बताएका छन् ।मुद्राको आपुर्ति उच्च भैरहेको अहिलेको सन्दर्भमा समेत १८ प्रतिशत संस्थाहरुमा तरलता जोखिम देखिनुले अझै पनि सहकारीको तरलता व्यवस्थापनका लागि अल्पकालीन रणनीतिहरुको कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

सर्वेक्षणमा सहभागी उत्तरदाताहरुलाई सहकारी संस्थाहरुमा देखिएको समस्याको मुख्य जिम्मेवार को हो भनी सोधिएको
थियो।





सहभागीहरु मध्ये ५३.४५ प्रतिशत उत्तरदाताले यसको सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिले लिनुपर्ने धारणा व्यक्त गरेका छन् । यसैगरी २२.६१ प्रतिशत उत्तरदाता समस्या सिर्जना हुनमा सरकार जिम्मेबार रहेको मान्दछन ।यसको आधारमा विश्लेषण गर्दा सञ्चालक समितिले नै समस्याको समाधानार्थ सबैभन्दा पहिले पहल गर्नुपर्ने देखिएको छ ।

संघीयता कार्यान्वयनपछि सहकारी क्षेत्रमा पनि संघीय शासकीय संरचना अनुरुप सहकारीका प्रतिनीधिमूलक संघहरु थपिने क्रम बढेको छ। साविकमा जिल्ला र केन्द्रिय तहमा रहेको सहकारी अभियान संघीयता कार्यान्वयनसँगै प्रदेश स्तरमा पनि थपिएको छ भने स्थानीय तहमा समेत संघहरु स्थापना गर्ने प्रयास भएको पाईएको छ।





सहकारी अभियानको तहगत संरचनाको प्रश्नावलीको प्रतिक्रियामा विद्यमान संरचना ठीक छ र छैन भनेर बराबर जस्तै उत्तर प्राप्त भएको छ । यसबाट उत्तरदातामा संघीयता कार्यान्वयन पछि तहगत संरचनाको सवालमा स्पष्ट धारणा बनिनसकेको देखिन्छ ।



सहकारी संघ संस्थामा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा रही कार्य गर्नको लागि निश्चित योग्यता तोकिनुपर्ने राय ९६ प्रतिशत उत्तरदाताले प्रदान गरेका छन् । यसर्थ दुइवटै समितिको योग्यता निर्धारण हुनुपर्ने विषय सम्बन्धित ऐन कानुनमा व्यवस्था हुनुपर्ने देखिएको छ ।


वचत तथा ऋणको कारोवार गर्ने वित्तीय सहकारीहरुका लागि छुट्टै ऐनको माग सहकारी अभियानबाट लामो समयदेखि आईरहेको सन्दर्भमा सहभागीहरुलाई यसबारे आफ्नो धारणा राख्न भनिएको थियो। यसमा वहुसंख्यक उत्तरदाताले छुट्टै ऐनको आवश्यकता रहेको औंल्याएका छन।





वित्तीय कारोबारमा संलग्न सहकारीहरुको लागि छुट्टै ऐनको आवश्यकताको विषयमा राखिएको प्रश्नावलीमा ७२ प्रतिशतले आवश्यक रहेको प्रतिक्रिया दिएका छन् ।

सहकारी क्षेत्रमा प्रारम्भिक संस्थाहरुको अनुगमन विगत देखिनै वहसको विषय बन्दै आएको पाईन्छ। अभियानको तर्क छ सहकारीमा प्रारम्भिक संस्थाको अनुगमन सम्बन्धमा अन्तराष्ट्रिय अभ्यास पनि सहकारी अभियानका संघहरुबाट प्रारम्भिक संस्थाहरुको अनुगमन गरिने भएकोले नेपालमा पनि सहकारीहरुका आ-आफ्ना केन्द्रिय संघ वा जिल्ला संघ वा महासंघलाई दिनु पर्दछ। विद्यमान सहकारी नियमावलिले पनि प्रारम्भिक सहकारी संस्थाहरुको अनुगमनमा नियामक निकाय र अभियानबाट संयुक्त अनुगमन गर्न सकिने प्रावधान राखेको छ। यस परिप्रेक्षमा सहभागीहरुलाई सहकारी संघ संस्थाहरुको


प्रारम्भिक अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने जिम्मा कसलाई दिन उपयुक्त होला भनि सोधिएको थियो। यस प्रश्नमा उत्तरदाताहरुको प्रतिक्रिया निम्नानुसार रहेको देखिन्छ।




सहकारी ऐनमा भएको प्रावधान कार्यान्वयनका लागि प्रारम्भिक सहकारीहरुको अनुगमन निरीक्षण गर्ने जिम्मा जिल्लास्तरीय संघ र विषयगत केन्द्रीय संघलाई दिनुपर्ने प्रतिक्रिया सवैभन्दा धेरै उत्तरदाताको रहेको देखिन्छ। करिव ३८ प्रतिशत उत्तरदाताले जिल्ला स्तरीय संघलाई यसको जिम्मा दिनु उपयुक्त हुन्छ भनेका छन भने उस्तै उस्तै ( ३९ प्रतिशत) अनुपातमा उत्तरदाताहरु विषयगत केन्द्रिय संघको जिम्मामा दिनुपर्ने पक्षमा रहेको देखिन्छ। लगभग १६ प्रतिशतले राष्ट्रिय सहकारी महासंघलाई यो जिम्मेवारी दिनु उपयुक्त देखेका छन भने केवल ६ दशमलव ४ प्रतिशतले यस्तो जिम्मेवारी प्रदेशस्तरीय संघलाई दिनुपर्ने राय व्यक्त गरेका छन्।





सहकारीहरुको तरलता समाधानार्थ केन्द्रीय तहमा कस्तो नीति बन्नुपर्छ भन्ने सवालमा ८८ प्रतिशत उत्तरदाताले केन्द्रीय तहको तरलता कोष बन्नुपर्ने प्रतिक्रिया दिएका छन् । यसर्थ वित्तीय कारोबारमा संलग्न सहकारीहरुको लागि केन्द्रीय तरलता कोषको व्यवस्था गर्नुपर्ने देखिन्छ ।




नियमनका लागि संघिय सहकारी विभागको संरचनामा थप कस्तो सुधार हुनुपर्छ भन्ने प्रश्नमा ७२ प्रतिशत उत्तरदाताले प्रत्येक जिल्लामा संघिय विभागको मातहतको कार्यालय हुनुपर्ने प्रतिक्रिया दिएका छन् । यसको अर्थ सहकारी नियमनका सन्दर्भमा संघीयता कार्यान्वयनको क्रममा साविकका सहकारी

डिभिजन कार्यालय खारेज भएको अवस्थामा यसका पुनरविचार गर्नुपर्ने आसय देखिएको छ। सहकारी नियमनलाई प्रभावकारी बनाउनु पर्ने विषयमा दुईमत रहेन तर संघीयताको सवलिकरणका लागि स्थानीय तहमा सहकारीलाई प्राथमिकता प्रदान गरी नियमन क्षमता वृद्धि गराउनु जरुरी देखिन्छ। संघिय विभाग अन्तगतको कार्यालय हाललाई कम्तिमा ७ प्रदेशसम्म विस्तार गर्नु उपयुक्त हुने देखिन्छ ।


कार्यदललाई प्राप्त कायदिशमा वित्तीय सहकारी संस्थाको नियमनकालागि छुट्टै स्वायत्त नियमन निकाय (दोस्रो तहको नियामक संस्था) आवश्यक छ वा विद्यमान विभागको पूनर्संरचना गरी नियमन प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा सुझाव प्रस्तुत गर्नु रहेको छ। यस सम्बन्धमा विगतका आयोग तथा अध्ययन समितिले समेत दोस्रो तहको नियामक संस्था (Second Tier Institution-STI) को आवश्यकताको विषयमा सुझाव प्रस्ताव गरेको पाईएको छ। तर यस्तो नियामक निकायको संरचना तथा कार्यजिम्मेवारी कस्तो हुने ?करिव १५ हजारको हाराहारीमा रहेका वित्तीय सहकारीहरुको नियमनका लागि एउटा नियामक संस्था पर्याप्त हुन्छ वा हुदैन ? भन्ने विषयमा पर्याप्त वहस भएको पाईदैन। कार्यदलले यस सम्बन्धमा समेत सरोकारवालाहरुलाई प्रश्न सोधेको थियो ।




वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाको सुपरिवेक्षण र नियमनको लागि छुट्टै निकायको आवश्यकता रहे नरहेको प्रश्नमा ८९ प्रतिशत उत्तरदाताले छुट्टै नियमनकारी निकाय आवश्यक रहेको

प्रतिक्रिया दिएका छन् । २०७० को जाँचबुझ आयोगदेखि उठेको दोस्रो तहको नियामकीय निकायको आवश्यक्ता आजपनि रहेको स्पष्ट हुन्छ ।

नेपालको सहकारी क्षेत्रमा बचत तथा ऋण सहकारीको संख्या कूल सहकारी संस्थामा झण्डै आधा रहेको देखिन्छ। अझ बहुउद्देशीय सहकारी वा अन्य प्रकृतिका सहकारीहरुले पनि मुख्य कारोवार बचत तथा ऋणको नै गरेको पाईएको छ।सहकारी कानुनमा सहकारी संस्थाहरुको मुख्य कारोबार र सहायक कारोबारको बारेमा पनि व्यवस्था गरिएको छ।तर यो प्रावधानको प्रभावकारी कार्यान्वयन भईरहेको छैन।बहुसंख्यक सहकारी संस्थाहरुको मुख्य ध्येय बचत तथा ऋणको कारोबार गर्नेतर्फ आकर्षित हुदैगर्दा सहकारीबाट उत्तपादनमा लगानी नभएको, सदस्यहरुलाई व्यवसायी बनाउन नसकिएको र समग्रमा सहकारीको मूल ध्येय नै ओझेलमा परेको देखिन्छ।सहकारीलाई उत्पादन, बजारीकरण तथा व्यवसायमा सहयोगी बनाउने सवालमा उत्तरदाताहरुको धारण बुझ्न प्रश्न गरिएको थियो।सहभागीहरुको धारण निम्नानुसार रहेको पाईयो।




बचत ऋण सहकारीहरुले प्रत्यक्ष रुपमा उत्पादनमा जोडिन के गर्नुपर्ला भन्ने प्रश्नावलीमा ५९ प्रतिशत उत्तरदाताले जगेडाकोषको निश्चित प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने प्रतिक्रिया दिएका छन् । सहकारिताको मूल सिद्धान्त, मूल्य र मान्यता पनि समूदायको सीप र पूजी उत्पादनमा लगाउने रहेको सन्दर्भमा जगेडाकोषको रकम उत्पादनमूलक लगानीमा लैजान उपयुक्त नै हन्छ तर

सहकारीहरुले आपसमा गर्ने वित्तीय कारोबार पनि सदस्यहरुको व्यवसायका लागि आवश्यक पर्ने पूँजी जुटाउने उद्देश्यले हुनु जरुरी छ तर नेपालको सहकारी क्षेत्रमा बचत तथा ऋणको कारोबार परम्परागत बैंकिङ प्रणाली भन्दा फरक हुन नसकेको अवस्था विद्यमान देखिएको छ ।

## परिच्छेद -४

## समस्या पहिचान एवं विश्लेषण

### ४.१. सहकारी क्षेत्रका मुलभूत समस्याहरु

समग्र अर्थतन्त्रका सूचकहरुमा देखिएका नकारात्मक नतिजाका कारण अघिल्ला तीन आर्थिक वर्षहरुमा सहकारी क्षेत्रमा व्यापक संकुचन आएको थियो। कोभिड महामारी पश्चात अर्थतन्त्र पुरानै लयमा फर्कने क्रममा आन्तरिक एंव वाह्य विभिन्न परिघटनाहरुका कारण दैनिक उपभोग्य वस्तुहरुको मूल्य वृद्धिले गर्दा आर्थिक वर्ष २०७८/०७९ मा ६.३२ प्रतिशतमा रहेको मुद्रास्फिती दर आर्थिक वर्ष २०७९/०८० मा ७.७४ प्रतिशत पुगेको थियो। फलस्वरुप मानिसहरुको बचत गर्ने क्षमतामा ह्रास भई मुद्राको आपूर्तिमा कमि हुन गयो । आर्थिक वर्ष २०७९/०८० को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाले घर/जग्गा धितो राखी निश्चित प्रयोजन नखुलेका नयाँ अधिविकर्ष कर्जा (Overdraft Loan), धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा प्रवाह गर्दा कर्जा र सो को धितो सुरक्षणको बीचको अनुपात काठमाण्डौ उपत्यका भित्र बढीमा ३० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ४० प्रतिशत सम्म कायम गर्नुपर्ने व्यवस्था गरे सँगै सहकारीमा ऋणको माग अत्याधिक बढेको थियो।

मौद्रिक नीति २०७९/०८० ले बैंक तथा वित्तीय संस्थाहरुको अनिवार्य नगद अनुपात (CRR) २०७९ भाद्र देखि १ प्रतिशत थपगरी ४ प्रतिशत, वैधानिक तरलता अनुपात (SLR) लाई वृद्धि गरी २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुले १२ प्रतिशत, विकास बैंक र वित्त कम्पनीहरुले १० प्रतिशत पुर्याउनु पर्ने व्यवस्थाले समग्र बित्तिय प्रणालीमा तरलताको चाप परेको थियो। जसका कारण सहकारी संस्थाहरु र बैंक समेतले त्यसको प्रतिकूलतासँग जुध्नुपर्ने अवस्था आयो। कार्यदललाई प्राप्त कार्यदिशका आधारमा विभिन्न क्षेत्रहरुमा गरिएको अध्ययन, अनुसन्धान, राय तथा परामर्शबाट सहकारी क्षेत्रले हाल सामना गर्नुपरेको समस्याहरु निम्नानुसार उल्लेख गरिएको छ।

शहर केन्द्रित र समुदायमा आधारित नभई वचतकर्ता ग्राहकमा आधारित सहकारी संस्थाहरुमा पछिल्लो समय एकपछि अर्को समस्या देखिदै गएको छ। विशेषगरी विगत एक दशक अघि केही सहकारी संस्थाहरुले आफ्ना सदस्यहरु ( खासमा सदस्य भनिए पनि वचतकर्ता ग्राहकहरु)को वचत भनेको

समयमा फिर्ता गर्न नसक्दा वा सम्झौता बमोजिमको वित्तीय कारोवार गर्न नसक्दा सहकारीहरुमा समस्या आईपरेको आभाष भएको थियो। तत्कालिन अवस्थामा समस्यामा परेका सहकारी संस्थाहरुको अवस्थालाई विश्लेषण गर्ने हो भने ति सहकारी संस्थाहरुले सहकारीलाई पूँजी जम्मा गर्ने माध्यम मात्र बनाएको र यसरी संकलन गरिएको पूँजी आफ्ना सदस्यहरुको आयआर्जन तथा उत्पादन एवं व्यवसायिकरणमा उपयोग नगरी आफू र आफ्ना आफन्त एवं व्यवसायिक साझेदारका व्यवसाय प्रवर्धनमा प्रयोग गरेको देखिएको छ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखिएका समस्याको विश्लेषण गर्दा तीन किसिमको प्रवृत्ति देखिएको छ। पहिलो कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा पर्न गएको प्रभाव र सहकारीको बलियो संस्थागत प्रणालीको अभावका कारण आम सर्वसाधारणमा यस क्षेत्रप्रति सिर्जना भएको अविश्वास नै हो। केही सहकारीहरुमा भएको संस्थागत सुशासनको कमजोरीका कारण समस्या उत्पन्न भएपछि जुन गतिमा सहकारीहरुमा समस्या छ र यी क्षेत्रमा गरिएको बचत सुरक्षित छैन भन्ने किसिमको समाचार तथा धारणा बाहिर आए त्यसबाट आम सर्वसाधारणमा अविश्वासको वातावरण सिर्जना हुन गयो। यस्तो अवस्थामा सहकारीका सञ्चालकहरु आफ्ना सदस्यहरुसँग अझ बढी सम्पर्कमा रही विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा सदस्यहरुसँग सम्पर्क कम गर्दै जाने, सम्पर्क भएको अवस्थामा पनि सदस्यको मन जित्ने किसिमको व्यवहारको सट्टा हलुका र कतिपय अवस्थामा गैह जिम्मेवारपूर्ण व्यवहार गर्दा सदस्य तथा बचतकर्ताहरुमा झन ठूलो अविश्वासको अवस्था सिर्जना हुन पुग्यो।

संघीय शासन प्रणाली अनुरुपको सहकारी व्यवस्थापनको संवैधानिक एवं कानुनी प्रवन्धको कार्यान्वयनको संक्रमणकालीन अवस्थामै समस्यामा परेका वा पर्दै गरेका सहकारीहरुको समस्या समाधानको लागि नियामक निकायहरुको नियमनको सीमितताले जनतामा विश्वास कायम गर्ने वातावरण निर्माण गर्न नसकिएको तथ्यपनि स्वीकार्नु पर्दछ। सहकारी ऐनका केही व्यवस्था कार्यान्वयन हुन नसक्दापनि सहकारीमा समस्या थपिएको हो भन्ने वुझाई रहेको पनि देखियो। ऐन, कानूनका प्रावधान कार्यान्वयन निरन्तरको प्रक्रिया हो र यसले प्रणाली निर्माणमा भूमिका खेल्ने कुरामा दुईमत हुदैन । तर सहकारीको वर्तमान समस्या यही कारणबाट मात्र सिर्जित भने अवश्य होइन।

दोस्रो र अत्यन्त सघन प्रवृति भने सहकारीको आधारभूत मूल्य, मान्यता र सिद्धान्तका सम्बन्धमा आम सर्वसाधारणमा रहेको सहकारी शिक्षाको कमी र त्यसको गलत फाइदा उठाउने तर्फ सहकारीलाई

उपयोग गर्ने एक जमातको व्यवहार पनि हो। सहकारी भनेको समुदायमा आधारित सदस्य केन्द्रित र सदस्य नियन्त्रित, स्वःनियमनमा सञ्चालन हुने स्वायत्त संस्था हुन। यस्तो संस्थाका सदस्यहरु सबै एक आपसमा परिचित हुने र आफूहरुबाटै यसका सञ्चालक छनौट हुने भएकोले सहकारीमा समस्या नै आउदैन भन्ने मान्यता राखिन्छ। तर नेपालमा सहकारीको विकास यसरी भयो कि सहकारी सदस्यहरुको सामूहिक हितको संस्थाको विपरीत सहज रुपमा बचत परिचालन गर्ने, बिना धितो र चिनजान तथा सम्बन्धका आधारमा ऋण प्रवाह गर्न सकिने कोही व्यक्ति वा केही व्यक्तिहरुको वित्तीय कम्पनी जस्तो रुपमा बुझिन थालियो। सुदुरपश्चिमको व्यक्तिले सुदूर पूर्वमा गएर सहकारी संस्था संचालन गरेको अवस्था छ। आकर्षक ब्याज र अन्य लाभको लोभ देखाइ बजार प्रतिनीधि मार्फत बचत संकलन गरेको अवस्था विद्यमान छ। वित्तीय तथा व्यावसायिक क्षमताको वैज्ञानिक तथा वास्तविक पहिचान नगरी ठूलो परिमाणमा ऋण लगानी गरिएको छ। वित्तीय कारोबारमा अपनाउनुपर्ने न्यूनतम सावधानीका उपायहरु समेत अवलम्बन गरिएको छैन। देशव्यापी रुपमा शाखा वा सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ। अझ अगाडि सहकारीको मर्म र भावना विपरीत घरजग्गा तथा शेयर खरिद जस्ता कारोबारमा सहकारीको बचत लगानी गरिएको छ। यसले गर्दा यी क्षेत्रमा स्वाभाविक रुपमा आइरहने समस्याको दबाव थेग्न नसक्दा सहकारीहरु समस्यामा पर्दै गएको देखिन्छ।

तेस्रो मूलभूत समस्या केही सहकारी सञ्चालकहरुबाट भएका गम्भीर गल्ती, कमजोरी र लापरबाही हो। केही सहकारीका सञ्चालकहरुले सहकारी सञ्चालनमा गम्भीर लापरवाही गरिएका सहकारीहरु नै पछिल्लो समय समस्याग्रस्त बन्दै गएको देखिएको छ। पछिल्लो समयमा समस्यामा परेका कतिपय सहकारीका सञ्चालकहरुले सहकारी ऐन तथा नियमावलीका कानूनी छिद्र पहिल्याउदै त्यसैको उपयोग गर्दै आफ्ना निहीत स्वार्थ पूर्तिका लागि सहकारीको उपयोग गरेको पाइएको छ। देशव्यापी रुपमा सहकारी सञ्चालनको अनुमति लिई अत्यन्त ठूलो परिमाणमा बचत संकलन गर्ने र त्यस्तो बचत रकम आफ्नो वा आफ्ना नातेदार वा साझेदारका नाममा स्थापना गरिएका व्यबसायिक कम्पनीहरुमा लगानी गर्ने जस्तो अत्यन्त गैह्र सहकारी वित्तीय कारोवार गरेका सहकारीहरुमा विशेषगरी पछिल्लो समय समस्या देखिएको छ। अधिक तथा शीघ्र लाभको लोभमा घरजग्गामा सहकारीको बचत लगानी गर्ने र त्यस्तो सम्पतिको यथार्थ अवस्था थाहा नँहुदा वचतकर्ताहरुमा आफ्नो बचत जोखिममा परेको त्रास सिर्जना भएको छ। नियामक निकायहरुको सीमित क्षमताका कारण सहकारीहरुले आवधिक रुपमा कार्यालयमा पेश गरेका कागज र प्रतिवेदनहरुकै आधारमा अनुगमन तथा नियमन गर्नुपर्ने बाध्यता पनि विद्यमान रहेकोछ। ठूलो संख्यामा सहकारीहरु स्थापना भएका तथा नियामक निकायको क्षमता विकास

सोही रुपमा नहुदा नियमन प्रभावकारी नभएको अवस्था छ। अझ पछिल्लो समय धेरै सहकारीहरु (२३ हजार भन्दा बढी) स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्ने तर स्थानीय तहमा नियमनको लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रबन्ध प्रभावकारी बनीनसकेको कारण नियमन प्रभावकारी हुन सकेको छैन। प्रदेशको अवस्था पनि उस्तै देखिन्छ। सहकारी विभागको नियमन क्षेत्राधिकारमा परेका सहकारीको संख्या तुलनात्मक रुपमा थोरै भएपनि सहकारीको कारोबारको ठूलो आकार र विभागको संस्थागत संरचनागत संकुचनले नियमन प्रभावकारी हुन नसकिरहेको पनि देखिन्छ । सहकारी क्षेत्रको राज्यतहको यही सीमितता र संक्रमणकालको उपयोग गर्दै सहकारीलाई गलत रुपमा प्रयोग गर्नाले समस्या सिर्जना भएको हो। तर आम जनमानसमा यी कुरा सहजै र समयमै बुझाउन नसक्दा सहकारीप्रतिको विश्वासमा ह्रास आउने क्रम वृद्धि भैरहेको छ।

## ४.२. सहकारीका समस्या सिर्जनाका कारणहरुः

### ४.२.१. अर्थतन्त्रको प्रणालीगत कारणः

- कोभिड पश्चात विप्रेषण आप्रवाहको दर घटेका कारण अर्थतन्त्रमा मुद्रा आपुर्तिमा कमी आई अर्थतन्त्रसिथिल हुनु, अर्थतन्त्रमा देखिएको संकुचनका कारण सहकारी र समग्र बैंकिङ्ग प्रणालीमा समेत भाखानाघेका कर्जाहरु वृद्धि हुनु,
- सरकारको पुँजीगत खर्चमा कमी आउनु,
- भुक्तानी असन्तुलन र सोधनान्तर घाटाका कारण वित्त प्रणालीमा समस्या सृजना हुनु,
- कोभिड लगायतका कारण मुद्रास्फिती दर आर्थिक वर्ष ०७७।०७८ मा रहेको ३.६० प्रतिशतबाट बढेर आर्थिक वर्ष ०७९।८० मा ७.७४ प्रतिशतसम्म पुग्नु,
- सहकारीको भाखा नाघेको कर्जा मापनको स्थापित प्रणाली नहुनु,
- अनौपचारिक क्षेत्र मार्फत विप्रेषण रकम स्थानान्तरण हुनु,
- बन्दावन्दी (lockdown)पश्चात व्यापार व्यवसाय सञ्चालनमा आएपछि कर्जाको माग अत्याधिक बढनु,
- कोभिडका कारण गुमेको रोजगारीका अवसरहरु विस्तारै पुरानैलयमा फर्कनेक्रममा रहे पनि पर्यटन तथा यातायात व्यवसायले गतिलिन नसक्नु, आदि ।

### ४.२.२. अर्थतन्त्रको गैर प्रणालीगत कारणः

- सहकारी अभियानमा छवि र विश्वास कमजोर भएर जानु,
- वित्तीय उत्पादन र सेवाहरुको मूल्य निर्धारणमा समस्या रहनु,
- बजारीकरणमा नैतिक अभ्यासको कमी हुनु,

- प्रवाहित कर्जामा खराब कर्जाहरु अत्याधिक हुनु,
- घर जग्गा जस्ता नकमाउने स्थिर सम्पत्तिमा अत्याधिक लगानी हुनु,
- कर्जा व्यवस्थापनमा व्यवहारिकता हेरिनु,
- कतिपय संस्थाहरुमा संस्थाका संचालक समिति, लेखा सुपरिबेक्षण समिति एवं व्यवस्थापनमा रहने जिम्मेवार पदाधिकारी/व्यक्तिहरुको स्वार्थ बाझ्ने गरी कर्जा लगानीले समस्यामा पर्नु,
- सम्पत्ति तथा दायित्व व्यवस्थापनको कार्यमा प्रक्रियागत जटिलताहरु रहनु,
- गुणस्तरको आधारमा कर्जाको वर्गिकरण नहुनु,
- ऋण जोखिम कोषको पर्याप्तताामा ध्यान नदिनु,
- तरलता जोखिमको मापन नगरी वित्तीय असन्तुलन कायम गर्नु,
- सहकारीको नियमित वित्तीय स्वास्थ्य जाँच नहुनु,
- बचतको अनुपातमा तरलता कायम गर्ने पर्याप्त र ठोस योजना नहुनु,

### ४.२.३. नीतिगत कारण:

- जग्गाको वर्गीकरण र कित्ताकाटमा समस्या देखिदा घरजग्गा कारोबारमा संकुचन भएका कारण तरलता वृद्धि हुन नसक्नु ।
- कर्जा सूचना केन्द्र स्थापना नभएका कारण कर्जा असुलीको कानुनी प्रक्रिया लम्बिनु,
- ऋण असुली न्यायाधिकरणको गठनमा ढिलाई हुनु,
- नियामकीय सुपरिवेक्षणमा कमि कमजोरीहरु रहनु,
- सन्दर्भ व्याजदर स्वचालित हुन नसक्नु,
- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार काठमाडौं उपत्यकाको धितोमा तिस प्रतिशत र उपत्यका बाहिरको धितोमा चालिस प्रतिशतमा त्रैकर्जा प्रवाह गर्न सकिने हुँदा कतिपय अवस्थामा सहकारी संस्थाको कर्जामान बढ्दा तरलतामा चाप परेको,
- मुद्राको आपूर्ति कम हुँदै गएपछि बैंक तथा वित्तीय संस्थाहरुले आक्रामक रुपमा बजारीकरण गरे, व्याजदरमा छिटोछिटो परिवर्तन गरे सोको कारण सहकारी संस्थाका सदस्यहरुले सहकारी संस्थामा रहेको बचत अन्यत्र स्थानान्तरण हुने अवस्थाको सिर्जना हुनु,
- अन्तर सहकारी कारोबार समेत गरिनु,
- सदस्यबन्धनमा (Common Bond) कमी हुनु,
- सदस्यहरुलाई प्रदान गर्ने सहकारी शिक्षाका कार्यक्रमहरु प्रभावकारी नहुनु,
- वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुका लागि पूँजी निर्धारण, वचत र शेयरको अनुपात, सदस्यता लगायत वित्तीय अनुशासन, वित्तीय विश्लेषण, ऋण लगानीमा मार्ग दर्शनका विषयहरु स्पष्ट नगरी समग्र सहकारी संस्थाहरुलाई एउटै कानूनबाट निर्देशित गरिनु,

- राज्यले धान्न नसक्ने गरी सहकारी संस्था दर्तामाग गर्नु र मागलाई सुक्ष्म विश्लेषण नगरी संस्था दर्ता गरिनु,
- प्रारम्भिक सहकारी संस्थाहरुले धान्न नसक्नेगरी कार्य क्षेत्र माग गरिएको र स्वीकृति दिईएको कारण एकअर्को सहकारी संस्थाको कार्य क्षेत्र माथि अतिक्रमण हुनु,
- सहकारी संघ,संस्थाहरुका समितिका पदाधिकारीहरु को पदावधि किटान भएपनि अधिकांश नेतृत्व परिवर्तन नहुनु,
- स्थिरिकरण कोषमा स्वेच्छिक योगदानको व्यवस्था रहेको कारण सहकारी संस्थाहरु सहभागितामा उदासिन हुनु, बचत तथा ऋण सहकारी संस्थाहरुको वासलात वमोजिम कूल सम्पतिको आधारमा निश्चित प्रतिशत कोषमा योगदान तोकिनु पर्नेमा जगेडा कोष पछिको नाफाको पाँच प्रतिशत योगदान तोकिनु,संचालक समितिमा रहेको संरचनागत कमजोरीका कारण कार्यात्मक नहुनुलगायतका कमजोरीले स्थिरिकरण कोष पूर्ण कार्यान्वयनमा ल्याउन नसकिनु,
- सहकारी ऐनमा सहकारी संस्थाहरुको अनुगमनमा बहुनिकायहरुको उपस्थिति रहेको कारण जिम्मेवार सवै व्यवहारमा कोही पनि हैन जस्तो देखिनु,
- वित्तीय क्षेत्रका सहकारीहरुको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनका लागि संघ प्रदेश र स्थानीय गरी तिनवटै तहहरुमा आवश्यकता अनुरुपको संयन्त्र र प्राविधिक जनशक्ति न्यून रहनु,
- उत्पादनमा संलग्न सहकारीहरुको लागि उत्पादको बजारीकरण गरी उपभोक्ता सम्मपूर्याउनका लागि सहकारी ऐनसँग बाझेको कानूनहरु परिमार्जन हुन नसक्नु ।
- विषयगत सबै सहकारी संस्थाहरुले आफ्नो वित्तीय स्रोतमा बचत संकलनलाई नै केन्द्रीत गरेका कारण वित्तीय संरचनामा असन्तुलन भई समस्या सृजना हुनु,आदि ।

### ४.२.४. बचत तथा ऋण परिचालनमा समस्याका कारणहरु

- सहकारी संस्थाहरुले आफना सदस्यहरुलाई नियमित र अनिवार्य वचत गर्न लगाउनु पर्नेमा गैर सदस्यहरु समेतबाट ठूलो ठूलो रकमहरु खोजी गरीजम्मागर्नु तथा बचत संकलनमा संस्थाहरु विचमै अस्वस्थ प्रतिस्पर्धा गर्नु,
- सदस्यहरुलाई क्रमिक स–सानो र कम वचत गराउने अभ्यासमा ध्यान नदिनु,
- पूँजि निर्माणको नाममा अन्धाधुन्ध र कम जम्मा गर्ने होडवाजीले गर्दा दीर्घकालीन दायित्व भन्दा अल्पकालिन दायित्व बृद्धि भई संस्थाहरुमा जोखिम बढ्नु,
- पर्ल्स अनुगमन प्रणाली अनुरुप जगेडा कोषमा रकम कायम नगरी रुग्ण जगेडा कोष अर्थात कूलसम्पत्तिको आधारमा पाँच प्रतिशत भन्दाकम जगेडा कोष रहेका संस्थाहरुको संख्या करिव पचास प्रतिशत भन्दा वढीको संख्यामा रहनु,

- केही सहकारी संस्थाहरुले वित्तीय विश्लेषण विना अत्याधिक लाभको लोभमा घरजग्गा र अन्य व्यवसायमा लगानी गरेका कारण संस्थाहरुमा नकमाउने सम्पति अधिक रहनु,
- सहकारी संस्थाहरुले ऋणी सदस्यहरुसँग सदस्यहरुले सन्चालन गरेको व्यवसाय एवं ऋण रकमको सदुपयोग बारे यथेष्ट विश्लेषण नगरी विनाधितो ऋण लगानी गरेका कारण ऋण असुलीमा समस्या देखिनु,
- एकभन्दा बढी सहकारी संस्थाहरुमा सदस्य बन्नेर संस्थाबाट ऋण लिई अपचलन गरी हिड्ने ऋणीका कारण संस्थाहरुमा तरलता चाप पर्यो यसबाट संस्थाको समग्र वित्तीय स्थितिमा विचलन आएको,
- केही सहकारी संस्थाहरुले सदस्यको वचत रकम घर जग्गा लगायतका गैह्र वित्तीय क्षेत्रमा लगानी गर्दा समस्या परेको,
- सहकारी संस्था संचालन गर्ने कतिपय सरकारी संस्थाका जिम्मेवार पदाधिकारीहरुमा आफ्नो जिम्मेवारी प्रति बेवास्ता बढनु,
- राष्ट्रिय, केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीयस्तरमा समेत राजनीतिक भागवण्डाका आधारमा संचालक समिति निर्माण भई कार्य संचालन गरिनु तथा समितिमा रहने पदाधिकारीहरुको आधारभूत योग्यता निर्धारण नहुनु,
- अधिकांश संघ,संस्थाहरुको लेखा सुपरिवेक्षण समिति निष्क्रिय रही नाम मात्रको अवस्थामा रहनु आदि ।

### ४.२.५. व्यवस्थापकीय कमजोरीको कारण

- धेरै जसो संघ संस्थाहरुमा व्यवस्थापनमा रहने कर्मचारीहरु आफ्नो विषयमा दक्ष नहुनु,
- अधिकांश संस्थाहरुमा सम्वन्धित विषयको तालीम प्राप्त व्यवसायिक कर्मचारीको अभाव रहनु,
- सहकारी संघ, संस्थाहरुका लागि कर्मचारी नियुक्ति सम्वन्धी छुट्टै निकायको व्यवस्था नहुनु आदि ।

सहकारी क्षेत्रमा देखिएका माथि उल्लेखित विविध समस्याहरुका कारण सहकारी संस्थाहरुमा संकट सिर्जना हुन पुगेको अवस्था छ जसले आम नागरिकमा सहकारिताप्रति नै अविश्वास पैदा गरिरहेको छ । यी समस्याहरु समयमानै सम्बोधन गर्न सकिएन भने अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको सहकारी क्षेत्र थप समस्यामा पर्नगई समग्र अर्थतन्त्रलाई नै गम्भीर असर पर्न जाने देखिन्छ ।

# परिच्छेद -५

## सुझाव तथा सिफारिस

### ५.१. समस्या समाधानका लागि तत्कालीन सुधार सुझावहरु

५.१.१ नेपाल सरकारले निर्णय गरी अर्को व्यवस्था नभएसम्मको लागि कम्तीमा एक वर्षका लागि महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकामा बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार अनुमती तथा सेवा केन्द्र स्वीकृतीको काम तत्काल स्थगित गर्ने ।

५.१.२ सहकारीमा बचतकर्ता सदस्यको बचत सुरक्षणको प्रत्याभूति गर्न सहकारी ऐन, २०७४ को दफा १०१ बमोजिमको सहकारी बचत तथा कर्जा सुरक्षण कोष तत्काल स्थापना गरी बचतकर्ताको वचत सुरक्षण गर्ने। कोषको न्युनतम चुक्ता शेयर पुँजी बापत नेपाल सरकारले व्यहोर्नुपर्ने रकम निकाशा गर्ने। सहकारी संस्थाहरुको सहभागिता सम्बन्धमा पहिलो वर्षमा सम्पूर्ण बचत तथा ऋणको कारोबार गर्ने प्रारम्भिक संस्था, संघ र सहकारी बैकले आफ्नो कूल सम्पत्तिको ०.०५% ले हुन आउने रकम कोष स्थापना भएको मितिले ३ महिनाभित्र कोषमा अनिवार्य जम्मा गर्नुपर्ने र त्यसपछिका वर्षका लागि आफ्नो कूल सम्पत्तिको ०.०१% ले हुन आउने रकम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनिवार्य रुपमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाउने । साथै उक्त कोष नेपाल सरकाले नै उपयुक्त संयन्त्र बनाई संचालन गर्ने गरी नियामावली परिमार्जन गर्ने ।

५.१.३ संघ, प्रदेश र स्थानीय तहका सवै नियामक निकायले आफ्नो क्षेत्राधिकार भित्रका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको तीन महिना भित्र अनुगमन, सुपरीवेक्षण गरी पर्ल्स सूचकाङ्कका आधारमा वर्गीकरण सहितको प्रतिवेदन तयार गर्ने । अनुगमनको क्रममा सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त उन्मुख देखिएका सहकारीका सञ्चालकहरु, पदाधिकारीहरु, व्यवस्थापन प्रमुख लगायत संलग्न कर्मचारीहरुको बैंक खाता, अचल सम्पत्ति र राहदानी रोक्का राखे व्यवस्था मिलाउने र त्यस्ता संस्थाहरुलाई समस्याग्रस्त घोषणा गरी त्यसका सञ्चालक, पदाधिकारी तथा कर्मचारीहरु र तिनका परिवार एवं सम्बन्धित अन्य व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिमको कसुर गरेकोमा आवश्यक कारवाहीका लागि थप अनुसन्धान गर्न नेपाल प्रहरीमा लेखि पठाउने।

५.१.४ सहकारी क्षेत्रमा देखिएका समस्या पहिचान गरी तत्काल समाधानमा लैजान सवै सहकारी संघ/संस्थाहरुले ३ महिनाभित्र आफ्नो संघ/संस्थाको वस्तुस्थिती, वित्तीय अवस्था, कारोवार र सम्लग्नता झल्किने गरी तोकिएको ढाचाँमा स्वेतपत्र (White Paper) अनिवार्य रुपमा जारी गरी सम्बन्धित नियामक निकाय र संघीय सहकारी विभागमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था मिलाउने ।सहकारी संस्थाहरुमा सदस्यहरुले वचत फिर्ताको माग गरेको तर समस्यामा परी वचत फिर्ता गर्न नसकिरहेका संस्थाहरुले वचत फिर्ता माग गर्ने वचतकर्ताहरु मध्येवाट ऐनको दफा १०८ (२) बमोजिम वचत फिर्ता गर्ने नीति लिई २०८० मंसिर मसान्तभित्र सहकारी विभाग र आ-आफ्नो नियामक निकायमा वचत फिर्ता कार्ययोजना पेश गरी २०८० चैत्र मसान्तसम्ममा माग भएको वचत फिर्ता गर्नुपर्ने । यसको नियमित अनुगमन सहकारी विभाग लगायत नियामक निकाय र राष्ट्रिय सहकारी महासंघले गर्ने ।

५.१.५ सहकारी संस्थाहरुमा हाल तरलताको अभावका कारण समस्या गहिरिदै गएको देखिएकोले तरलताको समस्या समाधान गर्नका लागि नेपाल सरकारवाट निश्चित परिमाणको रकम राष्ट्रिय सहकारी वैंक वा अन्य उपयुक्त वित्तीय संस्था मार्फत समस्यामा परेका सहकारीहरुलाई सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराई त्यसरी प्राप्त ऋण सहकारी संस्थाहरुले आफ्ना सदस्यको वचत फिर्ताका लागि प्रयोग गर्ने।यसरी वचत फिर्ता गर्दा निश्चित परिमाण सम्मका वचतकर्ताको वचत फिर्तालाई प्राथमिकता दिनुपर्ने। यसरी प्राप्त सहुलियतपूर्ण ऋण निश्चित अवधिभित्र सहकारी संस्थाहरुले सम्बन्धित बैंक मार्फत नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने।

५.१.६ जिल्लागत रुपमा समस्या पहिचान, विश्लेषण, बचतकर्ताको बचतफिर्ता गरी सहकारी क्षेत्रमा सुशासन कायमगर्न एक वर्ष सम्मका लागि प्रमुख जिल्ला अधिकारीहरुलाई सहकारीका समस्यावारे जाँचबुझ गरी वचत फिर्ता गराउन स्थानीय जनप्रतिनीधिहरु समेतको सहभागितामा पहल गर्ने र जिल्ला तहवाट समस्या समाधान हुन नसक्ने तथा समस्या ग्रस्त सहकारी संस्थाको रुपमा घोषणा गर्नुपर्ने अवस्था देखिएका सहकारीहरुको विवरण संघीय सहकारी विभाग र सम्बन्धित नियामक निकायमा पठाउने प्रवन्ध गरी समस्याको द्रुत समाधानको प्रक्रिया अविलम्ब थालनी गर्ने।

५.१.७ सहकारी ऐन, २०७४ को दफा ८२ मा व्यवस्था भए बमोजिमको कर्जा असुली न्यायधिकरणको गठन गर्ने ।

५.१.८ सहकारी ऐन, २०७४ को दफा ८१ मा व्यवस्था भए बमोजिमको कर्जा सूचना केन्द्र स्थापना गर्ने।कर्जा सुचना केन्द्र सञ्चालक समिति सम्बन्धि सहकारी नियमावली २०७५ को व्यवस्थामा आवश्यक संशोधन गर्ने।

५.१.९ देशभरीका सहकारी संस्थाका सञ्चालक तथा पदाधिकारी एवं व्यवस्थापन तहका कर्मचारीहरुको सम्पती विवरण संकलन गरी अभिलेखिकरण गर्न संघीय सहकारी विभाग, प्रदेश सरकार र स्थानीय तहलाई नेपाल सरकारबाट निर्देशन जारी गर्ने।

५.१.१० कोपोमिस प्रणालीमा सहकारी संस्थाहरुको आवद्धतालाई अनिवार्य गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालित LISA प्रणालीमा स्थानीय तहले आफ्नो क्षेत्राधिकारमा भएको सहकारी संस्थाहरुलाई कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गराए/नगराएको विषयलाई मुल्यांकनको आधार बनाउने व्यवस्था गर्ने।

५.१.११ सम्बन्धित नियामक निकायबाट थप अनुसन्धानका लागि नेपाल प्रहरी वा केन्द्रिय अनुसन्धान व्युरोमा लेखी पठाइएका सहकारी संस्थाहरुमा रहेको तीन महिनाभित्र नाश हुन सक्ने वा उपभोग अवधि समाप्त हुने अवस्थाका सम्पत्तिलाई नगदमा रुपान्तरण गर्ने गरी सम्बन्धित स्थानीय तहको समन्वयमा स्थानीय प्रशासनले यथाशिघ्र आवश्यक प्रबन्ध मिलाउने।

५.१.१२ सहकारी नियामावली, २०७५ को नियम ७१ को व्यवस्था कार्यान्वयन गर्ने । ५० करोड रुपैया भन्दा वढीको बचत तथा ऋणको कारोबार (वासलात) गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसावकिताव जाचँ गर्न नेपाल राष्ट्र बैंकको समन्वयमा एक छुट्टै टोली खटाई निरीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउने ।

५.१.१३ समस्यामा रहेका सहकारी संस्थाहरुका सम्पत्तीहरु अन्य बैक तथा वित्तीय संस्थाहरुमा धितोमा रहेको र कतिपय त्यस्तो सम्पत्ति धितो लिलाम बिक्रीको प्रक्रियामा समेत गईरहेको परिप्रेक्ष्यमा सहकारीमा जम्मा भएको आम सर्वसाधारणको वचतको सुरक्षा गर्ने प्रयोजनका लागि सहकारीका सम्पत्ति लिलाम प्रक्रियालाई केही समय स्थगन गर्न नेपाल राष्ट्र बैंक मार्फत बैक तथा वित्तीय संस्थाहरुलाई अनुरोध गर्न नेपाल सरकारबाट नेपाल राष्ट्र बैंकलाई निर्देशन जारी गर्ने।

## ५.२. समस्या समाधानका लागि अल्पकालीन सुधार सुझावहरु

५.२.१. सहकारी संघ/संस्थाको वित्तीय स्वायत्तता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न एक अर्व रुपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको वार्षिक लेखा परीक्षण गर्ने लेखा परीक्षक नियुक्ति गर्दा संघीय सहकारी विभागबाट सुचिकृत लेखापरीक्षकहरु मध्येबाट गर्नुपर्ने र सोको जानकारी सहकारी विभागलाई दिनुपर्ने व्यवस्था मिलाउने ।

५.२.२. सहकारी संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारिहरुले संस्थाबाट ऋण लिदा कूल समिति सदस्य संख्याको एक तिहाइ भन्दा बढी सदस्य संख्याले ऋण लिन नपाउने। एकाघरका सदस्य सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा रहेको भएमा एक जनाले मात्र ऋण लिन पाउने व्यवस्था गर्नुपर्ने। यस्तो ऋण विना धितो उपलब्ध गराउन नपाउने । यस भन्दा अगाडि ऋण लिएको भएमा ६ महिनाभित्र चुक्ता गराइसक्नु पर्ने ।तर सदस्यको संस्थामा रहेको बचतको सुरक्षणमा निश्चित प्रतिशत ऋण दिन बाधा पर्ने छैन ।

५.२.३. सहकारी संघ/संस्थाको तथ्याङ्क अध्यावधिक एवं गैर स्थलगत (अफसाइट) अनुगमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरीवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली ( कोपोमिस) लाई विभागले थप सुदृढिकरण गर्ने । सबै सहकारी संघ/संस्थालाई अनिवार्य आवद्धताको लागि कर चुक्ता, जग्गा रोक्का फुकुवा, बैंक खाता खोल्दा तथा कुनै सरकारी निकायबाट अनुदान दिनको लागि अनिवार्य रुपमा कोपोमिसमा आवद्ध तथा विवरण प्रविष्टी गरेको हुनुपर्ने व्यवस्था सम्बन्धित नियामक तथा संघीय विभागले मिलाउने । साथै सहकारी बैंक र संघहरुले सहकारी संस्थाहरुलाई आफ्नो सदस्य बनाउनु अघि अनिवार्य कोपोमिसमा आवद्ध तथा विवरण प्रविष्टी गरेको हुनुपर्ने गरी व्यवस्था मिलाउने ।

५.२.४. सकारात्मक सन्देश प्रवाह र संस्थाले गरेका राम्रा कामहरु जनमानसमा ल्याई सहकारी मार्फत प्रचार प्रसारका लागि सम्बन्धित नियामक निकायले संघहरुलाई निर्देशन गर्ने ।

५.२.५. राष्ट्रिय सहकारी महासंघले आफ्ना सदस्य संघ संस्थाहरुलाई सहकारी ऐन, नियमावली कार्यान्वयन गर्न गराउनका लागि सकृय भूमिका निर्वाह गर्न संघहरुलाई निर्देशन गर्ने । सहकारीको मूल्य, मान्यता, सिद्धान्त विपरित काम गर्ने सदस्य संघसंस्थाहरुलाई सो नगर्न चेतावनी दिने र कानून विपरीत कार्य गरेमा कारवाहीका लागि सम्बन्धित नियामक निकायमा सिफारिस गर्ने ।

५.२.६. सहकारीहरुले घर जग्गा लगायतका अनुत्पादनशील क्षेत्रमा गरिने लगानीलाई निरुत्साहित गर्न संघीय सहकारी बिभागले आवश्यक निर्देशन जारी गर्ने ।

५.२.७. पर्ल्स सुचकांक अनुरुप भाखा नाघेको ऋणको लागि अनिवार्य रुपमा जोखिम व्यवस्थापन (Provision) गर्न र सदस्य केन्द्रियता सूचकांकको आधारमा संस्था संचालनको लागि निर्देशन जारी गर्ने।

५.२.८. समस्याग्रस्त सहकारीको व्यवस्थापन गर्न सहकारी ऐन, २०७४ को दफा १०५ बमोजिमको समितिको परिमार्जन गरी हरेक समस्याग्रस्त सहकारीको सम्बन्धमा कार्ययोजना बनाई कामकारवाही शिघ्र सम्पादन गर्ने व्यवस्था मिलाउने ।

५.२.९. प्रदेश तथा स्थानीय तहहरुको कार्यक्षेत्रभित्रमा समस्याग्रस्त सहकारीको व्यवस्थापनका लागि संयन्त्र तयार भैनसकेको कारण सहकारीका समस्या समाधानमा जटिलता देखिएकोले नेपाल सरकारले सबै तहलाई लागू हुनेगरी समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठनको ढाँचा, काम कर्तव्य र अधिकार तोकी कार्य गर्ने व्यवस्था मिलाउने ।

५.२.१०. छ महिनाभित्र वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको वित्तीय अवस्थाको विस्तृत अध्ययन गरी छुट्टा छुट्टै प्रतिवेदन बनाउन विज्ञ समूह गठन गरी सो मार्फत काम गर्न भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्देशनमा सहकारी विभागले आवश्यक व्यवस्था मिलाउने। यस्तो विज्ञ समूहको सम्पूर्ण खर्च सम्वन्धित सहकारी संस्थाले व्यहोर्नेगरी निर्देशन जारी गर्ने।

५.२.११. सहकारी संस्थाबाट कर्जा लिइ कर्जा फिर्ता गर्न आलटाल गर्ने, ताकेता गर्दा पनि कर्जाको साँवा व्याज भुक्तानी नगरी जानाजानी मनोमानी गर्ने सदस्यहरुलाई स्थानीय, प्रदेश र संघीय सरकारबाट पाउने सिफारिस लगायतका सेवा सुविधाहरु उपलब्ध नगराउने ।

५.२.१२. सहकारी संस्थामा व्यक्तिगत सदस्यको बचत रकमको सीमा सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ५२ को प्रावधान अनुसार विनियममा अनिवार्य व्यवस्था गरी नियमानुसार स्वीकृत गराई लागु गर्ने। संस्थाले व्यक्तिगत बचतको सिमा प्रास गर्न तोकिएको मापदण्डमा तोकिए बमोजिमको स्तरको हुनुपर्ने । तर व्यक्तिगत बचतको सिमा १ करोड भन्दा वढी निर्धारण गर्नु पर्दा विनियम स्वीकृत गर्ने अधिकारीले सो को पुष्टयाई लिखित रुपमा उल्लेख गर्नु पर्ने । यस व्यवस्थालाई दोस्रो तहको सहकारी सुपरिवेक्षण वोर्ड गठन भएपछि वोर्डले नै आवश्यक संशोधन एवं परिमार्जन गर्न सक्ने।

५.२.१३. सहकारी संघ/संस्थाहरुले प्रयोग गर्ने विभिन्न सफ्टवेयरहरुमा एकरुपता कायम गर्न संघीय सहकारी विभागले सरोकारबालाहरुसँग समन्वय गरी सफ्टवेयरको न्यूनतम मापदण्ड किटान गरी सो अनुरुप सूचिकृत गरेको सफ्टवेयरहरु मात्र प्रयोग गर्नुपर्ने ।

## ५.३ समस्या समाधानका लागि दिर्घकालीन सुधार सुझावहरुः

### ५.३.१. नीतिगत तथा कानूनी सुधार

५.३.१.१ संविधानको अनुसुची ५ मा रहेको संघीय सरकारको एकल अधिकार अन्तर्गतको सहकारी नियमनको व्यवस्थालाई संघीय शासन प्रणाली बमोजिम सहकारी क्षेत्रको संघीयकरणलाई प्रभावकारी बनाउन सहकारीसँग सम्बन्धित अन्य विद्यमान कानूनी व्यवस्थामा संशोधन गर्ने ।

५.३.१.२ सहकारी ऐन २०७४ को देहायको दफाहरु लगायतमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

५.३.१.३ दफा ७६ लेखा परीक्षक नियूक्ति सम्बन्धी (निश्चित परिमाणको कारोबार गर्ने सहकारी संस्थाको लेखा परीक्षक नियुक्ति गर्दा संघीय सहकारी विभागमा सूचिकृत लेखापरिक्षकहरु मध्येबाट नियुक्ति गर्नुपर्ने र विभागलाई सोको जानकारी दिनुपर्ने) ।

५.३.१.४ दफा १०३ स्थिरीकरण कोष (स्थिरीकरण कोषको संचालन र संस्थाहरुको अनिवार्य सहभागिता सम्बन्धमा) ।

५.३.१.५ दफा १०४ संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने (निश्चित परिमाणको कारोबार भएका संस्था वा संघलाई समस्याग्रस्त घोषणा गर्ने अधिकार रजिष्ट्रारलाई दिने) ।

५.३.१.६ दफा १०५ व्यवस्थापन समिति गठन जुन निकाय वा तहबाट समस्याग्रस्त घोषणा भएको हो सोही निकाय वा तहबाट घोषणा भएको प्रत्येक संस्था वा संघको व्यवस्थापन गर्न छुट्टाछुट्टै समिति गठन गर्ने र निश्चित समयावधि भित्र फरफारक गर्ने गराउने) ।

५.३.१.७ दफा १०६ व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार (समस्याग्रस्त घोषणा भई व्यवस्थापन समितिको जिम्मामा आएका संस्था वा संघको संचालक, कर्मचारी र तिनका एकाघरका परिवार तथा नातेदार एंव सम्बन्धित अन्य व्यक्तिको नाममा रहेका चल अचल सम्पति रोक्का राख्न सक्ने अधिकार) ।

५.३.१.८ दफा १३१ मुद्दा हेर्ने अधिकारी (दफा १२४ को उपदफा १ को खण्ड क बमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा लगाउने अधिकार रजिष्ट्रारलाई प्रदान गर्ने)

५.३.१.९ मुद्दा चलाउने हदम्याद ( सहकारी ऐन, २०७४ को दफा १३२ को उजुरी दिने हदम्यादको सट्टा हदम्याद मात्र राखी उपदफा ३ थप गरी सहकारी ऐनको दफा १२२

को कसुरमा मुद्दा चलाउन हदम्याद उजुरी परेको मितिले नब्बे दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा पेश गरिसक्नुपर्ने व्यवस्था राख्ने)

५.३.१.१० सहकारी संस्थाको वित्तीय कारोवार सम्बन्धमा अनुसन्धान गर्न फोरेन्सिक अडिटरको व्यवस्था गर्ने।

५.३.१.११ सहकारी ऐन,२०७४ मा संसोधन गरी वचत तथा ऋण सहकारी संस्थाहरू अनिवार्य रुपमा स्थिरिकरण कोषमा सहभागी हुनुपर्ने व्यवस्था गर्नुपर्ने। स्थिरीकरण कोषमा बचत तथा ऋण सहकारी संस्थाहरुको कूल सम्पत्तिको ०.०३ प्रतिशत रकम अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

५.३.१.१२ सहकारी क्षेत्रको पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न तथा संविधानको भावना अनुरुप विभिन्न अन्तरसम्वन्धित विद्धमान कानूनहरुमा आवश्यक परिमार्जन गर्ने ।

५.३.१.१३ एकिकरणमा जाने संघ/संस्थाहरुका लागि तीन वर्षसम्म आयकरमा निश्चित प्रतिशत छुट दिई सहकारी संघ/संस्थाहरुको एकिकरणलाई प्रोत्साहन गर्न विशेष सहुलियतको प्याकेज तयार गर्ने।

५.३.१.१४ सहकारी ऐनको परिमार्जनका बखत बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ/संस्थाहरू नियमनका लागि छुट्टै परिच्छेदमा व्यवस्थित गर्ने वा छुट्टै बचत तथा ऋण सहकारी ऐन जारी गर्ने ।

५.३.१.१५ विद्यालय र विश्वविद्यालय तहका पाठ्यक्रमहरुमा सहकारिताका विषयलाई समावेश गराउनुपर्ने।

**५.३.२. जनशक्तिगत सुधार**

५.३.२.१ सहकारी संघ/संस्थामा नयाँ निर्वाचित भई आउने समितिका पदाधिकारी तथा सदस्यहरूले तीन महिनाभित्र सहकारिता सम्वन्धि तालिम अनिवार्य लिनुपर्ने र सो को लागि राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिसंघहरुले आवश्यक व्यवस्था मिलाउने ।

५.३.२.२ सहकारी संघ/संस्थामा नयाँ निर्वाचित भई आउने समितिका पदाधिकारी तथा सदस्यहरूले तीन महिनाभित्र सहकारिता सम्वन्धि तालिम अनिवार्य लिनुपर्ने र सो को लागि राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिसंघहरुले आवश्यक व्यवस्था मिलाउने ।

५.३.२.३ दश करोड भन्दा माथि वासलात भएका सहकारी संघ/संस्थाका कर्मचारीहरूका लागि अनिवार्य रूपमा सहकारिता सम्वन्धी सेवा प्रवेश र सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने। साथै पचास करोड भन्दामाथि वासलात भएका सहकारी संघ/संस्थाको व्यवस्थापन प्रमुखले सहकारी विषयको कम्तीमा एक महिने व्यवसायिक कोर्ष लिएको हुनुपर्ने। कोर्ष संचालनका लागि सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रसँग सहकार्य गरी राष्ट्रिय सहकारी महासंघ र केन्द्रिय संघहरुले आवश्यक व्यवस्था गर्ने।

५.३.२.४ सहकारी संघ/संस्थाहरुको समितिको एकै पदमा लगातार दुई कार्यकालभन्दा बढि अवधि रहन नपाउने व्यवस्था गर्ने ।

५.३.२.५ सहकारी संस्थाका खराब ऋणीहरुले कुनै पनि तहको निर्वाचनमा भाग लिन नपाउने, राजनीतिक नियुक्ति नपाउने व्यबस्था मिलाउने।

## ५.३.३. कार्यगत सुधार

५.३.३.१ सहकारी संघ/संस्थाहरुले शिक्षा कोषको रकम अनिवार्य पूर्व सदस्य शिक्षा तथा वित्तीय साक्षरता संचालनमा खर्च गर्नुपर्ने । यसको अनुगमन राष्ट्रिय सहकारी महासंघ र सम्बन्धित केन्द्रीय संघहरुले गर्ने र सो सम्बन्धी विवरण सम्बन्धित नियामक निकायमा पेश गर्ने । केन्द्रीय संघहरुले ऋण लगानी असुली तथा विविध कानुन सम्वन्धी परामर्श र सहजीकरणका लागि कानुनी सहायता डेस्कको व्यवस्था गर्ने।

५.३.३.२ अनुगमन तथा निरीक्षणका लागि नियामक निकायहरूको सवलीकरण, क्षमता अभिवृद्धि तथा दक्ष जनशक्तिको आपूर्तिको व्यवस्था मिलाउने ।

५.३.३.३ सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली, निर्देशनको पालनाका लागि नेपाल राष्ट्र बैंकको समन्वयमा राष्ट्रिय सहकारी महासंघ तथा संघहरुबाट सचेतना र प्रशिक्षणको व्यवस्था गर्ने ।

५.३.३.४ कूल गार्हस्थ उत्पादन लगायत मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा सहकारी क्षेत्रले पूर्याएको योगदानको सन्दर्भमा सहकारी विभाग, राष्ट्रिय सहकारी विकास वोर्ड र राष्ट्रिय सहकारी महासंघले अध्ययन गर्ने ।

५.३.३.५ पचास करोड भन्दा माथि वासलात भएका सहकारी संस्थाहरुको आन्तरिक तथा अन्तिम लेखा परीक्षण भए/नभएको विषयमा विषयगत केन्द्रिय संघहरुले अनुगमन गरी नियामक निकायमा बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने । यसैगरी केन्द्रिय र जिल्ला संघहरुको आन्तरिक तथा अन्तिम लेखा परीक्षण भए/नभएको विषयमा राष्ट्रिय सहकारी महासंघले अनुगमन गरी संघीय सहकारी विभागमा बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने ।

५.३.३.६ प्रारम्भिक सहकारी संस्था सहकारी अभियानको कुनै एक माथिल्लो विषयगत संघमा अनिवार्य आबद्ध हुनुपर्ने र अन्य तहका संघहरुमा आबद्धता ऐच्छिक हुने व्यवस्था मिलाउने।

५.३.३.७ वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरुका लागि अनिवार्य नियमित वचतको अवधारणा व्यवहारमा लागू गर्न केन्द्रीय संघले आफ्ना सदस्य सहकारी संस्थाका लागी बचत नीति जारी गनुपर्ने।

५.३.३.८ वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरुले भविष्यमा आइपर्ने तरलता सङ्कट व्यवस्थापनका लागि तोकिएको केन्द्रीय तरलता कोषमा निश्चित प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था मिलाउने ।

५.३.३.९ सहकारी संघ/संस्थाहरूको संस्थागत स्वस्थता सुनिश्चित गर्दै दिगो र गुणस्तरीय सेवा प्रवाहका लागि एउटै नामको स्तरीकरण कार्यक्रममा सहभागिता हुने व्यवस्था गर्ने ।

५.३.३.१० सहकारी संघ संस्थाहरुको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन निश्चित योग्यता तोक्नुपर्ने।

५.३.३.११ सहकारी मार्फत उत्पादन र बजारीकरण गर्ने सहकारीलाई सरकारले कर छुट, अनुदान, सरकारी महसुलमा छुट, आयात निर्यातमा आवश्यक सहजिकरण गर्ने व्यवस्था मिलाउने।

५.३.३.१२ असल र सुशासनमा रहेका सहकारी संस्थाहरुलाई प्रोत्साहित गर्दै आम सर्वसाधारणमा सहकारी प्रतिको सकारात्मक धारणा जगाउने काममा संघ/महासंघले भूमिका निर्वाह गर्ने।

५.३.३.१३ विषयगत केन्द्रीय संघका प्रदेश, जिल्ला तथा स्थानीय तह सम्म तहगत शाखा रहनु पर्दछ। देहायका दशवटा विषयगत केन्द्रीय संघहरु रहने व्यवस्था मिलाउने ।

- वचत तथा ऋण सहकारी संघ
- बहुउद्देश्यीय सहकारी संघ
- कृषि सहकारी संघ
- दुग्ध तथा पशुपंक्षीपालन सहकारी संघ
- जडिबुटी तथा मसलाजन्य सहकारी संघ
- स्वास्थ्य सहकारी संघ
- विद्युत सहकारी संघ
- पर्यटन सहकारी संघ
- उपभोक्ता सहकारी संघ
- शिक्षा, सूचना, सञ्चार तथा तालीम सहकारी संघ

### ५.३.४. सहकारी संघ संस्थाहरुको नियमन संरचना सुधार

सहकारी संस्थाको नियमन गर्ने बिषय सहकारी स्वनियमन सिद्धान्तको प्रतिकुलको नभई यसलाई अझ सुदृढ बनाउने विषय हो। बिश्वका सफल सहकारी सन्चालन भएका मुलुकहरुमा सहकारीको नियमन गर्ने प्रभावकारी संयन्त्र रहेको पाइन्छ। क्यानडामा सहकारीको नियमन केन्द्रिय बैंकले गर्ने गरेको छ भने दक्षिण कोरियामा सहकारीको नियमन त्यहाँको केन्द्रिय संघले CAMELS Rating System मार्फत गर्ने गर्दछ। तसर्थ सहकारी नियमन गर्ने प्रभावकारी निकाय नेपालमा पनि गठन गर्नु अनिवार्य भइसकेको छ।

वि. स.२०७० मा बनेको वचत तथा ऋणको कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरुको छानविन गर्न गठित जाँचबुझ आयोग २०७० को प्रतिवेदन र त्यसपछिका मौद्रिक नीति र सरकारको बजेटहरुमा समेत दोस्रो तहको नियामक निकाय गठन गर्ने विषयले प्राथमिकता पाएको छ । आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक बजेटका साथै मौद्रिक नीतिमा पनि सहकारी संस्थाहरुको नियमन गर्नका लागि विशिष्टिकृत नियामक निकाय गठन गरिने उल्लेख गरिएको छ । नेपालको संबिधानले सहकारीको कार्यक्षेत्र तीन तहको सरकारमा रहेको उल्लेख गरेको छ ।सहकारी नियमनको काम प्रभावकारी नहुँदा सदस्यको बचत जोखिममा पर्ने सम्भावना रहिरहेको छ। तसर्थ सहकारी संस्थाहरु बचत र ऋण कारोबारको अनुगमन, सुपरिवेक्षण, नियमनका लागि दोश्रो तहको प्रभावकारी नियमन संयन्त्र को आवश्यकता देखिन्छ ।सहकारी संस्थाहरु स्वनियमनमा सञ्चालन हुनुपर्ने हो। यसको विश्वव्यापी सिद्धान्तले पनि स्वनियमनकै वकालत गर्दछ। तर स्वनियमनको प्रभावकारिता सामाजिक सांस्कृतिक परिवेशले पनि असर पर्नेकुरा नेपालको सहकारी अभियानको आफ्नै अनुभवले पनि देखायो। सहकारी संस्थाहरुको वित्तीय कारोवारको स्वनियमन प्रभावकारी हुन नसकेको देखियो। प्रभावकारी स्वनियमनकै अभावमा सहकारी संस्थाहरुमा वित्तीय अनुशासन कमजोर हुन गई वित्तीय जोखिम बढ्दै जाँदा पछिल्लो समयको समस्या देखा पऱ्यो। यसर्थ सहकारी संस्थाहरुको वित्तीय कारोबारलाई सघन अनुगमन र नियमनको दायरामा ल्याई वित्तीय अनुशासन कायम गर्नेतर्फ आवश्यक प्रवन्ध गर्नु वाञ्छनीय भएको छ। यस कार्यदललाई सो को संरचनात्मक खाका समेत सुझाव गर्ने जिम्मेबारी रहेकोले सो सन्दर्भमा निम्नानुसारको संरचनात्मक व्यवस्थाको सुझाव प्रस्तुत गरिएको छ ।

## सहकारी अनुगमन तथा सुपरिवेक्षण निकायको गठनः सहकारी अनुगमन तथा सुपरिवेक्षण वोर्ड/ सहकारी अनुगमन तथा सुपरिवेक्षण प्राधिकरण

नेपालमा सञ्चालनमा रहेका सहकारी संस्थाहरु मध्ये आधा भन्दा बढि वित्तीय सहकारी संस्थाहरु रहेका छन। वहुउद्देश्यीय सहकारी संस्थाहरुको पनि प्रमुख कारोवार वचत तथा ऋणकै रहेको देखिएको छ। अन्य विषयगत सहकारीहरु र जिल्ला संघ, प्रदेश संघ तथा केन्द्रिय संघहरुको पनि मुख्य कार्य वचत तथा ऋणको कारोवार नै रहेको पाईन्छ। यसरी सहकारी संस्थाहरुमा वचत तथा ऋणको कारोवारमा आकर्षण बढ्दो देखिन्छ। सहकारी संस्थाहरुमा वित्तीय कारोवारको परिमाण जति ठूलो हुदै जान्छ उत्तिनै वित्तीय जोखिमको संभावना पनि वढ्दै जान्छ। पर्याप्त वित्तिय जोखिम न्यूनिकरण उपकरणहरुको व्यवस्था विनाको वित्तीय कारोवारले अन्ततः समग्र अर्थतन्त्रमा नै जोखिम सिर्जना गर्न पुग्दछ।

सहकारी संस्थाको निश्चित परिमाण भन्दा अधिक वित्तीय कारोवारलाई अनुगमन तथा सुपरिवेक्षण गरी वित्तीय अनुशासन कायम गराउनका लागि छुट्टै स्वायत्त अनुगमन तथा सुपरिवेक्षण निकायको स्थापना गर्नुपर्ने देखिएको छ। अतः तोकिएको परिमाण भन्दा ठूलो आकारको वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न छुट्टै कानुन तर्जुमा गरी वा विद्यमान सहकारी ऐनमा छुट्टै परिच्छेदको व्यवस्था गरी सहकारी अनुगमन तथा सुपरिवेक्षण वोर्ड / प्राधिकारण (दोस्रो तहको अनुगमन तथा सुपरिवेक्षण निकाय) को गठन गर्ने । यसरी वोर्ड गठन गर्दा सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले अध्यक्ष लगायत विषय विज्ञ समेत रहने गरी पाँच सदस्यीय वोर्डको गठन गर्ने । नेपाल सरकारले वोर्डको अध्यक्ष र सदस्यको नियुक्तीका लागि निश्चित मापदण्डको आधारमा सिफारिस पेश गर्न सम्बन्धित मन्त्रालयको सचिव, नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर र मन्त्रालयले तोकेको विषय विज्ञ रहेको सिफारिस समिति गठन गर्ने । यसरी समितिले सिफारिस गरेका व्यक्तिहरुलाई नेपाल सरकार मन्त्रिपरिषद्ले वोर्डको अध्यक्ष र सदस्यमा पाँच वर्षको लागि नियुक्ती गर्ने। निजहरुको सेवा शर्त बारे कानूनमा व्यवस्था गर्ने ।

वोर्डको दैनिक, प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी निर्वाह गर्नको लागि प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गर्ने । वोर्ड/प्राधिकरणले प्रतिष्पर्धाको आधारमा प्रमुख कार्यकारी अधिकृतको छनोट गर्ने। वोर्ड/प्राधिकरण र प्रमुख कार्यकारी अधिकृतको काम कर्तव्य र अधिकार कानूनमा नै स्पष्ट तोकिनुपर्ने।

वोर्ड/प्राधिकरणमा नियुक्तिका लागि सिफारिस गर्ने सिफारिस समितिमा देहायका व्यक्तिहरु रहनेछन्।

| | |
|---|---|
| क. सम्बन्धित मन्त्रालयको सचिव | संयोजक |
| ख. नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर | सदस्य |
| ग. मन्त्रालयले तोकेको विषय विज्ञ | सदस्य |


वोर्ड/प्राधिकरणको अध्यक्ष र सदस्य नियुक्तिका लागि देहायको योग्यता हुनुपर्नेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | वित्तिय विश्लेषक, व्यवस्थापन, कानुन, प्रशासन वा नियमनका क्षेत्रमा कम्तीमा १५ वर्ष काम गरी अनुभव प्राप्त व्यक्ती । |
| ख. सदस्यहरु | सहकारी विभागको रजिष्ट्रार, नेपाल राष्ट्र बैंकको निर्देशक, चार्टर्ड एकाउन्टेन्सीमा कम्तीमा १५ वर्षको अनुभव प्राप्त व्यक्ती १,सहकारी क्षेत्रमा १५ वर्षभन्दा बढी काम गरेको स्नातक उत्तिर्ण विषयविज्ञ वा वाणिज्य कानुन वा बैंकिंग विषयमा कम्तिमा १५ वर्षको अनुभव प्राप्त विज्ञ १ गरी जम्मा ४ जना । |

- वोर्ड/प्राधिकरणले जनशक्ति व्यवस्थापन, वित्तिय व्यवस्थापन लगायतका आवश्यकता अनुसार नियम, विनियम, कार्यविधि, मापदण्डहरु बनाउन सक्नेछ।
- वोर्ड/प्राधिकरण गठन भएपछि वोर्डले गर्ने काम र विद्यमान सहकारी विभागबाट हुने कामको स्पष्ट वर्गीकरण सहितको कानुनी व्यवस्था गर्ने ।

## सहकारी सुपरिवेक्षण वोर्डको संरचना

**सहकारी सुपरिवेक्षण वोर्ड प्राधिकरण**




## वोर्ड गठन भै संचालनमा नआएसम्मका लागि

नेपाल राष्ट्र बैंकबाट विज्ञ समूहले सहकारी विभागमा रही श्वेतपत्र जारी भएका सहकारी संस्थाहरुको वित्तीय स्वस्थता (PEARLS,MCI,...) परिक्षण गर्ने/ विश्लेषण गर्ने ।

**नेपाल राष्ट्र बैंकको नेतृत्वमा कार्य समुह गठन:**



COPOMIS को आधारमा र गुनासो व्यवस्थापन प्रणाली वनाई सो मार्फत प्राप्त गुनासो/उजुरीहरुलाई विभागमा रहेको विश्लेषण समुहले सुपरिवेक्षण गर्ने र सो को प्रतिवेदनको आधारमा विभागले तत्काल कारवाहीमा जाने व्यवस्था मिलाउने ।

यसको लागि संघीय सरकारले अध्यादेश मार्फत संवैधानिक व्यवस्था बमोजिम सहकारीको नियमन क्षेत्राधिकार संघमा मात्र सीमित गर्ने ।उक्त कानून प्रदेश र स्थानीय तहहरुलाई पनि बाध्यकारी हुने गरी व्यवस्था मिलाउने ।

## सहकारी विभागको क्षमता वृद्धि गरी सक्षम नियामक बनाउने ।

सहकारी अभियानलाई व्यवस्थित, मर्यादित र सहकारीका मान्य सिद्धान्त, मुल्य र मान्यता अनुसार सञ्चालन गराई संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको एक खम्वाको रुपमा सहकारी क्षेत्रलाई स्थापित गराउन यसको स्वनियमनलाई व्यवस्थित गर्दै लैजानु पर्ने देखिएको छ। सहकारी ऐन, २०७४ को प्रस्तावनामा उल्लेख गरिएका समाजका लक्षित वर्गलाई सहकारी अभियानका माध्यमबाट लाभान्वित गराउन प्रभावकारी सहकारी नियमनको महत्व अत्यन्त उच्च रहेको छ। सहकारी ऐन, नियमहरुको समयानुकुल व्यवस्था, समय समयमा आवश्यक पर्ने नीतिगत मार्गदर्शन तथा निर्देशन तथा आदेश जारी गर्ने, सहकारी संस्थाहरुको वर्गिकरण, स्तरीकरण गर्ने तथा आवश्यक मापदण्डहरु निर्धारण गर्ने कार्य सहकारी विभागको रहन्छ। वास्तवमा नियमन सरकारको प्रमुख जिम्मेवारी नै हो। यसका अतिरिक्त सहकरी क्षेत्रको विकास र प्रवर्द्धनका लागि तालिम, प्रशिक्षण तथा अभियानसँगको सहकार्यका लागि सहकारी विभागलाई थप सशक्त बनाउनु आवश्यक छ। तसर्थ वर्तमान सहकारी विभागलाई पुनर्संरचना गरी प्रभावकारी नियामक निकायको रुपमा स्थापित गर्न देहायको बुँदाहरु सिफारिस गरिएको छ।

- संघीय सहकारी विभागको पुनर्संरचना गरी कम्तीमा सात प्रदेशमा विभागको मातहत कार्यालयहरुको स्थापना गर्ने ।उक्त कार्यालयहरुले पालिकाहरुको सहकारी महाशाखा/शाखाको समन्वयमा स्थानीय तहका सहकारीहरुको नियमन गर्न सक्ने ।
- सहकारी संस्थाहरुको वित्तीय प्रतिवेदनहरुको विश्लेषण गर्न सक्ने दक्ष प्राविधिक जनशक्तिको यथेष्ट दरवन्दी संघीय सहकारी विभाग र सातै प्रदेश कार्यालयहरुमा व्यवस्था गर्ने ।
- सहकारी ऐन, २०७४ मा संसोधन गरी वित्तीय कारोबारमा संलग्न सहकारी संघ/संस्था समस्यामा छन् भन्ने सूचना प्राप्त भएमा वा सहकारी संस्थाका सदस्यहरुबाट उजुरी प्राप्त भएमा रजिष्ट्रारले उक्त

संस्थाका सञ्चालकहरु, व्यवस्थापकीय कर्मचारीहरु र निजका एकाघर परिवारको चल अचल सम्पत्तिहरु तुरुन्तै रोक्का राखी कारबाही अगाडि बढाउन सक्ने अधिकार संघीय सहकारी रजिष्ट्रारलाई दिने ।

- सहकारी सुपरिवेक्षण वोर्ड/प्राधिकरणको क्षेत्राधिकार भन्दा वाहिर रहेका सहकारीहरु समस्यामा परेका सहकारी संस्थाका बारेमा कुनै पनि माध्यमबाट सूचना प्राप्त भएमा त्यस्ता सहकारी संघसंस्थाहरुको व्यवस्थापन सहकारी विभाग आफैं वा विभागद्वारा गठित विषय विज्ञ र सम्बन्धित नियामक प्रतिनिधि सहितको तदर्थ व्यवस्थापन समिति मार्फत संस्थाको व्यवस्थापनमा संलग्न रही कारबाही अघि बढाउन सक्ने गरी सहकारी ऐनमा परिमार्जन गरी संघीय सहकारी विभागलाई अधिकार प्रदान गर्ने ।

## परिच्छेद- ६

## कार्ययोजना

### ६.१ तत्कालीन सुधार सुझाव कार्यान्वयन कार्ययोजनाः

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| १. | **सहकारी दर्ता र कार्यक्षेत्र विस्तारमा रोक** | सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार अनुमती तथा सेवा केन्द्र स्वीकृती रोक्का सम्बन्धी निर्देशन जारी गर्ने । | नेपाल सरकार मन्त्रिपरिषद् | सम्बन्धित मन्त्रालय, सहकारी विभाग प्रदेश र स्थानीय तह | तुरुन्त | दर्ता र कार्यक्षेत्र विस्तारमा रोकिने |
| २. | **बचत तथा कर्जा सुरक्षणकोषको स्थापना ।** | • कोष स्थापनाको निर्णय | नेपाल सरकार | सम्बन्धित मन्त्रलाय, अर्थ मन्त्रालय | तुरुन्त | कोष स्थापना भएको हुने । कोष स्थापना |

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | • कोषको न्युनतम चुक्ता शेयर पूँजीमा संघ/संस्थाहरुको हिस्सा लगानी गर्ने । | संघ/संस्थाहरु | सहकारी विभाग | ३ महिना | भएको हुने |
| ३. | **सघन अनुगमन, संस्था वर्गीकरण एंव रोक्का ।** | • उजुरी परेका संस्थाहरुको सघन अनुगमन तथा वर्गीकरण गर्ने । | सम्बन्धित नियामक निकाय । | सहकारी महासंघ, विषयगत केन्द्रिय संघ, | तीन महिना | अनुगमन तथा वर्गिकरण भएको हुने |
| | | • समस्याग्रस्त उन्मुख सहकारी संस्थाका संचालक पदाधिकारी तथा व्यवस्थापकहरुको बैंक खाता, अचल सम्पत्ति र राहदानी रोक्का गर्न लेखि पठाउने र रोक्का गर्ने। | सम्बन्धित नियामक निकाय प्रमुख | मालपोत कार्यालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग | प्रतिवेदन प्राप्त भएको मितिले ७ दिनमा लेखि पठाउने र लेखि आएको ७ दिनभित्र रोक्का राख्ने। | रोक्का भएको हुने |

७७

| क.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | • थप अनुसन्धानको लागि प्रहरीमा लेखी पठाउने । | सम्बन्धित नियामक निकाय प्रमुख | नेपाल प्रहरी तथा माताहत कार्यालय | अनुगमन प्रतिवेदन पाएको १५ दिन भित्र | संचालक पदाधिकारी तथा व्यवस्थापकहरुको को विवरण प्रहरीमा पुगेको हुने |
| | | • अनुसन्धान तथा कारवाही प्रक्रियाको थालनी । | नेपाल प्रहरी तथा माताहत कार्यालय | सम्बन्धित नियामक निकाय | नियामक निकायबाट पत्र प्राप्त भए पछि यथाशिर्घ । | सहकारी संचालक पदाधिकारी तथा व्यवस्थापक लगायतका व्यक्तिहरु अनुसन्धानको दायरामा आएको हुने |

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| ४. | **पिडित बचतकर्ता सदस्यको बचत फिर्ता** | • सहकारी संस्थाहरुलाई स्वेतपत्र जारी गर्न निर्देशन जारी गर्ने | सम्बन्धित नियामक निकायहरु | सहकारी महासंघ, विषयगत केन्द्रिय संघहरु | २०८० असौज मसान्त | सुचना तथा परिपत्र जारी भएको हुने |
| | | • स्वेत पत्र जारी गर्ने | सहकारी संस्थाहरु | सम्बन्धित नियामक निकायहरु | २०८० मंसीर मसान्त | स्वेत पत्र जारी भएको हुने |
| | | • बचत फिर्ता कार्ययोजना पेशगर्न लगाउने। | सम्बन्धित नियामक निकायहरु | राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघहरु | २०८०कार्तिक मसान्तभित्र | पत्राचार भएको हुने । |
| | | • बचत फिर्ता योजना पेश गर्ने। | सहकारी | राष्ट्रिय | २०८० मंसीर | कार्ययोजना पेश |

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | | संस्थाहरु | सहकारी महासंघ, विषयगत केन्द्रिय संघहरु | मसान्तभित्र | भएको हुने |
| | | • बचत फिर्ता गर्ने। | सहकारी संस्थाहरु | सहकारी अभियान | २०८० चैत्र मसान्तभित्र | बचत फिर्ता भएको हुने |
| | | • बचत फिर्ताको अनुगमन गर्ने | नियामक निकायहरु | सहकारी अभियान | निरन्तर | अनुगमन भएको हुने। पृष्ठपोषण प्रदान गरिएको हुने |
| ५. | नेपाल सरकारले सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउने | • सहकारी संस्थाहरुमा तरलता व्यवस्थापनका लागि सहुलियतपुर्ण कर्जा उपलब्ध गराउने निर्णय र कर्जाको परिमाण निर्धारण गर्ने। | सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद् | सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय | २०८० कार्तिक मसान्तभित्र | निर्णय भएको हुने । |
| | | • कर्जा परिमाण निर्धारण तथा | नेपाल सरकार | सम्बन्धित | २०८० मंसीर | कर्जा परिमाण |

| क.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | कार्यविधि जारी गर्ने।<br>• कर्जा कार्यक्रम सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्था छनौट गर्ने। | नेपाल सरकार | मन्त्रालय, अर्थ मन्त्रालय<br>सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय | मसान्तभित्र<br>२०८० पौष मसान्त | यकिन भएको हुने, कार्यविधि जारी भएको हुने। |
| | | • कर्जा उपलब्ध गराउने। | छनौट भएका बैंक तथा वित्तिय संस्था | अर्थ मन्त्रालय<br>सहकारी विभाग | २०८० माघ मसान्त | सहकारीमा कर्जा उपलब्ध भएको हुने |
| | | • बचत फिर्ता गर्ने | सहकारी संस्थाहरु | छनौट भएका बैंक तथा वित्तीय संस्था | २०८० माघ मसान्त पछि निरन्तर | बचत कर्ता सदस्यहरुले बचत फिर्ता पाउन थालेको हुने। |
| ६. | जिल्लागत समस्या समाधान | • तोकिएको अवधि सम्मका लागि प्रमुख जिल्ला अधिकारीलाई सहकारी | नेपाल सरकार | सम्बन्धित मन्त्रालय, सहकारी | २०८० कार्तिक मसान्तभित्र | सहकारी नियमावली संशोधन भएको |

| क.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | संयन्त्र प्रयोग | संस्थाका बचत फिर्ता सम्बन्धी समस्या समाधानका लागि अधिकार प्रदान गर्ने गरी सहकारी नियमावली, २०७५ मा व्यवस्था गर्ने । | | विभाग | | हुने। |
| | | • प्रमुख जिल्ला अधिकारीलाई सहकारीका बचत फिर्ता सम्बन्धी समस्या समाधानका लागि निर्देशन जारी गर्ने। | भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | गृह मन्त्रालय, सहकारी विभाग | २०८० मंसीर मसान्त | परिपत्र भएको हुने। |
| | | • प्रमुख जिल्ला अधिकारीले समस्यामा परेका सदस्यहरुबाट निवेदन माग गर्ने। | प्रमुख जिल्ला अधिकारी | प्रदेश सरकार, स्थानीय तह, सहकारी संस्था | २०८० कार्तिक मसान्तभित्र | निवेदन मागको सुचना प्रकाशन भएको हुने। |

८२

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | • प्रमुख जिल्ला अधिकारीबाट छानविन गरी समाधानको प्रयास गर्ने । | प्रमुख जिल्ला अधिकारी | प्रदेश सरकार, स्थानीय तह, सहकारी संस्था | २०८० कार्तिक मसान्त देखि निरन्तर | निवेदनको सम्बोधन सुरु भएको हुने। |
| | | • जिल्ला तहमा समाधान हुन नसकेका समस्या सम्बन्धित तहको सहकारी कार्यक्षेत्र हेर्ने निकायमा पठाई विभागमा जानकारी गराउने। | प्रमुख जिल्ला अधिकारी | प्रदेश सरकार, स्थानीय तह, सहकारी संस्था | २०८० कार्तिक मसान्त देखि निरन्तर | निवेदनको सम्वोधन सुरु भएको हुने। |
| ७. | **सहकारी कर्जा असुली न्यायधिकरण** | • कर्जा असुली न्यायाधिकरण स्थापना कार्यविधि स्विकृत गर्ने। | नेपाल सरकार | सम्वन्धित मन्त्रालय, अर्थ मन्त्रालय | २०८० मंसीर मसान्तभित्र | कर्जा असुली न्यायाधिकारण गठन कार्यविधि स्विकृत भएको हुने। |

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | | • कर्जा असुली न्यायाधिकरण गठनको निर्णय गर्ने। | नेपाल सरकार | सम्वन्धित मन्त्रालय, अर्थ मन्त्रालय | २०८० पौष मसान्तभित्र | कर्जा असुली न्यायाधिकारण गठन भएको हुने। |
| ८. | सहकारी कर्जा सूचना केन्द्र | • कर्जा सुचना केन्द्र स्थापना कार्यविधि स्विकृत गर्ने। | नेपाल सरकार | सम्वन्धित मन्त्रालय, अर्थ मन्त्रालय। | २०८० मंसीर मसान्तभित्र | कर्जा सुचना केन्द्र स्थापना कार्यविधि स्विकृत भएको हुने। |
| | | • कर्जा सुचना केन्द्र स्थापनाको निर्णय गर्ने। | नेपाल सरकार | सम्वन्धित मन्त्रालय, अर्थ मन्त्रालय | २०८० पौष मसान्तभित्र | कर्जा सुचना केन्द्र स्थापना भएको हुने। |
| ९. | सम्पत्ति विवरणको अभिलेखिकरण | सहकारी संस्थाका सञ्चालक पदाधिकारीहरु र व्यवस्थापकहरुको सम्पती विवरण संकलन गरी अभिलेखिकरण गर्ने। | सहकारी संस्थाहरु | सम्वन्धित स्थानीय तह र सहकारी नियामक निकाय | २०८० पौष मसान्तभित्र | सम्पति विवरण अभिलेखिकरण भएको हुने |

| क.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| १०. | कोपोमिसमा आवद्धतालाई LISA सँग आवद्ध गराउने व्यवस्था गर्ने। | LISA प्रणालीमा स्थानीय तहले आफ्नो क्षेत्राधिकारमा भएको सहकारी संस्थाहरुलाई कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गराए/नगराएको विषयलाई मुल्यांकनको आधार बनाउने व्यवस्था गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रदेश, स्थानीय तह, सहकारी संस्थाहरु | २०८० पौष मसान्तभित्र | कोपोमिस प्रणालीको प्रयोग बढेको हुने। |
| ११. | तीन महिनाभित्र नाश हुन सक्ने वा उपभोग अवधि समाप्त हुने अवस्थाका सम्पत्तिलाई नगदमा रुपान्तरण गर्ने । | नेपाल सरकारले तोकेको निकायले अवस्था यकिन गरी संस्थाको नाशहुन सक्ने सम्पत्ति विक्रि वितरण गरी नगदमा रुपान्तरण गर्ने । | नेपाल सरकारले तोकेको निकाय/अधिकारी | सहकारी संस्था, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | समस्यामा परेका सहकारी संस्थाका नाश हुने तथा उपभोग अवधि समाप्त हुने सम्पत्ति नगदमा परिणत भएको हुने । |

५५

| क्र.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| १२. | सहकारी नियामावली, २०७५ को नियम ७१ को व्यवस्था कार्यान्वयन गर्ने । | रु ५० करोड रुपैया भन्दा वढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसावकिताव जाचँ गर्न नेपाल राष्ट्रबैंकको समन्वयमा एक छुट्टै टोली खटाई निरीक्षण गरी प्रतिवेदन गर्ने। | नेपाल राष्ट्र बैंक सहकारी विभाग | अर्थ मन्त्रालय, सम्बन्धित संघ/महासंघ, | २०८० चैत्र मसान्तभित्र | निरीक्षण प्रतिवेदन प्राप्त भएको हुने । |
| १३. | सहकारी संस्थाको सम्पत्ती लिलाम प्रक्रियालाई केही समय स्थगन गर्न नेपाल राष्ट्र बैंक मार्फत बैंक तथा वित्तीय संस्थाहरुलाई | समस्यामा रहेका सहकारी संस्थाहरुका सम्पत्तीहरु अन्य बैंक तथा वित्तीय संस्थाहरुमा धितोमा रहेको र कतिपय त्यस्तो सम्पत्ति धितो लिलाम बिक्रीको प्रक्रियामा समेत गईरहेको परिप्रेक्ष्यमा सहकारीमा जम्मा भएको आम सर्वसाधारणको वचतको सुरक्षा गर्ने प्रयोजनका लागि सहकारीका सम्पत्ति लिलाम प्रक्रियालाई केही समय स्थगन | नेपाल सरकार | अर्थ मन्त्रालय नेपाल राष्ट्र बैंक | कार्तिक मसान्त | निर्देशन जारी भएको हुने । |

| क.सं | मुख्य मुख्य सुधार सुझावहरु | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | उपलब्धि सुचक |
|---|---|---|---|---|---|---|
| | अनुरोध गर्न | गर्न नेपाल राष्ट्र बैंक मार्फत बैक तथा वित्तीय संस्थाहरुलाई अनुरोध गर्न नेपाल सरकारबाट नेपाल राष्ट्र बैंकलाई निर्देशन जारी गर्ने। | | | | |

अल्पकालीन तथा दिर्घकालीन सुधार सुझावको हकमा मन्त्रालयले आवश्यक कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनुपर्नेछ ।

## परिच्छेद ७

## उपसंहार

### ७.१ सुधार सुझाव कार्यदलको निष्कर्ष

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०लाई प्राप्त कार्यशर्तको अधिनमा रही विभिन्न कार्यशालाहरु, विद्धतवर्गहरुसँगको छलफल तथा राय परामर्श एवं सहकारी पिडित बचतकर्ताका प्रतिनिधिहरुसँगको छलफलका आधारमा कार्यदलले आफ्नो निष्कर्ष निकालेको हो।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखापरेका समस्याहरुको विश्लेषण गर्दा सहकारी संस्थाको सञ्चालन प्रक्रियामा सैद्धान्तिक विचलन आएको, निश्चित समुदायमा केन्द्रीत रहेर संस्था सञ्चालन नगरिएको, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा व्यवस्थापनमा समेत एकाघरका व्यक्तिहरुको संलग्नता भई सदस्यहरुबाट संकलित बचत रकमलाई घरजग्गा, अर्पाटमेन्ट, डिपार्टमेन्टल स्टोर तथा विभिन्न कम्पनीहरुमा प्रत्यक्ष लगानी गरेका कारण समस्या सृजना भएको हो। सहकारी संस्थामा बचतकर्तामार्फत जम्मा भएको रकमलाई केही निश्चित सदस्यहरुले विभिन्न कम्पनीहरु खडा गरी त्यसै मार्फत बचतको परिचालन गर्दा व्यावसायिक जोखिम बढेर गएको हो। जसका कारणले सहकारी संस्थाको वित्तीय अवस्था कमजोर हुन गई समस्या देखिएको हो।

सहकारी संस्थाहरुको पुँजी संरचनाकोपर्याप्त व्याख्या नभएका कारण सबै प्रकृतिका सहकारीहरुको स्रोत सदस्यहरुकै बचत हुनगयो। सम्पत्ति र दायित्व व्यवस्थापनका मूलभुत पक्षहरुलाई ध्यान नदिईबचत रकमको परिचालन गरिदा सम्पत्ति र दायित्वका विचमा असन्तुलन बढेर गयो। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको अधिक ऋण लगानी घर जग्गामा केन्द्रित भई ऋणको केन्द्रिकृतजोखिम बढेर जानु समस्याको प्रमुख कारक हो। कुल पूँजीकोषको अधिकतम दश प्रतिशतले हुन आउने एकल कर्जा सीमाको नीतिलाई कडाईका साथ पालना नगर्दा समस्या जटिल बनेको हो। सहकारी संस्थाहरुले आफ्नो नियमित वित्तीय अवस्थाको विश्लेषण/जाँच नगर्दा संस्थाको वित्तीय स्वास्थ्य कस्तो छ भन्ने एकिन हुँदैन यसरी वित्तीय योजना विनानै बचतको परिचालन गर्दा समस्या सिर्जना भयो। सहकारी संस्थाहरुको ऋण अत्याधिक रुपमा अनुत्पादक क्षेत्रमा प्रवाह हुनु, सदस्यको भुक्तानी क्षमताको मापन नगरी लगानी गरीदा असुलीमा समस्या आएको हो।

सहकारी संस्थाहरुले ऋणको वर्गिकरण नगरी जोखिम कोष पर्याप्तताको विश्लेषण विना लाभांस वितरणमा मात्रै केन्द्रीत रहँदा भविष्यमा हुनसक्ने वित्तीय जोखिमआँकलन कमजोर हुनगयो । तरलता

व्यवस्थापनको रणनीति लागु नगरी तुरुन्तै भुक्तानी गर्नुपर्ने दायित्वका (Short Term Obligation) रकमहरुको समेत लेखाजोखा नगरी ऋण प्रवाहमा मात्रै केन्द्रीत हुँदा तरलताव्यवस्थापनमा समस्या देखिएको हो ।

सहकारी संस्थाहरुकाबिच हुने समानान्तर आर्थिक कारोबारका कारण पनि कतिपय संस्थाहरुमा समस्या देखिएको छ। त्यस्तै सहकारी संस्थाहरुले घरजग्गा जस्ता स्थिर सम्पत्तिहरुमा बढि लगानी गर्दा वित्तीय असन्तुलन भई सदस्यको बचत फिर्ता गर्न नसक्ने अवस्था आएको देखिन्छ।

कार्यदलले आफ्नो प्रतिवेदन निर्माण गर्ने क्रममा नियामक निकाय,सहकारी संघ/संस्थाहरु,बचतकर्ता सदस्यहरुले तत्कालगर्न सक्ने पहलकदमीको विषयमाआफ्ना सुझावहरु राखेको छ। बचतकर्ता सदस्यहरुबाट बचत फिर्ताको माग भैरहेको तर फिर्ता गर्न नसकेका सहकारी संस्थाहरुले स्थिर सम्पत्ति बिक्रि वा अन्य क्षेत्रमा भएका लगानीहरुलाई यथाशिघ्र तरल सम्पत्तीमा रुपान्तरण गरी बचतकर्ता सदस्यहरुको बचत फिर्तालाई पहिलो प्राथमिकतामा राखी यस सम्बन्धि विस्तृत कार्ययोजना बनाई आफ्नो नियामक निकाय र केन्द्रीय संघहरुमा जानकारी दिने,केन्द्रीय संघले जिल्ला र प्रदेश संघहरुसँग समन्वय गरी सदस्यहरुलाई कार्ययोजना अनुरुप बचत फिर्ता गरे/नगरेको विषयमा सहजिकरण र अनुगमन गर्नुपर्दछ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखिएको विचलनले सदस्यहरुमा सहकारी संस्थाहरुप्रति परेको अविश्वासको कारण बचत फिर्ता माग भैरहेको हुन सक्छ, यसका लागि सहकारी संस्थाका सञ्चालक समिति र व्यवस्थापनले सदस्यहरुसँग नियमित भेटघाट, छलफल र परामर्श गर्ने र सहकारीको सुचना नियमित रुपमा प्रकाशन गरिरहनु पर्दछ।


सदस्यको बचत रकम अपचलन गरेको देखिएका सहकारी संस्थाका जिम्मेवार पदाधिकारी, व्यवस्थापनमा आवद्ध जोसुकैकोराहदानीरोक्का गर्नेगरी व्यवस्था गर्नुपर्छ। एकाघरपरिवार र नजिकका नातेदार समेत संचालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनभित्र स्वार्थ बाझिने गरी रहेको भए तिन महिनाभित्र पदबाट हट्नुपर्ने गरी नियामक निकायबाट निर्देशन जारी गरी यसको परिपालना गरे/नगरेको विषयमा नियामक निकायले निरिक्षण गर्नुपर्ने।सहकारी संघ संस्थाका सञ्चालकसमिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनमा संलग्न पदाधिकारी/व्यक्तिहरुको तिन पुस्ते विवरण नियामक निकायमा नियमित अद्यावधिक गर्नुपर्ने व्यवस्था समेत मिलाउनुपर्छ।

८९

सहकारी संस्थाहरुले प्रत्यक्ष रुपमा आफैंले लगानी गरेका कम्पनी, मार्ट, अपार्टमेन्टहरुलाई एक वर्षभित्र व्यवस्थापन गरी तरल सम्पत्तिमा रुपान्तरण गर्न निर्देशन गर्ने र त्यसको सुक्ष्म रुपमा नियामक निकायबाट एवं संघहरुबाट समेत अनुगमन निरिक्षण गर्नुपर्छ ।

सहकारीका संघहरु बचत तथा ऋणका गतिविधिहरुमा मात्रै केन्द्रीत नभई आफ्ना सदस्य संस्थाहरुको निरीक्षण अनुगमन गरी आवश्यक प्राविधिक सहयोग गर्ने र प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्नु जरुरी देखिन्छ। समानान्तर संस्थाहरु विच एकापसमा आर्थिक कारोबार, लेनदेन, बचत जम्मा, ऋण प्रवाह जस्ता कार्यहरु भैरहेको भए आगामी एक वर्षभित्र राफसाफ गर्ने। एकै व्यक्ति र परिवारभित्र कुल पूँजीकोषको दश प्रतिशत भन्दा बढि कर्जाहरु केन्द्रीकृत भएको रहेछ भने त्यसलाई छ महिनाभित्र व्यवस्थापन गरिसक्न निर्देशन गरी तिनवटै तहका नियमन निकायहरुबाट सोको निगरानी गर्नुपर्छ ।

सहकारी संस्थाहरुको नियामनकारी निकायहरुबाट निरिक्षण अनुगमन गर्ने कार्यलाई नियन्तर र सघन बनाउने। अनुगमन गरिसकेपछि संस्था जोखिमपूर्ण देखिएमा सुधारका निम्ति योजना पेश गर्न लगाई निश्चित समय प्रदान गर्ने। सञ्चालकहरुलाई नियामक निकायमा अनुगमनको क्रममा संस्थामा देखिएका कैफियतहरुका विषयमा छलफल र परामर्श गरी नियमित रुपमा पृष्ठपोषण र आवश्यकता अनुरुप पुरस्कृत तथा दण्डित गर्नुपर्छ ।



## अनुसुचीहरु

### अनुसुची १

### काठमाडौं, बर्दिबास र नेपालगञ्जमा आयोजित कार्यशालाबाट प्राप्त सुझावका मुख्य मुख्य अंशहरुः

- अभियानको रुपमा सदस्य शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने ।छाता संगठन तथा सरकारले सहकारी शिक्षाको लागि बजेट व्यवस्थापन गर्नुपर्ने ।
- संचालक तथा सदस्यहरुलाई संस्थाप्रति जवाफदेही बनाउने ।
- संस्थाहरुको नियमन तथा अनुगमनलाई प्रभावकारी हुनुपर्ने ।
- संचालक तथा लेखा सुपरिवेक्षण समितिको योग्यता निर्धारण गर्नुपर्ने ।
- संचालक समिति र लेखा सुपरिवेक्षण समितिलाई लगातार एउटै पदमा दुई कार्यकाल भन्दा बढी बस्न नमिल्ने कानुनी व्यवस्था गर्नुपर्ने ।
- कर्जा सूचना केन्द्र र ऋण असुली न्याधिकरण तत्काल व्यवस्था गर्नुपर्ने
- सहकारीहरुको वर्गिकरण गर्नुपर्ने ।
- अभियान र नियामक निकायले संयुक्त अनुगमन गर्नुपर्ने ।
- संस्थाहरुको अनुगमन गरी सिस्टममा चलेका सहकारीहरुको सूची तयार गरी सार्वजनिक गर्नुपर्ने।
- गैर बैंकिङ सम्पत्तिको सहजताका साथ विक्री गर्ने व्यवस्था मिलाउन कानुनमा आवस्यक संसोधन गर्नुपर्ने ।
- सरकार र छाता संघहरुले सहकारी सदस्यहरुलाइ सहकारी संस्थामा राखेको बचत सुरक्षित छ भन्ने प्रत्याभुति दिलाउन पहल गर्ने ।
- कार्यक्षेत्र विस्तारलाई सही व्यवस्थापन गर्नुपर्ने ।
- सहकारीसंस्थाहरुलाई एक आपसमा एकिकरण गर्न आवस्यक सहजिकरण र त्यस्ता संस्थाहरुलाई आवस्यक सहुलियत दिने व्यवस्था मिलाउने ।
- सहकारी सञ्जाललाई दुई तहमा हुनेगरी व्यवस्थापन गर्नुपर्ने ।
- वित्तिय कारोवार गर्ने सहकारीहरुका लागि छुट्टै ऐन बनाई जारी गर्ने ।
- संघहरुले वित्तिय कारोवार नगर्ने ।
- ऋण लगानीलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गर्नुपर्ने ।
- कोपोमिसलाई पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने ।
- सहकारी संस्थाहरुले उद्देश्य केन्द्रित कारोवार गर्नुपर्ने ।

- सन्दर्भ व्याजदरलाई पुर्णरुपमा खारेज गर्नुपर्ने ।
- उत्पादन मुलक क्षेत्रमा सदस्य केन्द्रीत भई ऋण लगानी गर्नु पर्ने,
- आन्तरिक सुशासन कायम गर्नु पर्ने ।
- संस्थाको सञ्चालन र नियन्त्रण सदस्यको पहुँचमा पुऱ्याउने,
- प्रभावकारी नियामक निकाय स्थापना गर्नु पर्ने,
- कर्जा सूचना केन्द्र, कर्जा अशुली न्यायधिकरण र बचत र ऋणको सुरक्षण कोष तत्काल व्यवस्था गर्नु पर्ने ।
- स्तरिकरण कार्यक्रममा सबै सहकारीहरुलाइ आवद्ध गराउनु पर्ने ।
- स्थिरिकरण कोषको प्रभावकारी कार्यान्वियन हुनु पर्ने ।
- पर्ल्स मापदण्ड परिपालन गर्न र गराउनु गर्ने ।
- ऋण र ऋणीको विमा व्यवस्था गर्नु पर्ने ।
- विना धितो असुलीका लागि सञ्चालक समितिको सिफारिसमा सम्वन्धित मालपोत कार्यालयबाट एकाघरका परिवारको सम्पती रोक्का गर्ने व्यवस्था गर्नु पर्ने ।
- वित्तिय सहकारीहरुले गैर वित्तिय लगानी नगर्ने ।
- सहकारी विभागको संरचनागत सुधारकालागि रजिष्ट्रर सहित सम्पूण कर्मचारिको नियुक्ति राजिनितिक हुनु भएन । सहकारी विभागको रजिष्ट्रारको नियुक्ति कम्तीमा ३ देखि ५ बर्षको हुनुपर्ने ।
- सहकारि विभागका कर्मचारीहरु नियम तथा कानुन बुझेको प्रष्टवक्ता हुनुपर्यो ।
- राजनितीबाट आएका प्रमुखले कतिपय बचत तथा ऋण सहकारी ले फटयाई गरेपनि आँखा चिम्लने परिपाटिले राम्रा सहकारी प्रति विस्वास गुम्दै गएकाले विभागले त्यस्ता सहकारीको पहिचान गरि कारवाहि अगाडि बढाउनु पर्यो । सहकारी विभागले सम्वन्धित निकायले सहकारी स्वः नियमन कार्यन्वयनको परिक्षण गर्नुपर्यो । अनुगमन निष्पक्ष हुनुपर्यो । अनुगमनमा जाने कर्मचारिलाई सुरक्षाको व्यवस्था हुनुपर्यो ।
- सहकारि क्षेत्रको नियमनका लागि तत्काल बेग्लै नियमनकारी निकायको व्यवस्था गनुपर्ने ।
- निश्चित कार्यक्षेत्र र कारोवार आकार तोकि वर्षमा कम्तिमा एक पटक अनुगमन गरि सुधारको लागि पहल गर्नुपर्यो ।
- विभागको काम कारवाहिलाई अनलाईन प्रणालीमा गर्नुपर्यो ।
- सहकारीको लेखापरिक्षण सहकारी विभाग मार्फत प्रमाणित हुनुपर्यो ।
- सबै स्थानिय तहले सहकारी क्षेत्रमा भएको काम कारवाहि सहकारी विभागले अनुगमन गरि आवश्यकीय सुझाव प्रदान गर्ने ।
- सहकारी अभियान (सञ्जाल) को तहगत संरचनाः
    - ❖ राष्ट्रिय सहकारी महासंघ

१२

- ❖ बिषयगत केन्द्रिय संघ
- ❖ बिषयगत प्रदेश संघ
- ❖ बिषयगत जिल्ला संघ
- ❖ स्थानीयतह संघ

- सहकारी कानुनको अक्षरश पालना हुनुपर्ने ।
- संचालक समितिको योग्यता र संख्या निश्चित हुनु पर्ने
- पूँजीगत संरचना अनुसार सहकारीको वर्गिकरणको आवश्यकता (अनुगमन प्रयोजनको लागि) ।
- बचत तथा ऋण सहकारीको हकमा बढिमा एक जिल्ला मात्रै कार्यक्षेत्र हुनु पर्ने ।
- जिल्ला तथा प्रदेशस्तरीय संघको संयोजनमा सहकारीले कृषि तथा उत्पादनशील क्षेत्रमा लगानीलाई जोड दिनुपर्ने ।
- कार्यक्षेत्र मिल्ने सहकारी संस्थाहरुलाई एकीकरणमा जानको लागि प्रोत्साहन गर्न आयकर छुट दिने र सम्पत्ति स्थानान्तरण गर्दा लाग्ने सम्पूर्ण कर छुट हुनुपर्ने
- नियमित बचतमा लाग्ने ब्याजकर मिनाहा हुनुपर्ने ।
- सञ्चालक समितिले कुल ऋण लगानीको ५ प्रतिशत मात्र उपभोग गर्न पाउने ।
- सहकारी संस्थाले अनुउत्पादक (अनावश्यक जग्गा, भवन, सवारी साधान) सम्पत्तिमा लगानीका लागि निरुसाहित गर्नुपर्ने ।
- सहकारी प्रर्वद्धनको कोषको रकम महासघंमा राख्नु पर्ने ।
- स्थिरिकरण कोषको रकम प्रतिशत घटाई सबै सहकारी सहभागी गराउने
- दोहोरो सदस्यता खारेज गर्ने ।
- आयकरको दर सहकारी ऐन अनुसार बनाउने
- सन्दर्भ ब्याजदर बजार अनुसार हुनु पर्ने ।
- सहकारी एकीकरण गर्दा १ वडा एक विषयगत सहकारी हुने गरी गर्ने ।
- स्थानीय तहको स्वामित्व सहकारीमा हुनुपर्ने ।
- स्तरीकरण कार्यक्रम एकद्धार मार्फत विषयगत केन्द्रीय संघमा हुनुपर्ने ।
- नयाँ सहकारी दर्ता र कार्यक्षेत्र रोक गरी एकिकरणमा प्रोत्साहन गर्नुपर्ने र अन्तर जिल्ला र प्रदेश कार्यक्षेत्र विस्तार र एकिकरणमा तत्काल रोक लगाउनु पर्ने ।
- निजामती सेवामा सहकारी सेवा समूह छुटै हुनुपर्ने ।
- एकिकृत लेखा प्रणाली लागु गर्नुपर्ने ।
- सहकारी ऐन २०७४ संग, प्रदेश र स्थानिय ऐन संग बाझिएका सबै ऐन कानुन परिमार्जन गर्नुपर्ने।
- सहकारी प्रर्वद्धनका कार्यक्रमहरु केन्द्रीय तहबाट नै लागु गर्ने ।

- सहकारीको ऋण नतिर्ने ऋणीहरुलाई कालो सूचीमा राखी राज्यबाट प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित गर्ने ।
- खराब ऋणीहरुको एकिकृत सूचना प्रणालीको व्यवस्था गर्ने ।
- खराब ऋणीहरुको सम्पत्तिमा नियामक निकाय वा प्रारम्भिक सहकारीको पत्रबाट ठाडो रोक्का गर्ने व्यवस्था गर्नुपर्ने । बचत तथा ऋणको सुरक्षण प्रत्याभूति गर्नुपर्ने ।
- सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको योग्यता निर्धारण गर्नुपर्ने,
- बचत तथा ऋण सहकारी बाहेक बचत ऋणको कारोवार ३० प्रतिशत गर्नुपर्ने व्यवस्था परिमार्जन गर्नुपर्ने ।
- बचत तथा ऋण सहकारीहरुले उत्पादनमूलक कार्य गर्न पाउने ऐनको आवश्यकता ।
- विषयगत सहकारीहरुले आफ्नो उद्देश्य बमोजिमको कार्यहरु गर्नुपर्ने व्यवस्था पूर्ण कार्यान्वयन गर्ने। विषयगत सहकारी संस्थाहरुले गर्न मिल्ने र नमिल्ने कार्यहरु स्पष्ट रुपमा ऐनमा खुलाउने । बहुउद्देश्यीय सहकारीहरुले बचत ऋण बाहेक व्यवसायिक कार्य गर्न बाधक ऐनहरु खारेज गर्नुपर्ने।
- स्थिरीकरण कोष र प्रवद्र्धन कोष नेपाल सरकारको मातहतमा रहि सहकारीको समस्या हल हुने कार्यविधि तयार गर्नुपर्ने । स्थिरीकरण कोष विषयगत संघहरुको मातहत रहने व्यवस्था हुनुपर्ने।
- अभियान २ तह (प्रारम्भिक संस्था र केन्द्रीय संघ) मात्र कायम हुनुपर्ने ।
- सहकारीलाई पनि राष्ट्र बैंकले वित्तिय कारोवारको क्षेत्रको रुपमा राखे ।
- जगेडा कोष र शेयर पूँजीको १० प्रतिशत मात्र लगानी गर्न पाउने भनिएको छ साथै बहुउद्देश्यीय सहकारीले जम्मा बचतको ७० प्रतिशत उत्पादन क्षेत्रमा लगाउनुपर्ने भनिएकोमा सो व्यवस्था हटाउनुपर्ने ।
- बचत रकम फिर्ता गर्ने समय तोकिनु पर्छ र हालको विसम परिस्थितीमा कुलिङ्ग पिरिएड निर्धारण गर्नुपर्ने ।
- ऋण अशुलीमा राज्यको सुरक्षा निकायको सहयोग हुनुपर्ने ।
- राज्यको ३ खम्वे अर्थनीतिको व्यवहारमा लागु गर्न बलियो संरचनाको आधार बनाउनुपर्ने,
- सहकारीको ऋण नतिर्ने सदस्यहरुलाको राज्यले दिने कुनै पनि सिफारिस र सुविधा रोक्का गर्ने ।
- सहकारीको ऋण नतिर्ने सदस्यहरुलाको राज्यले दिने कुनै पनि सिफारिस र सुविधा रोक्का गर्ने व्यवस्था
- अनुगमन नगर्ने राज्यका संरचना र अभियानका निकायहरुलाई अनुदान रोक्का गर्ने व्यवस्था हुनुपर्ने।
- विशिष्टीकृत सहकारी संघमा लगानीको आधार के हो सो कुरा स्पष्ट हुनुपर्ने ।
- नियमनकारी निकायहरुद्धारा राष्ट्र बैंकले जस्तै संस्था सञ्चालन सम्वन्धि निर्देशिका जारी गर्नुपर्ने ।

- संघहरुले गरेको आर्थिक कारोवारको सुनिश्चितता गर्नको लागि छुट्टै नियमनकारी र अनुगनको संयन्त्र विकास गर्नुपर्ने ।
- सञ्चालक समितिको ४९ प्रतिशत सदस्यले लिने ऋण कूल ऋण लगानीको अधिकतम कति प्रतिशत लिन पाउने सो को व्यवस्था ऐनमा हुनुपर्ने ।
- बचत ऋणको केन्द्रीय संघ र सहकारी बैंकको चेक क्लियरिङ हुने व्यवस्था हुनेपर्ने ।
- ऋण लगानी किस्ताबन्दीको आधारमा गर्ने । ऋण लगानीलाई विविधिकृत गर्ने ।
- हल तरलता अभाव भएका सहकारीहरुको लागि महासंघ मार्फत राज्यबाट सहुलियत व्याजदरमा ऋण प्रदान गर्नुपर्ने ।
- ठुलो आकारको बचत संकलन तथा ऋण लगानी नगर्ने ।
- बचत तथा कर्जा सुरक्षण कोषको स्थापना गर्ने ।
- नियमित बचतलाई अनिवार्य गर्ने ।
- संस्थागत सुशासन लाई उच्च प्राथमिकता दिई आन्तरिक नियन्त्रण प्राणालीलाई प्रभावकारी बनाउने।
- प्रतिस्पर्धाको माध्यमबाट दक्ष जनशक्ती छनौट गर्ने ।
- सहकारी शिक्षालाई बिद्यालय स्तरबाट नै लागु गर्ने ।
- जानीजानी नियतबश संस्थाको ऋण नतिरि समस्या सृजना गर्ने ऋणि सदस्यहरुको यकिन गरी निजहरुको धितो जमानी भए सो बाट असुल उपर गर्न राज्य स्तरबाट सहजिकरण गरिदिनुपर्ने र धितो जमानत नभएको हकमा जमानत रोक्का राखि सहजिकरण गर्न राज्यबाट सहयोगी भूमिका निवार्ह गर्नुपर्ने ।
- सम्बन्धित सरोकारवालाहरु समक्ष सहकारी संस्थाबाट भएको कारोबारको यथार्थ विवरण सार्वजनिक गर्ने । कोपोमिसमा दर्ता गर्नुपर्ने ।
- लेखा सुपरिवेक्षण समितिलाई प्रभावकारी बनाउने । लेखा सुपरिवेक्षण समिति प्रत्येक ३ महिनामा संस्थाको आर्थिक गतिविधि चुस्त दुरुस्त भए नभएको जाँच गर्ने तथा सुझाब दिने तथा प्रतिवेदन पेश गर्ने हुनुपर्छ ।
- संस्थाले कालो सुचिमा रहेको ऋणहरुको लिलाम प्रक्रियाहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउने।
- चालु आर्थिक वर्षलाई संस्थाको सेवा, सुविधा, योजना, सहकारी ऐन नियमहरुको ब्यवस्था बारेमा सहकारी जागरण वर्षको रुपमा शिक्षा सचेतना अभियान सञ्चालन गर्ने ।
- सहकारी ऐनमा तोकिएको भन्दा बढि पटक लेखा परिक्षण एकै लेखापरिक्षकबाट गराउने सहकारी संस्थालाई दण्ड सजायको ब्यवस्था गर्ने । गलत प्रतिवेदन दिने लेखापरिक्षकलाई कारबाहिको भागिदार बनाउने ।

- एक अर्व भन्दा बढि कारोबार गर्ने सहकारी संस्थाको वार्षिका लेखा परिक्षण गर्ने लेखा परिक्षक नियुक्ति संघिय सहकारी विभाग मार्फत गर्ने ।
- समस्यामा परेका सहकारी संस्थाहरुको वर्गिकरण गरेर समस्या सृजना भएको अवस्था, विषय, सञ्चालक र सदस्यहरुको कारोबारको अवस्थालाई वर्गीकृत मापदण्ड तयार गरी क, ख, ग, गरेर विश्वसनियता कायम गर्न पहल गर्ने ।
- बचतकर्ताको रकम फिर्ता हुन्छ भन्ने कुराको विश्वास सरकारले बचत कर्तालाई दिलाउने ।
- बार्षिक नवीकरण धेरै संघहरुमा बुझाउँदा समस्या परेको छ ।
- सहकारी संस्थाका संचालकहरुका लागी ऋण लिन नपाउने ब्यवस्था अनुप्रर्छ ।
- सहकारी संस्थाको संचालक तथा लेखासुपरिवेक्षण समिति को योग्यता मापन हुनुप्रर्छ
- निति,निर्माणमा दक्षता भएको व्यावसायक योजना निर्माण तथा कार्यान्यिन मा प्रभावकारी भुमिका खेल्ने र सदस्यको हितमा हुनु पर्ने ।
- व्यत्तिगत लाभ भन्दा समग्र संस्था एवम शेयर सदस्यहरुको लाभमा केन्द्रीत हुनुपर्छ ।
- स्थानिय तह सम्म सहकारीहरुको समन्वयकारी र नेतृत्वदायी साझा संयन्त्रको प्रावधान ऐनमा थप हुनुपर्ने ।
- संस्थाको साधारण सभामा ५० प्रतिशत उपस्थित हुनुपर्ने प्रावधान धेरैधेरै सदस्य भएका ठूला संस्थामा व्यवहारिक नहुने भएकाले साधारण सभाको गणपुरण संख्या पुरानै ऐनको प्रावधान अनुसार २५ प्रतिशत नै कायम गर्ने ।
- सञ्चालक समितिको कार्य अवधि विनियममा संस्थाले आफै निर्धारण गर्ने गरी बढीमा ४ वर्ष भनी उल्लेख गर्ने ।
- बचत तथा ऋण सहकारी संस्था र बचत ऋण कारोवारमा बढी बिचलन भएका बचत र ऋण कारोवार गर्ने संस्थाको लागि छुट्टै ऐनको व्यवस्था हुनुपर्ने ।
- स्थानिय स्तरको अनुगमन स्थानिय स्तरबाटै प्रभावकारी रुपमा हुन सक्ने भएकाले सीप साधन र स्रोत सहित अनुगमनको जिम्मा स्थानिय जिल्ला संघहरु, केन्द्रीय विषयगत संघहरुलाई दिने प्रावधान ऐनमा नै तोकेर आउनु पर्ने ।
- अनुगमनको आवधिक प्रतिवेदन नियामक निकायमा पेश गर्ने र समस्या ग्रस्त देखिएमा कार्वाहीको सिफारिस गर्ने प्रावधान तोकिनु पर्ने ।
- सहकारी ऐनको परिच्छेद (१४) ८१ मा भएको हालको व्यवस्थामा विनाधितो समूह जमानी वा कारोवार धितोको आधारमा दिइने प्रकृतिको ऋण असुलीको प्रावधान किटान नभएकोले सो समेत किटान हुनुपर्ने । परिच्छेद १३ मा करछुट सम्बन्धी प्रावधानमा उत्पादनमूलक कार्य र सहकारीको आयमा कर छुटको प्रावधान लचिलो बनाइनु पर्ने ।
- सहकारी संस्थाले प्रयोगमा ल्याउने सफ्टवेयर र इबैंकिङ प्रक्रिया सम्बन्धी व्यवस्था ऐनमा किटान हुनु पर्ने ।

- शेयर लाभांशको सिमा घटाउनु पर्ने ।
- सहकारी बैंक र नेफ्स्कून भएका ठाउँमा सम्भव भए सम्म सहकारी बैंक र नेफ्स्कूनसँग कारोवार गर्नुपर्ने भन्ने प्रावधान ऐनमा समावेश हुनुपर्ने ।
- बचतका नया उत्पादन तथा सेवाहरु निर्माण गरी बचत संकलनमा जोड दिने ।
- स्थिरीकरण कोषमा कम्तीमा १० प्रतिशत रकम राख्ने ब्यबस्था गर्ने।
- बचत,कर्जाका बारेमा घरदैलो अभियान सञ्चालनगरी सदस्यहरुलाई जागरुक तथा सचेतना कार्यक्रम गर्ने ।
- सरकारले समस्याग्रस्त सहकारीको उत्थानकालागि कोष खडा गरी तत्कालका लागि राहत उपलव्ध गराउने ।
- समस्यामा परेका सहकारीहरुको छनौट गरि सरकारले तत्काल आफनो मातहतमा लिइ गल्तीगर्नेको चल अचल सम्पति रोक्का गरी कारवाहिको दायरामा हुनेलाई कारवाहि गर्ने र अन्यायमा परेका सदस्यलाई तत्काल राहतको व्यवस्था गर्ने ।
- तत्काल सहकारी एकिकरण गर्न प्रेरित गर्ने र आवश्यक सहयोग सम्वन्धित निकायले गर्ने।
- समस्याग्रस्त सहकारीहरुको छानविन गरी विषयगत केन्द्रिय संघहरुमार्फत पुर्नउत्थान कर्जा उपलव्ध गराउने ।
- समय समयमा राज्यको सम्बन्धीत नियमनकारी निकायबाट कडाइका साथ अनुगमन तथा नियमनको ब्यवस्था गर्नुपर्ने ।
- नियमनकारी निकायको सिफारीसमा बिनाधितो कर्जा असुलीको लागि सम्बन्धीत खराब ऋणीको आफ्नो वा एकासंगोल परीवारको धितो बन्धक गर्ने ब्यवस्थाको लागि समन्वय गर्ने ।
- सहकारी क्षेत्रको बारेमा अनावश्यक प्रचार प्रसार गर्नेलाई यथासिघ्र कार्वाहीको दायरामा ल्याउने।
- सहकारीमा हुने राजनितिकरणलाई निरुत्साहित गर्ने ।
- सहकारी ऐन २०७४ र नियमावली २०७५ को पुर्ण कार्यान्वयन गर्ने ।
- सहकारीमा नेतृत्व हस्तान्तरण लाई प्रभावकारी रुपमा पालना गरी सामुदायिक सहकारीको अवधारणा लाई कार्यान्वयनमा ल्याउने ।
- मापदण्ड सहित सहुलियत कर्जा को ब्यवस्थापन गर्ने ।
- कर्मचारी तथा संचालकलाई नियमित तालिमको ब्यवस्था गरी सहकारी संचालन गर्न दक्ष जनशक्ती निर्माण तथा बिकाश गर्ने ।
- महिला सहकारीमा तुलनात्मक रुपमा कम जोखिम देखीएकोले महिला सहकारीहरुलाई बिषेश प्राथमिकतामा राख्ने ।

- सहकारीमा ग्राहक हैन सदस्य बनाएर उनिहरुलाई आफु बास्तबिक सो सहकारीको मालिक भएको आभास दिलाउने र सदस्यको हरेका कृयाकलापमा सहकारीको सहभागिता लाई प्रभाबकारी बनाउने
- जस्तो सुकै खराव परीस्थितिमा पनि सदस्य संग नियमित सम्पर्क र समन्वयमा रहने ।
- स्थानिय सरकारले ससर्त अनुदानको कार्यक्रमहरु बनाउने ।
- जिल्ला सहकारी कार्यालय , प्रदेश सहकारी बिभाग तथा सहकारी बिभाग गरी ३ तहको संरचना बनाउनु पर्ने ।
- प्रदेश स्तरिय सहकारी प्रशिक्षण केन्द्र स्थापना गर्ने र थप प्रभावकारी रुपमा संचालन गर्नु पर्ने ।
- नियमित सुपरिवेक्षण तथा प्रबद्र्धनको लागि एकिकृत डाटा सेन्टरको स्थापना, निरिक्षण, प्रमाणीकरण को ब्यबस्था गर्नु पर्ने ।
- केन्द्र तह (उपल्लो निकाय)मा सहकारी महासंघ रहनु पर्दछ ।
- विषयगत केन्द्रीय संघका प्रदेश, जिल्ला तथा स्थानीय तह सम्म तहगत शाखा रहनु पर्दछ। विषयगत केन्द्रीय संघहरु बढिमा ५ वटा रहनु पर्दछ । जसमध्ये

    वचत तथा ऋण सहकारी संघ

    बहुदेश्यीय सहकारी संघ

    कृषी सहकारी संघ

    उपभोक्ता सहकारी संघ

    शिक्षा, सुचना, सञ्चार तथा तालीम सहकारी संघ
- हरेक जिल्लामा डिभिजन सहकारी कार्यालय अनिवार्य हुनुपर्ने ।
- सहकारी शिक्षाको अनिवार्यता, स्थानिय तहमा संचालन गरिएको स्कुल र कलेजहरुमा अनिवार्य सहकारी पाठक्रम राख्ने व्यवस्था हुनुपर्ने
- उत्पादन र कृषि संग जोडिएका सहकारीहरुको कर छुट हुनुपर्ने ।
- सहकारी संस्थाहरुलाई तोकिएको मालपोतमा दृष्टिबन्धक दस्तुरहरुमा छुट हुनुपर्ने ।
- नियतबस सहकारीको ऋण नतिर्ने सदस्यहरुलाई कालोसूचिमा राख्न सक्ने व्यवस्था गरिनुपर्ने।
- संस्थाले सदस्यता दिएको मितिले ३ महिना भित्र अनिवार्य सदस्यलाई सहकारी शिक्षा तालीम दिनुपर्ने व्यवस्था सहकारी ऐनमा नै व्यवस्था हुनुपर्ने ।
- सहकारी ऐन तथा नियमावलीमा संचालक समितिका पदाधिकारीहरुको पदावधी २ कार्यकाल मात्र हुनुपर्ने ।
- सहकारी संघसंस्थाको आयकर पुर्ण छुट गर्नुपर्ने ।

## अनुसुची२
## सहकारी सम्वन्धी समसामयिक प्रश्नावली

समयः १५ मिनेट मितिः२०८०।०४।१४

हाल वित्तिय वजारमा देखिएको केही सहकारी संस्थाहरुको विचलित अवस्था र जनमानसमा सहकारी प्रतिको खस्कदो साख जोगाउने काम मुख्यतः सहकारीकर्मीहरुकै भएकोले अव आउने दिनमा सांगठनिक स्वरुप लगायतका विषयमा सुधार र परिष्कृत वनाउने प्रयोजनका लागि तपाईहरुको राय महत्वपूर्ण हुनेहुंदा मनमा पक्ष विपक्षको भावना नराखी देहायका प्रश्नहरुको उत्तर दिनु हुन अनुरोध छ । उत्तर दिंदा आजको सहकारीको समस्या समाधान गर्ने जिम्मेवार व्यक्ति वा निकाय तपाईं आफै पनि हो भन्ने कुरा नविर्सनु होला।

**आफुलाई ठीक लागेको कुनै एकमात्र विकल्पमा √चिन्ह लगाउनुहोस् ।**

१. आजकोसहकारीक्षेत्रकोसमस्या देख्दा तपाईंको मनमा कस्तो उद्वेग चलिरहेको छ ?

क) खासै केही लागेको छैन

ख) जो गल्ति गर्छ उही पर्छ जस्तो लाग्छ

ग) त्रास लाग्छ

घ) के काममा हात हालिएछ जस्तो लाग्छ

२. वर्तमान परिवेशमा तपाईं आफु आवद्ध रहेको सहकारी संस्थामा कूल ऋण लगानीमा भाखा नाघेको ऋणको प्रतिशत कति छ ?

क) ५ प्रतिशत भन्दा कम

ख) ५ देखि १० प्रशित भित्र

ग) १० देखि२० प्रतिशत भित्र

घ) २० प्रतिशत भन्दा माथि

३. तपाईंआवद्धरहेकोसहकारीसंघ संस्थामा कूल सम्पतिको आधारमा जगेडा कोष कति प्रतिशत छ ?

क) ३ प्रतिशत भन्दा कम

ख) ३ देखि ६ प्रतिशत भित्र

ग) ६ देखि १० प्रतिशत भित्र

घ) १० प्रतिशत भन्दा माथि

४. तपाईंआवद्धसहकारीसंघ/संस्थामा कूल बचतको आधारमा तरलता कति प्रतिशत छ ?

क) १० प्रतिशत भन्दा कम

ख) १० देखि १५ प्रतिशत

ग) १५ प्रतिशत भन्दा माथि

५. सहकारीसंघ/संस्थाहरुमा देखिएको आजको अवस्थाको मुख्य जिम्मेवारी कस्ले लिनुर्ला

क) सम्वन्धित सहकारी संघ/संस्थाका सदस्यहरुले

ख) सम्वन्धित सहकारी संघ÷संस्थाका संचालकहरुले

ग) अभियान/संघहरुले

घ) सरकार

६. सहकारीकासदस्यहरुकोबचत रकम जिल्ला, प्रदेश र केन्द्रका संघहरुमा सवैले कारोवार गर्नु ठीक हो ?

क) ठीक हो ।

ख) ठीक होइन ।

७.क. सहकारीअभियानकोतहगतसंरचनाकस्तोहुनुपर्छ?

क) विद्यमान संरचना ठीक छ ।

ख) विद्यमान संरचना ठीक छैन।

७ ख. यदि सहकारी अभियानको विद्यमान संरचना ठीक छैन भने कस्तो हुनुपर्ला?

८. सहकारीकासंघ, संस्थामा संचालक हुनका लागि निश्चित मापदण्ड वनाई संचालकसमिति/लेखा सुपरिवेक्षण समितिको योग्यता निर्धारण गर्नु आवश्यक छ?

क) आवश्यक छ ।

ख) आवश्यक छैन ।

९. वित्तीयकारोवारमासंलग्नसहकारीहरुकालागिछुट्टैऐनकोआवश्यकछरु

बा वर्तमान सहकारी ऐन ठीक छ ।

दा छुट्टै ऐनको आवश्यकता छ ।

१०. सहकारीसंघसंस्थाहरुको प्रारम्भिक अनुगमन गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने जिम्मा कसलाइ दिन उपयुक्त होला ?

क) जिल्लास्तरीय संघ ।

ख) प्रदेशस्तरीय संघ ।

ग) विषयगत केन्द्रीय संघ।

घ) राष्ट्रिय सहकारी महासंघ ।

ङ) माथिका कुनै पनि होइन ।

११. वित्तीयकारोवारमासंलग्न सहकारीहरुमा भविष्यमा आईपर्ने तरलता समस्या समाधानका लागि के उपाय गर्दा उपयुक्त होला ?

क) हरेक संस्थामा रहेको कूल सम्पत्तिको निश्चित प्रतिशत रकम जम्मा गरी वित्तिय सहकारी संस्थाको सुरक्षा कवचको रुपमा अभियानको केन्द्रिय कोष खडा गरी राख्ने ।

ख) सरकारसँग माग गर्ने ।

१२. सहकारी अभियानका लागि कति तहको संरचना उपयुक्त होला ?

क) सहकारी ऐन २०७४ अनुसार ।

ख) केन्द्र र प्रारम्भिक दुइ तहको ।

१३. नियमनकालागिसंघियसहकारीविभागकोहालकोसंरचनामाथपसुधारकालागिकेगर्नुपर्ला?

क) प्रत्येक जिल्लामा संघिय सहकारी विभागको मातहत कार्यालय ।

ख) प्रत्येक प्रदेशमा संघिय सहकारी विभागको मातहत कार्यालय ।

ग) हाल जे छ ठीक छ ।

१४. वित्तियकारोवारगर्नेसहकारीसंघ/संस्थाकोलागि सुपरिवेक्षण र नियमन गर्न छुट्टै निकायको (दोश्रो तहको नियमन गर्ने निकाय (Second Tier Institution- STI) आवश्यक छ?

क) आवश्यक छ ।

ख) आवश्यक छैन ।

१५. वचततथाऋणसहकारीसंघ, संस्थाहरु उत्पादन क्षेत्रमा उदासिन छन् भन्ने गुनासो आईरहेको सन्दर्भमा तपाईंको भनाई के छ ?

क) गैर वित्तीय क्षेत्रमा लगानी गर्नु उपयुक्त हुँदैन ।

ख) जगेडाकोषको निश्चित प्रतिशत उत्पादन मुलक लगानी गर्ने व्यवस्था गर्नु पर्‍यो ।

१६. राष्ट्रियसहकारीबैंकलाइपूर्ण बैंकिंग कारोवारको अनुमतिको लागि कस्तोकानुनी व्यवस्था आवश्यक छ ?

क) नेपाल राष्ट्र बैंक ऐन र बैंक तथा वित्तिय संस्था ऐन संसोधन मार्फत बैंकलाइ वर्गीकरण गरि समावेश गर्ने ।

१७.ख) राष्ट्रिय सहकारी बैंक ऐनको आवश्यकता।

सहकारी प्रवर्द्धन कोषमा छुट्याइएको रकम कुन निकायमा जम्मा र परिचालन गर्दा उपयुक्त होला ?

क) नेपाल सरकार ।

ख) राष्ट्रिय सहकारी महासंघ ।

१८. ५० करोड माथि वासलात भएका सहकारी संघसंस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको सिफारिसमा आन्तरिक लेखापरिक्षण कुन निकायबाट गर्दा उपयुक्त होला ?

क) राष्ट्रिय सहकारी महासंघ ।

ख) विषयगत केन्द्रिय संघ।

१९. सहकारीसंघसंस्थाकोवाह्यलेखापरिक्षककोनियुक्तिकसरीहुनुउपयुक्तहुन्छ?

क) संघसंस्थाको साधारणसभाबाट।

ख) नियामक निकायबाट।

## अनुसुची ३
## जूम मिटिङ सम्वन्धी कृयाकलापको सारांश

मिति २०८०।४।१४ गते अपरान्ह २ वजे देखी करिव एक घण्टा तीस मिनट देसभरका करीव ८५० जना सहकारीका अभ्यासकर्ता वास्तविक सहकारीकर्मीहरुसंग जुम वैठक मार्फत देहायका विषय उपर राय, सुझाव माग गरिएको थियो ।माथि अन्यत्र उल्लेखित भैसकेका सुझावहरु यसमा समावेश गरिएको छैन ।

जुम कार्यशालाबाट सहभागिहरुबाट प्राप्त राय, सुझावहरुः

- सहकारीको सफ्टवेयरको मापदण्ड पुरा गर्नुपर्ने र विभागले प्रमाणिकरण गर्नुपर्ने ।
- एक स्थानीय तहसम्म मात्रै कार्यक्षेत्र दिनुपर्ने ।
- एकै प्रकृतिका सहकारीहरुको संख्या घटाउनुपर्ने ।
- सञ्चालक र लेखा समितिको क्षमता अभिवृद्धिका कार्यक्रमहरु हुनुपर्ने ।
- जिल्ला संघहरुको औचित्य पुष्टि हुनुपर्ने ।
- जिल्ला र प्रदेश संघहरु खारेज गर्नु पर्छ ।
- वैंक तथा वित्तीय ऐन संशोधन गरी सहकारीलाई पनि त्यसमा समावेश गर्नु पऱ्यो ।
- चुस्त दुरुस्त केन्द्रीय सूचना प्रणालीको शिघ्र व्यवस्था गरी संस्थाहरुको प्रतिवेदन प्राप्ति, विश्लेशण र कार्यान्वयनको व्यवस्था गर्नु पऱ्यो ।
- तथ्यांक लुकाउने हुनाले भरपर्दो, प्रमाणिकृत र एकिकृत सफ्टवेयर मार्फत लेखा नियन्त्रण हुनु आवश्यक छ । तोडमोड गर्ने खालको हुनुहुन्न ।
- साविकका पुरानो सहकारीका सदस्य, संचालक र कर्मचारीहरुको रोक्का रहि रहेको जग्गाका कारण उनीहरु वर्षौंदेखि विचल्लीमा परेकाछन् तसर्थ निजहरुको रोक्का रहेको जायजेथा छिटो फुक्कागर्ने व्यवस्था होस् ।
- मूख्य र सहायक कारोवार भनेर ऐननै द्विविधायुक्त वनाईएकोछ । प्रष्टयाउनु पऱ्यो ।
- स्थिरीकरण कोषको अंक घटाउनु पऱ्यो ।
- सदस्यता नीतिको यकिन व्यवस्था होस् ।

- भविष्यमा संस्था दर्ताका वखततै पुँजी, संचालकहरुको क्षमता, भूगोल, त्यस क्षेत्रमा अन्य सहकारीको धारणा, सम्वन्धित छाता संघको सिफारिश आदि विषयलाई ध्यान दिईयोस् ।
- सहकारीलाई स्थानीय निकायको जिम्मा नलगाएर संघीय नियामक निकायबाट नियमन गर्ने व्यवस्थानै उपयुक्त हुन्छ ।
- सहकारीको वर्गीकरण गर्ने कार्यमा किन ढिलाई भएको हो ।
- अनुगमन गर्न जानेले नमस्कार खाएर आउने वानी वन्दगर्नु पर्‍यो ।
- सहकारीका नेताको संस्था सुध्रिए सवै सुध्रिन्छ ।

# अनुसुची ४

## समुह मष्तिस्क मन्थन (Group Brainstroming)छलफलका विषयहरु

| | |
|---|---|
| समुह १ | सहकारी क्षेत्रले हाल सामना गरेका समस्या र समाधानका अल्पकालीन उपायहरु के के हुन् ? |
| समुह २ | सहकारी क्षेत्रले हाल सामना गरेका समस्या र समाधानका दीर्घकालीन उपायहरु के के हुन् ? |
| समुह ३ | संघिय शासन प्रणालीमा सहकारी क्षेत्रको नियमनलाई थप प्रभावकारी बनाउन सहकारी विभागको कस्तो संरचनागत सुधार आवश्यक होला? |
| समुह ४ | वित्तीय सहकारी संस्थाहरुको प्रभावकारी नियमनको लागि नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण वा दोस्रो तहको विशिष्टीकृत नियामक निकाय (STI) को औचित्यता र संरचना कस्तो हुनुपर्दछ? |
| समुह ५ | सहकारी अभियान (सञ्जाल) को तहगत संरचना कस्तो हुनपर्दछ? |
| समुह ६ | वर्तमान वित्तिय सहकारी संस्थाहरुको समस्या समाधानका लागि सहकारी संस्थाका संचालक र लेखा सुपरिवेक्षण समितिका सदस्यहरुको मुख्य कार्य जिम्मेवारी र जवाफदेहीता के कस्तो हुनुपर्छ? |
| समुह ७ | विद्यमान सहकारी ऐन, नियमावलीमा संशोधन, परिमार्जन गरिनुपर्ने विषयहरु के के हुन् ? |
| समुह ८ | वित्तीय कारोबारमा संलग्न सहकारीहरुको तरलता व्यवस्थापनका अल्पकालीन र दीर्घकालीन उपायहरु के के हुन् ? |
| समुह ९ | हाल समस्यामा परेका सहकारीहरुको पुनरुत्थानको लागि सम्बन्धित संस्था, सहकारी अभियान र सरकारले तत्काल गर्नुपर्ने कार्यहरु के के हुन् ? |
| समुह १० | संघहरुले आफ्ना सदस्य संघ संस्थाहरुको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला? |

## अनुसुची ५

## राष्ट्रिय योजना आयोगको सभाकक्ष र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले विभिन्न समयमा आयोजना गरेको छलफल कार्यक्रममा प्राप्त राय परामर्शको टिपोट

सुझावकर्ताहरु:

- **प्रदेश मन्त्रालयका सचिवहरु तथा सातै प्रदेशका प्रदेश रजिष्ट्रारहरु,**
- **प्रबुद्ध वर्ग :कैलाशभक्त प्रधानाङ्ग, केशव बडाल, डा.उषा झा, मुकुन्द दाहाल, डा. भरत प्रधान, कृष्ण गोविन्द लाखाजु, उद्धव सापकोटा, पार्वती थापा, लिलामणि पोखरेल, दिपक प्रकाश बाँस्कोटा, डि.वी. वस्नेत, रविन्द्र के.सी., मनोज खड्का, सञ्जयराज तिमिल्सेना, गणेश शाह, राधा घले, खेम पाठक, ओमदेवी मल्ल, चन्द्र प्रसाद ढकाल र रामहरि बजगाईं ।**

- सहकारी क्षेत्रमा समस्याग्रस्तताको अवस्था देखिएकोले संत्रास्तको संख्या बढ्न नदिने सम्बन्धमा वित्तिय कारोबार गर्ने सहकारीहरुलाई खराब अवस्था (रेड जोन), समस्याउन्मुख अवस्था (एल्लो जोन) र राम्रो अवस्था (ग्रिन जोन) भनेर वर्गिकरण गरी सहकारी संघ संस्थाहरुबाट विवरण संकलन अभियान, नियामक निकायबाट समस्या पहिचान गरी समाधान गर्ने ।
- सहकारीहरुको समस्या पहिचान पश्चात समस्याग्रस्त सहकारीहरुको संचालक र संचालक सम्बद्ध व्यक्तिहरुको चल अचल सम्पत्ति रोक्का गर्ने राहदानी जफत गर्ने जस्ता काननी कारबाही गर्ने । समस्या उन्मुख भएकालाई नियामक निकायले यथासिघ्र छानविनको दायरामा ल्याई आवश्यक व्यवस्थापन गर्ने र राम्रा सहकारीहरुलाई प्रोत्साहन गर्ने र उनीहरुको बजारीकरण गर्ने ।
- एकै प्रकृतिका काम गर्ने एकै स्थानमा अत्याधिक संख्यामा सहकारीहरु सञ्चालन भएको देखिंदा त्यस्ता सहकारीहरुलाई एकिकरण गर्ने र केही समयका लागि नयाँ दर्ता प्रक्रियालाई रोक्का गर्ने तथा निश्चित मापदण्ड तयार गरेर मात्रै नयाँ संस्था दर्ता प्रकृया खुल्ला गर्ने ।
- दोस्रो तहको नियामक निकाय गठन सम्वन्धि प्रकृया अगाडि बढाउन सम्वन्धित मन्त्रालयलाई फोकल पोइन्ट तोकी कार्यारम्भ गर्ने ।

- सहकारी संस्थाहरुको नियमन प्रभावकारी नभएका कारण समस्याग्रस्त हुन पुगेको देखिएकाले सघन नियमनको व्यवस्था गर्ने । यसमा अभियानको तर्फबाट आफ्ना सदस्य संस्थाहरुमा सुशासनको प्रबद्र्धन गर्ने गराउने । नियामक निकायहरुले आफ्नो मातहतमा दर्ता भएका संघ संस्थाहरुको स्थिती सहितको नाम नामेसी आफ्नो वेवसाईटमा सार्वजनिक गर्ने व्यवस्था गर्ने,
- विद्यमान सहकारी ऐन, नियममा व्यवस्था भएका निकायहरु जस्तै ऋण असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्रको सिघ्र स्थापना गरी संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाउने ।
- बचत तथा ऋण सहकारी संस्था सम्बन्धि स्थिरीकरण कोषलाई वित्तीय सहकारी क्षेत्रको जोखिम व्यहोर्न सक्ने गरी अन्तराष्ट्रिय अभ्यास र अनुभवको आधारमा कोष सञ्चालनको प्रभावकारी व्यवस्थापन गर्ने ।
- नेपाल सरकार र सहकारी अभियानको सहयोगमा बचत तथा कर्जा सुरक्षण कोष स्थापना गरी आम सदस्यको बचत संरक्षणको विश्वसनीय वातावरण तयार गर्ने ।
- सहकारी संघ संस्थाहरुले प्रयोग गर्ने सफ्टवेयरमा एकरुपता कायम गर्न संघको सहकारी विभागबाट स्तरीकरण मापदण्ड तयार गरी सुचिकृत भएका सफ्टवेयर मात्र प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- सहकारीको ऋण नतिर्नेको हकमा चल अचल सम्पत्ति रोक्का राख्न सहज हुनुपर्ने ।बढि व्याज लिनेको अनुगमन गर्नुपर्छ ।
- आइक्यानसँग समन्वय गरेर प्राविधिक टिम तयार गरौं ।
- कर्जा सुचना केन्द्र छिट्टै आउनुपर्छ । कर्जाको सुचना केन्द्रीकृत रुपमा प्रशोधन हुने प्रणाली आवश्यक छ,
- २०६९ मा आएको सहकारी नीतिमै वित्तीय सहकारीहरुको ऐन ल्याउने विषय थियो ।
- वित्तीय क्षेत्रलाई संघिय मोडलमा लानु हुँदैन ।
- अभियान कमजोर भयो, कतिपयले व्याजको लोभ गर्दा समस्या भयो ।
- सहकारीलाई समस्याग्रस्त घोषणा गरिहाल्नुपर्ने अवस्थामा कानुन छ तर कार्यान्वयन फितलो छ।

- साना सहकारीहरुमा पनि समस्या आइसकेको छ । सहकारीमा बदमाशी गर्नेको सम्पत्ति जफत गर्ने प्रावधान हुनुपर्छ ।
- स्थानीय तहलाई अधिकार पर्याप्त दिनुपर्छ । नियमन र अनुगमनको विषय किटान गर्नुपर्छ ।
- प्रदेश र स्थानीयतहलाई विकास र प्रर्बद्धनको र संघिय विभागले नियमन गर्नुपर्छ ।
- विभागले कोपोमिसको लाइभ मोनिटर गर्ने र तुरुन्तै प्रतिक्रिया दिने व्यवस्था गर्नुपर्छ ।
- विभागमा क्विक रेस्पन्ड टिम बनाउनुपर्छ ।
- केन्द्रीय संघ र विभागको संयुक्त अनुगमन टोली बनाउनुपर्छ ।
- सुशासनको आधारमा सहकारीहरुको वर्गिकरण गर्नुपर्छ ।
- लेखापरीक्षणमा पनि समस्या छ, त्यसलाई सुधार्नुपर्छ ।
- नियमनकारी निकायको क्षमता अभिवृद्धि गर्नु जरुरी छ ।
- नियमनकारी निकायका कर्मचारी वा अभियान कर्मी हुन, नियत खराब राखेको हकमा पहिचान गरी कडा कारबाही गर्नुपर्छ ।
- उत्पादनशील क्षेत्रमा सहकारीहरुले लगानी बढाउनको लागि धेरै कानुनहरु बाधक छन्, तिनको खोजी गरी सहज बनाउन पहल गरौं ।
- सन्दर्भ व्याजदर स्वचालित बनाउनुपर्छ ।
- १८ वटा विषयगत केन्द्रीय संघको भूमिका किटान हुनुपर्छ ।
- वित्तीय कारोबार गर्ने सहकारीहरुको क्षमता विकास गर्नुपर्छ ।
- आधारभूत क्षमता पनि नभएका सहकारीहरुको विषयमा विशेष ध्यान केन्द्रीत गर्नुपर्छ,
- सहकारीहरुके ऋण प्रवाह गर्ने अभ्यासमा समस्याहरु छन् ।
- दोस्रो तहको नियामक निकाय छिट्टै गठन हुने विषय धेरै अघिदेखि उठेको हो, यसको गठन र कार्यान्वयन हुनुपर्छ,
- सहकारीले गरेको वित्तीय अपचलनले धेरै मानिसहरुले सास्ती खेप्नुपरेकोले कडा कानुनको जरुरी छ ।
- सहकारीहरु आत्मनिर्भर बन्न सक्नुपर्छ । सहकारी गठन अघिनै संस्थापकहरुले सहकारीको मूल्य मान्यता बुझेको हुनुपर्छ । सहकारीको सदस्यलाई पर्याप्त र अनिवार्य शिक्षा दिनुपर्छ ।

- केन्द्रीय संघ र सहकारी बैंकको भूमिका निक्र्यौल गर्नुपर्छ । महासंघको भूमिका कमजोर भयो ।
- सहकारीहरुको कार्यक्षेत्रमा नियन्त्रण गर्नुपर्छ । बहुउद्देश्ययीय सहकारीहरुले वित्तीय कारोबार गर्नुहुँदैन ।
- लेखा सुपरिवेक्षण समितिको भूमिका कमजोर भयो ।
- संघहरुले पनि जिम्मेवारी लिन सक्ने नीति बन्नुपर्छ । सदस्यहरुले पनि जिम्मेवारी लिनुपर्छ,
- लेखापरीक्षक पनि अहिलेको समस्यामाकेही हदसम्म जिम्मेवार छन् ।
- बजार प्रतिनिधि जस्ता कर्मचारीहरुबाट पनि जोखिम छ ।
- ऋण असुलीको लागि विचौलियाको प्रयोग हुँदै आएको देखिन्छ, त्यसलाई रोक्नुपर्छ ।
- सिडिओ कार्यालयलाई पनि पर्याप्त अधिकार दिनुपर्छ ।
- निर्वाचन प्रणालीको उचित व्यवस्थापन हुनुपर्छ ।
- २७ बुँदेमार्फत दिइएको अन्तरिम प्रतिवेदन कमजोर भयो ।यस प्रतिवेदनले सरकारले निर्णय लिन सक्दैन ।
- सहकारीको दर्ता प्रक्रियादेखिनै त्रुटी छ, अनुगमन गर्ने निकायलाई किन थाहा हुनुपर्छ ।
- सहकारीमा कालोधन हुन सक्छ, स्रोत खोजि हुने डरले मानिसले आफ्नो रकम भन्दैनन् ।
- बचतको परिचालन गैर उत्पादनशील क्षेत्रमा धेरै भयो ।
- व्याजदर कायम गर्ने सवालमा धेरै समस्या छ ।
- सहकारी क्षेत्रको पुर्ण रुपमा कानुनी पुर्नसंरचना आवश्यक छ ।
- सहकारी क्षेत्रमा नियत खराब भएकाहरुको पहिचान गर्नुपर्छ ।
- सहकारी अभियानको नेतृत्वमा रहेका व्यक्तिहरुको सहकारीहरु पारदर्शी हुनुपर्छ । सहकारीहरु स्वनियमनमा चल्ने संस्था हुन तर यो सिद्धान्त कार्यान्वयन भएको छैन ।सहकारीको मूल्य मान्यता हराउँदै गयो ।
- समस्याको कारण नियामक र अभियान सबैको जिम्मेवारी छ ।

- दोस्रो तहको नियामक निकायको छलफल धेरै अघिदेखि भएको हो तर सहकारीमा यो निकाय आवश्यक छैन, सिद्धान्ततः यो निकाय बैंकिङ्ग क्षेत्रको लागि मात्रै हो । मुनाफा वितरण नगर्ने क्षेत्रमा दोस्रो तहको निकायको औचित्यता छैन ।
- सहकारीको दर्ता बन्द गर्नुपर्छ र सञ्चालनमा रहेका सहकारीहरुको अनुगमनलाई तिब्र बनाउनुपर्छ।
- अन्तराष्ट्रिय राम्रा अभ्यासहरुबाट पनि सिक्न सकिन्छ ।
- सहकारी अभियानको संरचनामा धेरै तह (टियर) हरु छन् । सहकारी अभियान टु टियर प्रणालीमा लानुपर्छ ।
- मूख्य समस्या बचत ऋणको कारोबारमा मात्रै हो, अन्यमा होइन ।
- ७७ जिल्लामा सहकारीको प्रशिक्षण केन्द्र हुनुपर्छ । नभए ७ प्रदेशमा प्रशिक्षण केन्द्र खोलिनुपर्छ। डिप्लोमा तहको सहकारी शिक्षा शुरु गर्नुपर्छ,
- २०७४ को ऐनमा गतिरोध छ, यसको अन्त्य हुनुपर्छ ।२७ वटा ऐन तगारोको रुपमा छ, उद्योग, शिक्षा, विद्युत लगायतका क्षेत्रमा सहकारीले लगानी गर्न यि ऐनहरु बाधक छन् ।
- अनुगमन र निरिक्षणमा सहकारी विभागको बजेट कम भयो ।
- सहकारीले आफ्ना सदस्यलाई संस्थाको बारेमा प्रस्ट पार्नुपर्छ ।
- गलत नियत भएकाको हकमा पुख्यौली सम्पत्तिबाट पनि असुली गर्नुपर्छ ।
- सहकारीहरु सामाजिक आर्थिक क्षेत्रमा क्रियाशील हुनपर्नेमा बढि व्यापारिक भयो ।सहकारी क्षेत्रको तत्कालै पुर्नसंरचना जरुरी छ,
- तत्कालको लागि पिडक र पिडितको वर्गिकरण गरेर जानुपर्छ । जो पिडित छन्, उनिहरुलाई राज्यको तर्फबाट सम्बोधन गरेर जानुपर्छ ।
- सहकारीमा यसको संयन्त्रले काम गरेको देखिंदैन । दिर्घकालको लागि संस्थागत संरचनामा व्यापक हेरफेर गरेर जानुको विकल्प छैन । सहकारीको लामो इतिहास छ र यसले जनजिविकाको सवालमा धेरै काम गरेको देखिन्छ ।
- कृषि क्षेत्रको विचौलिया अझै हटेको छैन, सहकारीले त्यससतर्फ कार्य गर्न सक्थ्यो । उत्पादन देखि उपभोगसम्मको सम्पूर्ण च्यानलमा सहकारीले काम गर्न सक्नुपर्छ ।

११०

- तत्कालै सम्बोधन गर्नुपर्ने विषयलाई पहिलो प्राथमिकता दिऔं । सडकमा आन्दोलितको सम्बोधन गरौं । सहकारीले वित्तीय पहुँचको सुविधा दिइरहेको अवस्थामा पनि मिटरव्याजी जस्ता समस्या किन आइरहेको छ ।
- कानुनको पालना पहिलो शर्त, जो दोषी छ, उसलाई कारबाही गर्नुपर्छ ।
- नियमनमा थप जनशक्ति आवश्यक छ, त्यसको व्यवस्थापन गरौं ।प्रविधिको व्यापक प्रयोग जरुरी छ, सहकारीहरु प्रविधिमैत्री भएनन् ।
- जानाजानी बदमाशी गर्नेहरुको हकमा कडा सजाय हुनुपर्छ । आर्थिक मन्दीका कारण पनि सहकारीमा धेरै समस्या देखिएको हो ।
- सहकारीको पैसा घरजग्गा जस्ता क्षेत्रमा थुप्रियो, यसको व्यवस्थापन गरौं ।
- अब प्रत्येक महिना समस्या थप हुँदै जाने देखिन्छ । सहकारीमा सदस्यलाई सहकारीको बारेमा ज्यादै कम जानकारी छ ।
- लेखा सुपरिवेक्षण समितिको भूमिका ज्यादै कमजोर भयो । सहकारी किनबेच हुने क्रम तिव्र बनेको छ । सुगम क्षेत्रमा समस्या धेरै छ । समस्याको जिम्मेवारी अभियान र सरकार दुवै पक्षले लिनुपर्छ । अनुगमनको जिम्मा अभियान र सरकारले संयुक्त रुपमा गर्न सक्छ ।
- फेडरल सिस्टममा संघहरु हुनुपर्छ, जिल्ला संघहरुको औचित्य छैन ।संघहरुको सञ्जालमा नआएका सहकारीमा धेरै समस्या । वित्तीय क्षेत्रमा संघियता अभ्यास गर्दा समस्या आयो,
- अभियान र सरकार दुबै जिम्मेवार बन्नुपर्छ ।
- महासंघको जिम्मेवारी पनि अन्तराष्ट्रिय सहकारी महासंघको जस्तै हुनुपर्छ । महासंघमा बजेट कम भयो । भारत सरकारले त्यहाँको महासंघलाई वार्षिक अरबौं रकम बजेट विनियोजन गर्छ । भारतमा सहकारी विश्वविद्यालय स्थापना हुँदैछ । सहकारीको जनशक्तिको क्षमता विकास नभएसम्म यो समस्या रहिरहन्छ ।
- सरकारको सहयोग विना सहकारी क्षेत्रको विकास हुँदैन । डिभिजन सहकारी कार्यालयहरु खारेजी भएपछि झनै समस्या थपियो ।
- केन्द्रीय संघहरुको सदस्यता ज्यादै न्युन छ ।
- सहकारीको मर्म, मूल्य मान्यता नमान्ने संस्थालाई सहकारी भन्न सकिदैन,

- नेफ्स्कूनले यसअघि ७ बुँदामा सुझाव दिइसकेको छ । संघियताको अभ्यासमा डिभिजन कार्यालयहरु हटेपछि समस्या भयो । बचत ऋण सहकारीले वित्तीय संस्थाको मान्यता पाउनुपर्छ।
- महासंघमा सदस्य भएका १९ वटा केन्द्रीय संघको भूमिका प्रष्ट भएन ।
- विश्व अर्थतन्त्रको समस्याका कारण हामिले त्यसको अनुभव गर्नुपरेको हो ।
- सञ्चालकको कारण समस्या आएको पनि हो तर सबैमा होइन । ललितपुरका सहकारीहरुले ६८ अर्ब रुपैयाँ फिर्ता गर्न सकेका छैनन् । अन्य राम्रोसँग सञ्चालनमा रहेका सहकारीहरुमा यसको प्रभाव नकारात्मक भयो । सरकाले उद्धारको योजना ल्याउनुपर्छ ।
- सञ्चालकले कर्जा लिन नपाउने व्यवस्था चाहियो । सञ्चालकको सम्पत्ति विवरण बुझाउने व्यवस्था हुनुपर्छ ।
- सहकारी संस्था दर्ता तत्कालै बन्द गरिनुपर्छ । सहकारीको सेवा केन्द्र विस्तार तत्कालै बन्द हुनुपर्छ ।
- ऐन अनुसार जनसंख्या र बचत ऋण सहकारीको संख्याको विषय तत्कालै कार्यान्वयनमा लानुपर्छ।
- सहकारी अभियानमा रहेका नेतृत्वको प्रारम्भिक संस्थाको पहिचान र अनुगमन पहिला हुनुपर्छ ।
- सञ्चालक र कर्मचारीले संस्था छोड्ने प्रवृत्ति बढ्दो छ, यसमा दुवै पक्ष उत्तिकै जिम्मेवार भएर लाग्नुपर्छ ।
- भूगोलको आधारमा पनि सहकारीहरुको वर्गिकरण हुनुपर्छ ।
- सहकारी बैंकको चेक क्लियरेन्स हुने व्यवस्था गर्नुपर्छ ।
- प्रधानमन्त्रीकै तहमा विश्वासको वातावरण बनाउन पहल गर्नुपर्छ ।

## अनुसुची ६

## राष्ट्रिय सहकारी बिकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, वागमती प्रोस्कुन र जिल्ला संघहरुको तर्फबाट सुझावहरु

### राष्ट्रिय सहकारी बिकास बोर्ड

<u>साझा समस्याहरु</u>

- सहकारीहरू आफुले तयगरेको उदेस्य र त्यो उदेस्य प्राप्तिमा का लागि प्रयोगमा जादा फरक फरक सोच हुनु। आफुले तय गरेका उदेस्य प्राती कालागि गरिने कार्यहरु बोर्ड सदस्यहरु, अनि उपसमितिहरुमा एकै किसिम को सोच को बिकास हुन नसक्दा उदेस्य प्राप्ति तथा कार्य सम्पन्न हुन नसक्ने र बिबाद खडा भइ कार्यक्रम हुन नसक्ने तेस्ले उदेस्य प्राप्ति मा असर हुन गइ समस्या आफै भित्र बाट सृजित हुन पुग्नु ।सहकारी शिक्षाको अभाव ।
- सहकारीको नियामकीय अधिकार प्राप्त सरकारी निकाय ले नियमन गर्न नसक्नु वा प्रभाबकारी हुन नसक्नु सम्बिधानत सहकारी लाइ तिनै तहको सरकार भित्र पारिनु अनि नियमन को अधिकार संघिय सरकारको मातहत मात्र राखिनु । जसमा जनशक्ति को अभाव को कारण नियमन राम्रो संग हुन नसक्नु ।
- सुशासन को अभाब । संस्थाको संचालक हरुले ऐन, नियम, निर्देशिका अनुसार आफुलाई लैजाने कुरामा हेलचक्र्याइँ गर्नु र ब्यबस्थापन ले पनि उनीहरुलाई ऐन, नियम, कार्यविधि तथा बेलावेलामा जारि गरिने निर्देशिका लाइ राम्रोसंग बुझाउन नसकेर सुशासन राख्न नसक्नु ।
- दक्ष जनशक्ति को अभाव । सहकारी पढेका बुझेका मानिसहरु को अभाव को कारण सहकारी नबुझेका कर्मचारी हरुबाट संस्था संचालन गर्दा दुर्घटनाहरु हुन पुग्नु ।
- सहकारी ऐन र नियमावली ले ब्यबस्था गरेका कार्य हरु कार्यान्वायन गर्न सरकार उदासिन हुनु (ऋण असुली न्यायाधिकरण, बचत तथा ऋण सुरक्षण कोष, कर्जा सूचना केन्द्र आदि) ।

<u>बचत तथा ऋण सहकारीको</u>

- आफुले लिने बचत तथा लगानी गर्ने ऋण को समय को बिस्लेषण नगरी बचत लिने तथा लगानी गर्ने

जोखिमको लागि गरिएका ब्यबस्था प्रभावकारी बनाउन नसक्नु वा नाचाहानु ।

लामो समय सम्म सहकारी चल्दा पनि संस्थागत पुंजी मा सुधार गर्न नसक्नु वा नाचाहानु ।

बचत, ऋण तथा जगेडा कोष को बिस्लेष्ण नगरी लगानी गर्नु बिशेषत ठुला भनिएका सहकारी हरु प्रयाप्त पुजिबिनै लगानी गर्नु

- माथिका बिबिध कारणले सहकारी समस्यामा गएको कुरा सबैलाई अबगतनै छ यहि कारण लाइ हेरेर संचालक, ऋणी, संचालक सदस्य के कस्तो भूमिका निर्वाह गरे भन्ने आधारमा सहकारी को बर्गिकरण गर्नु पर्दछः
  - संचालक बदमास भएर समस्यामा परेका ( निक्षेप गर्ने रकमको श्रोत नगरी निक्षेप र कानुन बिपरित रकम अपचलन गर्ने निक्षेप रकम लिएर भाग्ने )
  - ऋणी बदमास भएर समस्यामा परेका ( सहकारीको ऋण तिर्नु पर्दैन भन्ने ,प्रचार गर्ने र लामो समय सम्म नतिर्ने )
  - संस्थाले कानुन मिचेर समस्यामा परेका (जथाभाबी ऋण लगानी गर्ने, कानुनि प्रक्रिया पुरानगरी बिस्वास को भरमा लगानी गर्ने )
  - सुशासनमा रहदा रहदै समस्यामा परेका ( आफ्नो भागौलिक क्षेत्र भित्रका अरु संस्थाहरु नहुदा सोहि अनुरुप हाम्रोमा पनि सुरक्षित छैन भनेर बचत माग्न आउदा बचत फिर्ता दिन नसक्ने अवस्था आएर समस्यामा परेका )

समस्यामा परेको शुशानमा नबसेरै हो तसर्थ कसलाई कार्यबाही गर्ने कसलाई नगर्ने भन्ने कुरा निरक्युओल् गरेर तिनीहरु को कारवाही अगाडी बढाउने र बाकिलाई समस्याको गहिराइ हेरेर यस्तो गर्न सक्दा राम्रो हुन्छ ।

- बर्गीकरण को आधारमा सरकारबाट विभिन्न तरिकाले सहयोग जान्छ भन्ने संदेश जानु पर्दछ ।
- सहकारीलाई समस्या समाधानको लागिमात्र सहुलियत कर्जा दिने व्यवस्था गर्नु पर्दछ ।
- सहकारीहरूले आफ्नो स्वेतपत्र जारि गर्नुपर्दछ ।
- सहकारी हरुलाई Cooling Period दिएर जानु पर्दछ ।
- ऋणीहरुलाई ऋण भुक्तानी गर्न अभिप्रेरित गर्नुपर्दछ ।
- बचत तथा ऋण सहकारीलाई असिमित कार्यक्षेत्र दिनु हुदैन ।

दोश्रो तहको नियामक निकाय को लागि सरकारी क्षेत्रबाट हुदैन । यस्तो ठाउको लागि प्रशासन स्थाई प्रकृति को हुनुपर्दछ । २, ३, महिनामानै सरुवा भएर जाने कर्मचारी राखिनु हुदैन । तसर्थ यसको लागि बर्तमान मा भएका सहकारी का बिभाग, प्रशिक्षणकेन्द्र, सहकारी बोर्ड हरु एकै ठाउमा राख्ने र

प्राधिकरण बनाउने ।यसै अन्तर्गत अनुगमन, नियमन र प्रवर्धन को कार्य गराउने व्यवस्था गर्ने ।सहकारी मन्त्रालयको बेग्लै व्यवस्था गर्ने । प्राधिकरण को सम्पर्क मन्त्रालय सहकारी मन्त्रालय बनाउने ।

**राष्ट्रिय सहकारी महासंघ,**

**अल्पकालीन उपायहरु**

- सरकार र अभियानबाट संयुक्त रूपमा समस्याउन्मुख संस्थाहरूको अध्ययन विश्लेषण (आवश्यक परेमा डिडिए समेत) गरी नियतवश रकम अपचलन गर्ने संचालक र कर्मचारीहरूको तत्काल सम्पत्ति रोक्का, वैदेशिक यात्रामा रोक, ऋण वा संचालकको परियोजनामा लगानी गरेको भए असुलउपर गर्ने र सदस्यहरूलाई रकमका आधारमा फिर्ता गर्दै लैजाने,
- सहकारी प्रवद्र्धन कोषको रकम महासंघमार्फत परिचालन गरी अनुगमन तथा सुपरिवेक्षण, सुशासन प्रवद्र्धन तथा सहकारीका असल अभ्यासहरूको प्रचार प्रसार गर्दै आमसमुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने,
- वर्तमान सहकारीको अवस्थाका कारण तरलताको समस्या झेलिरहेका संस्थाहरूको सहजीकरणका लागि वित्तीय कारोबार गर्ने संस्थाहरूको वचत रकमको निश्चित प्रतिशत जम्मा गरी सरकारको विभिन्न कोषबाट राष्ट्रिय सहकारी बैंकमार्फत तरलता व्यवस्थापन कर्जा दिने,
- वित्तीय कारोबार गर्ने संस्थाको कार्यक्षेत्र विस्तार एवं सेवा केन्द्र स्थापनामा पूर्ण रोक लगाउने,
- सहकारी ऐन , २०७४ को दफा ८१ र सहकारी नियमावलीको नियम ३७ वमोजिम सहकारी कर्जा सूचना केन्द्र तत्काल गठन गर्ने,
- सहकारी ऐन, २०७४ को दफा ८२ वमोजिम कर्जा असुली न्यायधीकरण तत्काल स्थापना गरी कार्य संचालन हुनुपर्ने,
- सहकारी ऐन नियमावली अनुरूप बचत तथा ऋण सुरक्षण कोष तत्काल स्थापना गरी कार्यान्वयनमा ल्याउनुपर्ने,
- सहकारीको सन्दर्भ व्याजदरलाई स्वचालित वनाउन तत्काल सहकारी नियमावली संशोधन गर्नुपर्ने,
- सम्पत्ति तथा दायित्वका आधारमा सहकारी संघ÷संस्थाको वर्गीकरण ' (१ अर्व भन्दा माथि क वर्ग, १ अर्वसम्म ख वर्ग, ५० करोड सम्म ग वर्ग, २५ करोडसम्म घ वर्ग), तथा जोखिमका आधारमा सघन सुपरिवेक्षण गर्नुपर्ने,
- सार्वजनिक रूपमा अनिवार्य त्रैमासिक संस्थागत खुलासा (सहकारी विभागको वित्तिय विवरणको ढा"चामासुधाररसार्वजनिकमिडियामाप्रकाशनगर्नुपर्ने,

<u>दिर्घकालीन उपाय</u>

- सहकारी संघ/संस्थाले अनिवार्य पूर्व सदस्य शिक्षा तथा वित्तीय साक्षरता संचालन गर्नुपर्ने,
- निर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरूले अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने,
- सहकारी संघ/संस्थाका कर्मचारीहरूका लागि अनिवार्य रूपमा सेवा प्रवेश र सेवाकालीन तालिम संचालन गर्नुपर्ने, २५ करोड भन्दा माथि कारोबार गर्ने सहकारी संघ/संस्थाको व्यवस्थापन प्रमुखमा अनिवार्य कम्तीमा सहकारी विषयको १ महिने व्यवसायिक कोर्ष पुरा भएको हुनुपर्ने, सहकारी शिक्षा कोषको रकम उद्देश्य अनुरूप अनिवार्य परिचालन गर्नुपर्ने,
- विद्यालय र विश्वविद्यालय तहमा सहकारी विषयको अध्ययनअध्यापनलाई अनिवार्य गराउनुपर्ने,
- साधारण सभा संचालन प्रकृयामा सुधार गर्नुपर्ने तथा सदस्य संस्थाहरूको निर्वाचनमा संघ/महासंघबाट अनिवार्य पर्यवेक्षणको व्यवस्था गर्नुपर्ने,
- सहकारी प्रवद्र्धन कोषको रकम महासंघमा जम्मा हुने कानुनी व्यवस्था गर्नुपर्ने र उक्त रकमबाट अनुगमन निरिक्षण, सूचना तथा सञ्चार एवं क्षमता अभिवृद्धिमा प्रयोग हुने व्यवस्था गर्नुपर्ने,
- सहकारीको कारोबारलाई विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न पाउने गरी कानुनी व्यवस्था गर्नुपर्ने,
- सहकारी क्षेत्रको पूजीलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न पाउने गरी वाझिएका अन्तसम्वन्धित ऐनहरू संशोधन गर्नुपर्ने,
- १ अर्वभन्दा माथि कारोबार गर्ने संघ/संस्थाको समिति र सिइओको सेवा अवधि वढीमा २ कार्यकाल मात्र हुने व्यवस्था,
- ५० करोड/१ अर्व भन्दा माथि कारोबार गर्ने संघ/संस्था र समितिको सिइओले ऋण लिन नपाउने व्यवस्था,
- नियमित अनुगमन तथा निरिक्षणका लागि नियामक निकायहरूको सवलीकरणका लागि क्षमता अभिवृद्धि, दक्ष जनशक्तिको व्यवस्था तथा नियमित विभागीय जिम्मेवारी हेरफेर,

- महासंघबाट नियमित अनुगमन तथा निरिक्षणका लागि श्रोतको व्यवस्थापन गर्नुपर्ने (सरकारबाट वजेट निकासा, प्रवद्र्धन कोषको परिचालन, सम्वन्धित संघ/संस्थाको सहकारी विकास कोषबाट लिन पाउने व्यवस्था)
- दोस्रोतहको नियामकीय निकायको स्थापना तथा प्रभावकारी नियमन तथा सुपरिवेक्षणको व्यवस्था गर्नुपर्ने,
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली, निर्देशनको पालनाका लागि अभियानबाट समेत सचेतना, प्रशिक्षण तथा नियमनको व्यवस्था गर्नुपर्ने,
- सहकारी संघ/संस्थावीचको एकीकरणमा प्रोत्साहन गर्नुपर्ने (१० प्रतिशत भन्दा कम जगेडा कोष भएका सहकारी संस्थाहरूवीच) 'आयकर, व्यवसाय कर र सम्पत्ति करमा छुट
- नियामक निकाय र महासंघबाट मापदण्ड तयार गरी प्रमाणिकृत भएका सफ्टवेयरहरूको मात्र प्रयोग गर्न पाउने नीतिगत व्यवस्था गर्नुपर्ने,
- महासंघ समेतको समन्वयमा कोपोमिसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,
- सहकारी संघ/संस्थाको यथार्थपरक तथा विश्वसनिय तथ्यांकहरू प्रकाशन गर्नुपर्ने,
- कुल ग्राहस्थ उत्पादन लगायत आर्थिक तथा सामाजिक क्षेत्रमा सहकारी क्षेत्रले पुऱ्याएको योगदान सम्वन्धि अध्ययन अनुसन्धान गर्नुपर्ने,
- राष्ट्रिय सहकारी बैंकलाई पूर्ण बैंकिग कारोवार गर्न पाउने व्यवस्था मिलाउने,
- बचत तथा ऋण सहकारी संस्थाहरूको दर्ता, नियमन र प्रवद्र्धनका लागि छुट्टै बचत तथा ऋण ऐन जारी गर्नुपर्ने,
- वचत तथा ऋण सहकारी संघ/संस्थाहरूले अनिवार्य स्थिरिकरण कोषमा सहभागी हुनुपर्ने व्यवस्था, र प्रभावकारी परिचालन हुनुपर्ने,
- आन्तरिक लेखा परिक्षणमा ५० करोड भन्दा माथि कारोबार गर्ने संस्थाको अनिवार्य महासंघमार्फत गर्ने व्यवस्था हुनुपर्ने,
- सहकारी अभियानको संरचनागत संरचनालाई सुधार गर्नुपर्ने,
- स्थानीय र प्रदेशको सहकारी हेर्ने महाशाखा वा इकाईमार्फत संघ महासंघको सहकार्यमा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने,

- सहकारीमा स्वनियमन र सुशासन प्रवद्र्धन गर्ने संघ महासंघद्धारा संचालन हुने स्तरीकरण कार्यक्रममा २५ करोड भन्दा माथि कारोबार गर्ने संघ/संस्थाहरूको अनिवार्य सहभागिता हुने व्यवस्था हुनुपर्ने,
- प्रारम्भिक सहकारी संस्थाहरू कुनै एक माथिल्लो संघमा अनिवार्य आवद्ध हुने व्यवस्था हुनुपर्ने
- प्रारम्भिक सहकारी संस्थाहरू कुनै एक माथिल्लो संघमा अनिवार्य आवद्ध हुने व्यवस्था हुनुपर्ने

<u>जिल्ला सहकारी संघ लि. काठमाडौं</u>

- सहकारी ऐन २०७४ मा व्यबस्था गरिएको कर्जा सुचना केन्द्रको सट्टा हाललाई विद्यमान कर्जा सुचना केन्द्रमा नै सहभागी गराउनुपर्ने, कर्जा असुली न्यायधिकरण, कालो सुचि तथा बचत सुरक्षण कोषको अविलम्ब स्थापना र कार्यान्वयन गरिनुपर्ने ।
- सन्दर्भ ब्याजदरको बर्तमान व्यबस्थाको पुर्ण खारेजी गरिनुपर्ने ।
- वित्तिय कारोवारका लागि खोलिने सहकारी दर्ता, सेवा केन्द्र बिस्तारमा पूर्ण प्रतिवन्ध गरि बिद्यमान सेवा केन्द्रहरुलाई स्थानियकरण गरिनुपर्ने ।
- नियामक निकायले गरिने अनुगमन प्रभावकारी बनाउन सहकारी अभियानसँग सहकार्य गरि प्रभावकारी सुरक्षात्मक नियमन गरिनु पर्ने ।
- संघिय, प्रदेश र स्थानिय तहमा बिद्यमान संरचना र कर्मचारी क्षमता अभिबृद्धि गरि जिम्मेवार बनाउनुपर्ने ।
- सहकारी ऐन २०७४ को भावना अनुसार नियतबस ऋण नतिर्ने ऋणी सदस्यहरुको चल/अचल सम्पत्ती रोक्का राखी ऋण असुली गर्ने वातावरण बनाउनु पर्ने ।
- कर्जा असुलिमा राज्यले सहजिकरण गरिदिनुपर्ने ।
- आयकरको दर सहकारी ऐन २०७४ अनुसार नै कायम गर्नु पर्ने ।
- सहकारी मार्फत उत्पादन र बजारीकरण गर्ने सहकारीलाई राज्यबाट पूर्ण संरक्षण हुनुपर्ने ।
- स्वनियमन र सुशासनलाई कडाईका साथ लागु गरिनु पर्ने ।
- वित्तिय सहकारी दर्ता गर्नुपुर्व, संचालक तथा लेखा समितिहरुले जिम्मेवारीबहन गर्नुपुर्व सहकारी शिक्षा अनिवार्य गर्नुपर्ने ।

- गा. पा./ न.पा/उ.म.न.पा/महानगर/ प्रदेश ऐनमा संघिय ऐन अनुकुल समायोजन गरी अधिकतम एकरुपता कायम गरिनुपर्ने ।
- नियमक निकायको रुपमा सहकारी विज्ञ, वित्त विश्लेषकहरु सहित राष्ट्र बैंकको सहभागितामा दोश्रो तहको नियामक निकाय (क्त्क्) को गठन र कार्यान्वयन गर्नुपर्ने ।
- सहकारी संस्था नै समस्याको निकासको गन्तव्य हो भन्ने कुरालाई आत्मसाथ गरि सहकारी संस्थाका कार्यालयहरु निर्वाध रुपले सञ्चालन ( असुलि तथा आवश्यक छलफल र कारवाहिका लागि) गर्ने वातावरण सिर्जना गरिनुपर्ने ।
- सहकारी सञ्चालक तथा कर्मचारी माथिको भौतिक आक्रमण तथा धाकधम्किलाई निरुत्साहित गर्ने वातावरण कायम गरी दोषिमाथी कानुनी कारवाही गर्नुपर्ने ।
- समस्यामा परेका सहकारीका सदस्यहरु जो आन्दोलनमा हुनुहुन्छ वहाहरुसँग राज्यले सम्बन्धित सहकारी संस्थासँगको समन्वयमा वार्ता गरी निकासको वातावरण बनाउनु पर्ने ।
- उपत्यकामा पर्याप्त तरलता भएका सहकारी बैंक, वित्तिय सहकारी संघ तथा संस्थाहरुले कर्जा लगानीलाई प्राथमिकता दिई वित्तिय अवस्था चलायमान गराउनुपर्ने ।
- महासंघ, केन्द्रीय संघहरुमा संस्था तथा सदस्यहरुको लगानी असुलीमा कानुनी उपचार र सहजीकरणका लागि कानुनी परामर्श डेस्कको व्यवस्था गनुृपर्ने ।
- बिघमान तहगत संरचनाको बारेमा पुनरावलोकन गर्नुपर्ने ।
- मालपोत रोक्कामा कार्यक्षेत्रको नाममा अनावश्यक झञ्झटको अन्त्य गर्नुपर्ने ।
- संस्थाले थोक कर्जा उपभोग गरी भुक्तानी गरेको व्याजमा अग्रिम करकट्टिको व्यबस्था हटाउनु पर्ने ।
- जिम्मेवार नेतृत्व विकास र हस्तान्तरणका लागि अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षको बहुपदिय अवधाराणामा लगी उपाध्यक्ष वरिष्ठ उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष स्वत अध्यक्ष हुने, एक कार्यकाल भन्दा एकै पदमा रहन नपाउने व्यबस्था गर्ने ।
- निजामती सेवामा सहकारी सेवा समुहको छुट्टै व्यबस्था गर्नुपर्ने ।
- सहकारी ऐनमा विघमान मुनाफामा कोषको वितरणको व्यबस्था र प्रवद्र्धन कोषको परिचालन महासंघ मार्फत हुनेगरी परिमार्जन गरिनुपर्ने ।

- सहकारी क्षेत्रमा गम्भिर वित्तिय अपराध गर्ने सञ्चालक, कर्मचारी तथा सदस्यलाई सहकारी ऐन बमोजिम कारवाहि हुनुपर्ने ।
- सहकारीका खराब ऋणीले कुनै पनि निर्वाचनमा भाग लिन नपाउने, राजनितिक नियुक्ति नपाउने, राज्यका अन्य सेवा सुविधा रोक्का गर्ने व्यवस्था गरिनुपर्ने ।
- बाह्य वातावरणका कारण समस्यामा परेका सहकारीहरुलाई कार्ययोजना सहित बचत फिर्ता गर्न शसर्त निश्चित समयावधि थप दिनुपर्ने ।
- असल र सुसासनमा रहेका सहकारीहरुलाई प्रोत्साहित गर्दै आम सर्वसाधारणमा सहकारी प्रतिको सकारात्मक धारणा जगाउने काम गर्नुपर्ने ।
- सहकारी माथिका गलत सुचना प्रवाह गर्ने, कर्जा नतिर्न सार्वजनिक आह्वान गर्ने, अफवाह फैलाउने, गलत प्रायोजिक समाचार लेखन र संम्प्रेषण गर्ने माथि कारवाहि गर्नुपर्ने ।
- सहकारी तरलता व्यवस्थापन कोष खडा गरी सहकारी बैंक मार्फत परिचालन गर्ने व्यवस्था गर्नुपर्ने ।

<u>वागमती प्रोस्कुन र जिल्लागत विषयगत संघहरु</u>

- सहकारी ऐन २०७४ को कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था तत्काल कार्यन्वयन नभएको अवस्थालाई मध्यनजर गरी हाल बैंक वित्तीय संस्थाहरुको कर्जा सूचना केन्दमा वित्तीय सहकारी संस्थाहरु संलग्न हुन सक्ने व्यवस्था गरी तत्काल सहकारी संस्थाको कर्जा सूचना केन्द्रसम्मको पहुँच विस्तार गर्ने,
- बचत तथा कर्जा सुरक्षण कोष तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कर्जा असुली न्यायाधीकरणको स्थापना गरी संचालन गर्नुपर्ने । सो स्थापना नभएसम्म हाल बैंक तथा वित्तीय संस्थाहरुको लागि स्थापित कर्जा असुली न्यायाधीकरणको दायरा भित्रै वित्तीय सहकारीलाई समावेश गर्नुपर्ने,
- वर्तमानमा समस्या देखिएका र समस्याउन्मुख सहकारीहरुमा प्रभावकारी नियमनको लागि शक्ति सम्पन्न
- सञ्चालन, व्यवस्थापन नियन्त्रण गर्न सक्ने सम्म) संयन्त्रको विकास गरी प्रभावकारी नियमन गर्नु पर्ने,

- वर्तमान अवस्थामा समस्या देखिएका सहकारी संस्थाहरुको सिघ्र अनुगमन गरी नियतबस कारोबार गर्दा समस्यामा आएका, सञ्चालन सक्षमताका कारण समस्यामा आएका र समस्यामा नआएकामा वर्गिकरण गरी नियतवस कारोबार गरी सदस्यको बचत असुरक्षित पार्ने सञ्चालक कर्मचारीहरुबाट तत्काल अशुल उपर गर्नका लागि आवश्यक सबै कानुनी प्रकृयाहरु अवलम्बन गर्नु पर्ने,
- सहकारीहरुका सञ्चालक, लेखा सुपरीवेक्षण समिति, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकहरु, विभिन्न उपसमितिका सदस्य र निजका एकाघर परिवार तथा नजिकका नातेदारहरु र सम्बन्धित व्यक्तिहरुले उपभोग गर्न पाउने ऋणको अनुपात निश्चित गरी मापदण्ड जारी गर्नुपर्ने,
- समस्याउन्मुख सहकारी संस्थाका सञ्चालक र कर्मचारीहरुको चल अचल सम्पत्ती, राहदानी लगायतका राज्यको पहुँच र पहिचान भएका सम्पत्तिहरु तत्काल रोक्का राखे,
- स्थानीय तह र प्रदेशको सहकारी हेर्ने शाखा वा ईकाई मार्फत विषयगत संघहरुसँगको सहकार्यमा प्रभावकारी अनुगमन गर्ने । अनुगमनमा नियामक निकाय र जिल्ला प्रदेश र केन्द्रीय सहकारी अभियानले संयुक्त अनुगमन गरी समस्या देखिएका क्षेत्रहरुमा सुधारको लागि निश्चित समयसीमा दिई सुधार नभएमा आवश्यक कानुनी कारवाही अगाडि बढाउने,
- हाल सहकारी ऐन २०७४ मा रहेको सन्दभ ब्याजदर तोक्ने प्रकृयालाई आवश्यक संसोधन गरी बजारदर अनुसार हुनेगरी (बैंक वित्तीय संस्थाको तत्कालिन कायम भएको आधारदर भन्दा न्यूनतम केही प्रतिशत बढी) हुने गरी स्वचालित पद्धतीमा ब्याजदर कायम गर्ने व्यवस्था गर्ने,
- सहकारी ऐनको दफा ११४ को व्यवस्था कार्यान्वयनको लागि तत्काल निर्देशिका जारी गर्ने र त्यस्ता संस्थाको हकमा कर छुट लगायतका सहुलियत प्रदान गर्ने,
- बचत तथा ऋण सहकारीहरुको तरलता व्यवस्थापनको लागि विषयगत केन्द्रीय संघमा छुट्टै तरलता कोष स्थापना गर्नुपर्ने,
- सहकारीहरुको कार्यक्षेत्र विस्तार गर्दा सो सहकारीले विद्यमान कार्यक्षेत्रको कुल जनसंख्याको ५० प्रतिशत पहुँच पुऱ्याए पश्चात मात्र विस्तार गर्ने व्यवस्था गर्नुपर्ने,

- हाललाई कार्यक्षेत्र विस्तार र नयाँ संस्था दर्ता पूर्णरुपमा बन्द गर्नुपर्ने,
- सञ्चालक समितिको पदाधिकारी र लेखा सुपरीवेक्षण समितिको संयोजक एउटै पदमा लगातार दुई कार्यकाल भन्दा लामो समय बस्न नमिल्ने कानुनी व्यवस्था गर्नुपर्ने,
- ऋण सुरक्षणमा राखिएको धितो ऋण असुलीको क्रममा नपुग भएमा निजको एकाघरको चल अचल सम्पत्ति सहजै रोक्का राखी असुली गर्न सक्ने व्यवस्था गर्नुपर्ने,
- वित्तीय कारोवार गर्ने संस्थाहरुको लागि पर्ल्स मापदण्ड अनिवार्य कार्यान्वयन गर्नुपर्ने (वार्षिक वाह्य लेखा परीक्षणमा समेत समावेश गर्ने व्यवस्था गर्नुपर्ने)
- सहकारी विभाग वा सम्बन्धित निकायबाट प्रमाणीकरण भएको वित्तीय सफ्टवयेर मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्ने,
- कम्तीमा पनि वार्षिक २५ प्रतिशत सदस्यलाई सदस्य शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था अनिवार्य गर्नु पर्ने,
- संस्थाले सदस्यहरुलाई ऋण लगानी गर्दा कुल ऋण लगानीको कम्तीमा पनि ७० प्रतिशत ऋण आयआर्जन गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने,
- वित्तीय सहकारी संस्थाहरुको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार हुने न्यूनतम योग्यता (शैक्षिक, अनुभव, कानुनको पालना एवम् सुशासन) तोक्नुपर्ने,
- सहकारी ऐन मार्फत संघ (जिल्ला, प्रदेश र केन्द्रीय) हरुको कामहरुको स्पष्ट किटान गर्नु पर्ने, सञ्जाल विस्तार गरी आफ्नो काममा क्रियाशिल रहन नसक्ने संघहरुको खारेजी गर्नु पर्ने,
- सहकारी संस्थाको लेखा परीक्षण प्रकृयालाई विश्वास योग्य बनाउनका लागि लेखा परीक्षकले दिने लामो फारममा अनिवार्य सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन र निजहरुको एकाघर परिवारमा रहेको ऋणको विवरण अनिवार्य खुलासा गर्न लगाई सदस्यहरुलाई प्रदान गर्ने प्रतिवेदनमा अनिवार्य प्रकाशन गर्नु पर्ने व्यवस्था गर्नु पर्ने,
- सहकारी ऐन २०७४ को दफा ८४ को कार्यन्वयनका लागि सम्बन्धित निकायमा परीपत्र गरी तत्काल लागुगराउनु पर्ने,

- सहकारी ऐन २०७४ को व्यवस्था अनुसार हुने गरी सहकारीहरुको संरचना (जिल्ला, प्रदेश र केन्द्र) कायम गरी तहगत भूमिका किटान गर्नु पर्ने,
- वित्तीय सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र स्तरीय बनाउन तहगत (जिल्ला, प्रदेश र केन्द्र) संघहरुमा अनिवार्य आवद्धता, सुनिश्चित गरी तहगत संघहरुको जिम्मेवारी कानूनमा स्पष्ट पार्नु पर्ने,
- सहकारीको कारोवारहरुलाई पनि विद्युतीय माध्यमवाट सेवा प्रवाह गर्न सहज हुनेगरी कानुनी व्यवस्था गर्नुपर्ने (जस्तै, मोवाईल बैंकिङ, चेक क्लियरेन्स, ईन्टरनेट बैंकिङ, कनेक्ट आईपीएस, आदि)
- सहकारी संस्थाको सदस्य संख्या, पूँजीको संरचना, सञ्चालन सक्षमता, कूल सम्पत्तिको गुणस्तर, कानुनी पालनाको अवस्था, सुशासनको अवस्था जस्ता मानकको आधारमा सहकारीहरुको वर्गिकरण गर्नका लागि विषयगत केन्द्रिय संघलाई कानुनी रुपमा जिम्मेवारी तोक्नु पर्ने ।

<u>नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)</u>

<u>क) तत्काल (एक वर्ष भित्र) गर्नुपर्ने कार्यहरुः</u>

- सहकारी ऐन २०७४ मा सहकारीहरुको लागि कर्जा सूचना केन्द्र संचालन गर्ने व्यवस्था भएता पनि हालसम्म कार्यान्वयन नआएकोले तत्काल नेपाल राष्ट्र बैंक र हाल संचालनमा रहेको कर्जा सूचना केन्द्रको दायरा विस्तार गरी वित्तीय कारोबार गर्ने सहकारी संस्थाको पहुँच विस्तार गर्ने,
- वित्तीय कारोवार गर्ने सहकारीहरुको लागि छुट्टै वित्तीय ऐन जारी गर्नुपर्ने,
- सहकारीको उद्देश्य अनुसारको कार्य भए नभएको अनुगमन गरी तत्काल उद्देश्य अनुरुप कार्य गर्न आवश्यक निर्देशन तथा कानुनी कारवाही गर्ने,
- सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कर्जा असुली न्यायाधीकरणको स्थापन गरी संचालन गर्नुपर्ने
- हाल समस्या देखिएका सहकारीहरुमा नियामक निकाय मार्फत स्थलगत निरीक्षण गरी यदि नियतबश समिति तथा व्यवस्थापनबाट सदस्यको रकम अपचलन गरेको पाईएमा तत्काल

उक्त व्यक्ति र अंशियारहरुको नाममा रहेको चल अचल सम्पत्ति रोक्का राखी बिक्री प्रकृया अगाडि बढाई सदस्यहरुको बचत फिर्ता गर्नुपर्ने,

- हाल समस्या देखिएका र समस्याउन्मुख सहकारीहरुमा प्रभावकारी नियमनको लागि संयन्त्र विकास गर्नुपर्ने,
- सहकारी ऐन २०७४ बमोजिम गठन भएको बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरणकोषलाई थप प्रभावकारी बनाउन अनिवार्य आवद्धताको व्यवस्था गर्नुपर्ने,
- स्थिरीकरण कोषमार्फत नियमित अनुगमनका लागि नेपाल सरकारका तर्फबाट वित्तीय स्रोत विषयगत केन्द्रीय संघलाई प्रदान गर्ने र संघले सञ्चालन गरेको स्तरीकरण कार्यक्रमसँग जोडी सहकारीहरुलाई संस्थाको सदस्य संख्या, कुल सम्पत्ति र प्राथमिक पुँजीको आधारमा वर्गिकरण गर्ने व्यवस्था गर्नुपर्ने,
- सहकारीहरुमा सञ्चालक, लेखा सुपरिवेक्षण समिति, निजका एकाघर परिवार तथा नजिकका नातेदारहरु र सम्बन्धित व्यक्तिहरुले उपभोग गर्न पाउने ऋणको अनुपात निश्चित गरी मापदण्ड जारी गर्नुपर्ने,
- समस्याउन्मुख सहकारी संस्थाका सञ्चालक र कर्मचारीहरुको चल अचल सम्पत्ति, राहदानी लगायतका राज्यको पहुँच र पहिचान भएका सम्पत्तिहरु तत्काल रोक्का राख्ने,
- एकीकृत सूचना प्रणाली (कोपोमिस) कडाईका साथ लागु गराउनुपर्ने,
- नियामक निकाय र अभियानको संयुक्त अनुगमन गरी समस्या देखिएका क्षेत्रहरुमा सुधारको लागि निश्चित समयसीमा दिई सुधार नभएमा आवश्यक कानुनी कारवाही गर्नुपर्ने,
- स्थानीय तह र प्रदेशको सहकारी हेर्ने शाखा वा ईकाईमार्फत विषयगत संघहरुसँगको सहकार्यमा प्रभावकारी अनुगमन गर्ने । सोको लागि आवश्यक जनशक्ति विकासमा विषयगत केन्द्रीय संघसँग सहकार्य गर्ने,
- हाल सहकारी ऐन २०७४ मा रहेको सन्दर्भ ब्याजदर तोक्ने प्रकृयालाई आवश्यक संसोधन गरी बजारदर अनुसार हुनेगरी निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने,
- सहकारी ऐनको दफा ११४ को व्यवस्था कार्यान्वयनको लागि तत्काल निर्देशिका जारी गर्ने र त्यस्ता संस्थाको हकमा कर छुट लगायतका सहुलियत प्रदान गर्ने,

- बचत तथा ऋण सहकारीहरुको तरलता व्यवस्थापनको लागि विषयगत केन्द्रीय संघमा छुट्टै तरलता कोष स्थापना गर्नुपर्ने,
- बचत तथा कर्जा सुरक्षण कोष तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने,
- कर्जा असुली न्यायाधीकरणको तत्काल स्थापना गर्नुपर्ने । सो स्थापना नभएसम्म हाल बैंक तथा वित्तीय संस्थाहरुको लागि स्थापित कर्जा असुली न्यायाधीकरणको दायरा विस्तार गरी समावेश गर्नुपर्ने,
- सहकारीहरुको कार्यक्षेत्र विस्तार गर्दा सो सहकारीले विद्यमान कार्यक्षेत्रको कुल जनसंख्याको ५० प्रतिशत पहुँच पुऱ्याए पश्चात मात्र विस्तार गर्ने व्यवस्था गर्नुपर्ने,
- हाललाई कार्यक्षेत्र विस्तार र नयाँ संस्था दर्ता पूर्णरुपमा बन्द गर्नुपर्ने,
- सञ्चालक समिति र लेखासुपरिवेक्षण समितिको एउटै पदमा लगातार दुई कार्यकाल भन्दा लामो समय बस्न नमिल्ने कानुनी व्यवस्था गर्नुपर्ने,
- ऋण सुरक्षणमा राखिएको धितो ऋण असुलीको क्रममा नपुग भएमा निजको एकाघरको चल अचल सम्पत्ति सहजै रोक्का राखी असुली गर्न सक्ने व्यवस्था गर्नुपर्ने,
- वित्तीय कारोवार गर्ने संस्थाहरुको लागि पर्ल्स मापदण्ड अनिवार्य कार्यान्वयन गर्नुपर्ने (वार्षिक वाह्य लेखा परीक्षणमा समेत समावेश गर्ने व्यवस्था गर्नुपर्ने)
- सहकारी विभाग वा सम्बन्धित निकायबाट प्रमाणीकरण भएको वित्तीय सफ्टवयेर मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्ने,
- कम्तीमा पनि वार्षिक २५ प्रतिशत सदस्यलाई सदस्य शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने,
- संस्थाले सदस्यहरुलाई ऋण लगानी गर्दा कुल ऋण लगानीको कम्तीमा पनि ७० प्रतिशत ऋण आयआर्जन गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने,
- वित्तीय सहकारी संस्थाहरुको सञ्चालक समिति र लेखासुपरिवेक्षण समितिमा उम्मेदवार हुने न्यूनतम योग्यता (शैक्षिक, अनुभव, कानुनको पालना एवम् सुशासन) तोक्नुपर्ने,
- वित्तीय सहकारीहरु प्रणालीमा आउनसक्ने जोखिम व्यवस्थापनको लागि सञ्चालन प्रणालीमा एकरुपता, नीति, विधि र प्रविधिमा एकरुपता, उत्पादन र सेवामा एकरुपता, संस्थागत छविमा एकरुपता कायम हुने नीतिगत व्यवस्था गर्नुपर्ने,

## समस्या सुधारको लागि दिर्घकालमा गर्नुपर्ने क्रियाकलपहरु

- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको दर्ता, अनुगमन र नियमनको लागि छुट्टै क्रेडिट युनियन (वित्तीय सहकारी) ऐन जारी गर्नुपर्ने,
- वित्तीय कारोवार गर्ने संस्थाहरुको दर्ता, नियमनमा एकरुपता र सदस्यको बचतको सुरक्षाको निम्ती दोस्रो तहको छुट्टै नियामकीय संस्थामार्फत गर्ने व्यवस्था गर्नुपर्ने, ९क्त्क्ष्)
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ संस्थाको सञ्चालक समितिमा निर्वाचित हुन तत्काल योग्यता तोक्नुपर्ने,
- संघीय सहकारी विभागले सबै तहका सहकारी संस्थाहरुसहकारी अभियानको तहगत संरचना पुनरावलोकन गरी तहगत व्यवस्थापन गर्नुपर्ने ।
- वित्तीय सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र स्तरीय बनाउन विषयगत संघहरुमा अनिवार्य आवद्धता, प्रारम्भिक संस्थाको स्रोत केन्द्रमा र केन्द्रमा संकलित स्रोत प्रारम्भिक तहमा प्रसारको सुनिश्चितता, एकै मापदण्डका नीति एवम् कार्यविधि र प्रविधिको कार्यान्वयन, सुशासनका स्तरीय मापदण्ड र स्वनियमन कायम गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने,
- बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुको सहभागितमा निश्चित प्रतिशत रकम केन्द्रीय संघमा रहने गरी केन्द्रीय तरलता कोषको स्थापना गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनुपर्ने
- सहकारी सम्बन्धी शिक्षालाई विद्यालय र विश्वविद्यालय शिक्षामा अध्ययन तथा अध्ययापन गर्ने व्यवस्था गर्नुपर्ने,
- बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुलाई वित्तीय संस्थाको रुपमा मान्यता दिनुपर्ने,
- सहकारीको कारोवारहरुलाई पनि विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सहज हुनेगरी कानुनी व्यवस्था गर्नुपर्ने (जस्तै, मोवाईल बैंकिङ, चेक क्लियरेन्स, ईन्टरनेट बैंकिङ, कनेक्ट आईपीएस, आदि)
- कार्यक्षेत्र दोहोरो परेका उद्देश्य मिल्ने सहकारीहरुलाई एकीकरणमा प्रोत्साहन हुनेखालको नीतिहरु अवलम्बन गर्ने र यसरी एकीकरण हुने संस्थाहरुलाई विशेष सहुलियत तथा सुविधाको समेत व्यवस्था गर्नुपर्ने,

राष्ट्रिय सहकारी बैंक लि.

सुधारका तत्कालिन तथा दिर्घकालिन सुझाब

वित्तीय तर्फ

| तिनै तहका सरकार तथा नियमनकारी निकाय | |
|---|---|
| तत्कालिन (१ वर्ष भित्र) | मध्यम तथा दिर्घकालिन |
| • सरकार, राजनितिक दल, अभियान समेतले सहकारीमा विश्वासको वातावरण सिर्जना गर्न र संरक्षणको सुनिश्चितता गर्न सकरात्मक सन्देश जाने गरि सूचना प्रवाह गर्ने,<br>• सहकारी संस्थाको वित्तिय संकट तथा समस्याका आधारमा ग्रेडिङ गर्ने, संस्था विशेष उद्धार योजना ल्याउने,<br>• सुधार गर्न सकिने सहकारी संस्थाहरूलाई सरकारद्वारा कम ब्याजदरको रकम *(Soft Loan)* स्वरोजगार कोष, लघुवित्त कोष, स्वाबलम्बन कोष लगायतका विभिन्न कोषबाट सुधार सहायता प्याकेज *(Government Bailout)* प्रदान गर्ने,विभिन्न कोषहरू (स्वरोजगार कोष, लघुवित्त कोष, स्वावलम्बन कोष लगायतका) को रकम राहत स्वरुप सहुलियत दरमा राष्ट्रिय सहकारी बैंकलाई उपलब्ध गराउने,<br>• संस्था सञ्चालनमा कमजोरी गरेकालाई सुधार गर्न | • सहकारी संस्थाको दर्ता तथा विस्तार मापदण्ड तय गरिनुपर्ने,<br>• बचत तथा ऋण सहकारीको दर्ता संघिय निकायबाट मात्र हुने व्यवस्था हुनुपर्ने,<br>• सहकारी बैंक ऐन र वित्तिय कारोबार गर्ने सम्बन्धि ऐन बनाई लागु गर्ने,<br>• सहकारीको नियमन गर्ने प्रणालिलाई प्रभावकारी बनाउन विशेष अधिकार सहितको पृथक निकाय गठन गर्ने,<br>• सहकारीमा नियमन प्रणालिलाई प्रभावकारी बनाई वित्तिय कारोबार गर्ने सिमाका सम्बन्धमा संघ—संस्थाको विनियममा व्यवस्था गर्ने,<br>• सहकारी नियमनमा सदस्य तथा सरकारद्वारा हुने गरि मिश्रित नियमन प्रणालिको |

| | |
|---|---|
| अवसर दिने र सुधार नभएमा अभियानको सहयोगमा क्रमश कार्वाही प्रकृया बढाउने,<br>• व्यवस्थापन गर्न नसकिने सहकारीलाई त्यस्ता सहकारीका सञ्चालक समेतका चल अचल सम्पत्ती रोक्का गरी समस्याग्रस्त घोषणा गरि व्यवस्थापन गर्ने,<br>• सहकारी एकिकरण गर्न छुट सुविधा सहित विशेष कार्ययाजना बनाइ लागू गर्ने,<br>• सहकारीकर्मिलाई शान्ति सुरक्षाको दिगो व्यवस्था हुनुपर्ने,<br>• निति तथा विधि भन्दा बाहिर गएर सहकारी गतिविधि सञ्चालन गरेका सहकारी संस्था तथा सो कार्यमा संलग्न सञ्चालक, पदाधिकारी, तथा सदस्यलाई तत्काल कारबाहिको दायरा भित्र ल्याउनु पर्ने,<br>• सहकारीको प्रतिस्पर्धात्मक क्षमतालाई कायम राख्नका लागि सन्दर्भ ब्याजदरको निर्धारण स्वचालित बनाउन मापदण्ड गरिनुपर्ने,सन्दर्भ ब्याजदर आधारदरको आधारमा समायानुकुल तय गर्नुपर्ने,<br>• स्थानीय तहदेखि केन्द्रीय तहसम्म वित्तीय सहकारी संस्थाहरुको दर्ता, कार्यक्षेत्र विस्तार र सेवाकेन्द्र स्वीकृति पुर्व निश्चित मापदण्ड बनाई लागु गर्ने,<br>• सहकारी व्यवसायलाई बदनाम गर्ने खालका गतिविधि नियन्त्रण गर्न कारबाहिको प्रक्रिया बढाउने,<br>• बचत ऋण सुरक्षण कोषको स्थापना गरी सञ्चालन गर्ने,<br>• पर्याप्त छानविन विना र अदालत तथा सम्बन्धित | अभ्यासहुनुपर्ने,<br>• स्वनियमनको न्युनतम मापदण्ड तय गरिनुपर्ने,<br>• सहकारी नियमन संघिय सरकारबाट मात्र हुने व्यवस्था हुनुपर्ने,<br>• वित्तिय तथा गैर वित्तिय सहकारीको नियमन मापदण्ड फरक हुनुपर्ने,<br>• अनुगमनका लागि विशिष्टिकृत स्वायत्त निकायको व्यवस्था हुनुपर्ने,<br>• वित्तिय सहकारीको नियमन जोखिममा आधारित हुनुपर्ने,<br>• सहकारीको निक्षेप तथा कर्जाको सुरक्षण हुनुपर्ने,<br>• बचत तथा ऋण सहकारीको लांभाश र संरक्षित पूँजी फिर्ताकोष लाई बरावर प्राथमिकिकरण गर्नुपर्ने,<br>• वित्तिय सहकारी अन्तर्गत व्यवसाय विस्तार, पुँजी सम्बन्धी व्यवस्था, लेखानिति, जोखिमको व्यवस्थापन, संस्थागत सुशासन, क्षेत्रगत लगानी, ग्रामीण क्षेत्र तथा पिछाडिएको सदस्यमा वित्तिय लगानी, कर्जा सूचना तथा कालोसूचि सम्बन्धी व्यवस्था, ब्याजदर निर्धारण सम्बन्धी व्यवस्था, अनिवार्य तरलता मौज्दात तथा वैधानिक तरलता सम्बन्धी व्यवस्था, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी व्यवस्था, वित्तिय श्रोत संकलन सम्बन्धी लगायतका व्यवस्थाका लागि नियामकले |

| | |
|---|---|
| निकायको सिफारिस विना व्यक्तिगत पहुँच-उजुरीको आधारमा संस्थाका प्रतिनिधिलाई दु:ख दिन नहुने,<br>• सहकारी पिडित राहतकोषको व्यवस्था गर्नुपर्ने,<br>• अशक्त पिडितहरुको लागि राहत कोषको व्यवस्था गर्ने,<br>• सहकारीलाई प्रविधिको प्रयोगमा प्रोत्साहन गर्न प्याकेज कार्यक्रम ल्याउने,<br>• सहकारी एकिकरणको लागि छुट सुविधा तथा अनिवार्यता सहितको प्याकेज कार्यक्रम विकास गरी लागू गर्ने,<br>• सहकारीको ऋण असुल नभएका सदस्यको जग्गा रोक्का तथा थप रोक्का सहकारीको संस्थागत पत्रबाट गर्न सकिने व्यवस्था लागू गर्ने र ऋण असुलीमा सरकारले सहयोग गर्ने,<br>• सहकारी खराब ऋणी सदस्यलाई सरकारी सुविधाबाट बञ्चित गर्ने कानुनी व्यवस्था गर्ने,<br>• सहकारीमा विद्युतीय भुक्तानी प्रणाली तथा नगद रहित कारोबारको लागि मौद्रिक नीति र सरकारको बजेट कार्यक्रममा सम्बोधन गर्नुपर्ने,<br>• सहकारी संस्थाबाट ऋण लिई नतिर्ने मनसाय भएका ऋणीहरुको एकाघर संगोल परिवारको चलअचल सम्पत्ती रोक्का राख्न पाउने व्यवस्था तत्काल कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>• सहकारी ऐन २०७४ ले गरेका कर्जा सूचना केन्द्र, कर्जा असुलि न्याधिकरण, कर्जा तथा बचत सुरक्षण कोष लगायतका व्यवस्थाहरू तुरून्त लागु गर्ने,<br>• सहकारी क्षेत्रमा आएको समस्यालाई मध्यनजर गरि विभिन्न किसिमका करहरूको भुक्तानीमा लचकताको समयावधि निर्धारण गरि त्यस अवधिमा जरिवाना नलाग्ने व्यवस्था गर्ने, | न्यूनतम मापदण्ड तोक्नुपर्ने,<br>• गैर वित्तिय सहकारीको लागि व्यवसाय विस्तार, श्रोतको पहिचान तथा संकलन, संस्थागत सुशासन, लेखानिति, व्यवसायको प्राथमिकरण लगायतका विषयमा न्यूनतम मापदण्ड तोक्नुपर्ने,<br>• शाख/कर्जा सूचना, ऋण असुली न्यायाधिकरणको गठन, एकिकरण सम्बन्धी ब्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली तथा अनुपालन, सहकारीको जोखिम ब्यवस्थापन, समानान्तर संस्था विचको कारोवार नियन्त्रण गर्नका व्यवस्था कायम गर्ने,<br>• सहकारी क्षेत्रलाई राष्ट्रिय विद्युतिय भुक्तानी प्रणालीमा आवद्वता, सहकारी कोरबैकिङ् सफ्टवेयरको मापदण्ड निर्धारण तथा अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था कायम गर्नुपर्ने, सहकारी एकिकृत सूचना प्रणालिमा कोरबैकिङ् सफ्टवेयरको स्व:तह आवद्दता अनिवार्यता,<br>• सहकारी तालिम केन्द्रको तिनै तहका सरकारबाट सञ्चालन हुनुपर्ने,<br>• सहकारी बुझेको जनशक्ति नियामक निकायमा हुनुपर्ने,<br><br>• **गैर–वित्तियको लागि**<br><br>• सस्तो श्रोतको पूँजीको सुनिश्चितता हुनुपर्ने,<br>• लागतमा प्रतिस्पर्धात्मक क्षमता प्राप्तिका लागि |

- सहकारीको ऋण नतिर्नेलाइ सरकारको सुविधाबाट वञ्चित गर्ने,
- सहकारीका सदस्य भइसकेपछि सम्बन्धित सदस्यले नियमितरूपमा मासिक बचत अनिवार्य जम्मा गर्नुपर्ने,
- सहकारी संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारिले संस्थाबाट ऋण लिन नपाउने, यस भन्दा अगाडि लिएको भएमा दुई वर्षभित्र भुक्तान हुनुपर्ने,
- लेखा सुपरिवेक्षण समिति, संचालक र व्यवस्थापकको सम्बन्ध, भूमिका र अधिकार कानुनद्वारा स्पष्ट छुटिनुपर्ने,
- स्थानिय तहमा सहकारीको विकास र सुशासन प्रवर्द्धनमा सहयोग गर्न र सामाजिक सुरक्षा भत्ताको वितरणमा सम्बन्धित व्याक्तिलाई पहुचयोग्य बनाउन सहकारी वर्गिकरणको आधारमा नेपाल सरकारले सहकारीलाई माध्यमको रूपमा प्रयोग गर्ने,
- लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धिको सुनिश्चितता तथा समितिमा आउनका लागि योग्यता निर्धारण गर्ने,
- कारोबारका आधार वर्गिकरण गरि आन्तरिक लेखा परिक्षकबाट लेखा परिक्षण गराउने अनिवार्य व्यवस्था गर्ने,
- निश्चित आकार भन्दा बाहिरको कारोबारलाई बाह्य लेखा परिक्षक बाहेकको अन्य स्वतन्त्र निकायबाट नियमित परिक्षण गरिनुपर्ने,

सहकारी उत्पादनको संरक्षण,

- भन्सार तथा करको दरमा छुटको व्यवस्था हुनुपर्ने
- मुल्य श्रृङ्खलामा आधारीत उत्पादनका लागि प्रोत्साहान हुनुपर्ने,
- उपभोक्ता तथा उत्पादक बिचको बजारीकरणका लागि आवश्यक प्लेटफर्म निर्माणको सहजिकरण हुनुपर्ने,
- गैह्र–वित्तिय सहकारीलाई श्रोतको सुनिश्चितता गरिनुपर्ने,
- बैंक तथा वित्तिय संस्थाले प्राथमिकता प्राप्त क्षेत्र तथा पिछाडिएको क्षेत्रमा गर्ने लगानि गैरवित्तिय सहकारी मार्फत गर्नका लागि मापदण्ड तय गर्ने,
- सहकारी संघ संस्थामार्फत कृषि पशुपंक्षी, उद्योग, कलकारखाना, जलविद्युत, पर्यटन, बिमा, स्वास्थ्य सेवा लगायतका व्यवसाय सञ्चालन गर्न अन्तर सम्बन्धित ऐनहरु तत्काल संशोधन गर्ने,
- सहकारी ऐनमा सहकारी, नीजि, सहकारी साझेदारी (CPP) को व्यवस्था गर्ने,
- स्थानीय तथा प्रदेशलाई थप प्रभावकारी बनउने र संघीय सरकारले समन्वय गर्ने,
- छुट्टै सहकारी मन्त्रालयको व्यवस्था हुनु पर्ने,
- प्रारम्भिक संस्थाहरु विषयगत केन्द्रीय संघमा अनिवार्य आवद्धताको व्यवस्था गर्ने,
- पालिका, जिल्ला र प्रदेशस्तरमा एउटा मात्र

- कित्ताकाट पूर्ण रुपले खोल्नु पर्ने,
- सरकारको सहयोगमा सदस्य जागरण अभियानको कार्यक्रम बनाई देश भरी सञ्चालन गर्ने,
- सहकारीको समस्या समाधानको लागि राष्ट्रिय रुपमा साझा सुधार कार्यक्रम ल्याउनु पर्ने,
- साविकको मन्त्रालयमा तत्काल सहकारी महाशाखाको व्यवस्था गर्ने,
- राष्ट्रिय आयमा सहकारी क्षेत्रको योगदानको विवरण छुट्टै निकाल्ने र सहकारी क्षेत्रको प्रवद्र्धन र विकासमा परिचालन गर्ने,
- सहकारी मन्त्रालय र सहकारी विभागको तहबाट हुन सक्ने निर्णयहरु तत्काल लिई कार्यान्वयनमा जाने र अन्य कार्यको लागि कार्ययोजना तयार गरी सिफारिस गर्ने,
- समस्यग्रस्त घोषणा भएका संस्थाका सञ्चालकहरुको एकाघरका व्यक्तिको नाउँमा भएको चल अचल सम्पत्ति ३ दिन भित्र रोक्का गरी आवश्यक कार्वाही अगाडि बढाउने,
- सहकारीमा लाग्ने आयकरको दर पुनरावलोकन गरी सहकारी ऐनले गरेको दरलाई कायम गर्ने,
- सहकारीले ऋण प्रदान गर्दा धितो लिने जग्गाको दृष्टिबन्धकमा शुल्क नलाग्ने व्यवस्था लागू गर्ने,
- सहकारी विभागद्वारा यस आ.व.को खाताबन्दीको लागि निर्देशन जारी गर्ने र सो निर्देशनमा निम्न बुँदा समेत समावेश गर्ने,
- .५०% व्याज तिरेमा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गर्ने, पाकेको व्याज तिरेको अवस्थामा एक वर्षको लागि नविकरण गर्न सकिने, यस असारसम्म पाकेको व्याज आगामी श्रावण महिना भित्र प्राप्त भएमा यस आ.व.को आम्दानीमा जनाउन सकिने,

छाता संघ हुने र समन्वयकारी भूमिका मात्र रहने,

- प्रारम्भिक संस्था, विषयगत केन्द्रीय संघ र सहकारी बैंक र महासंघ मात्र कार्यकारी भूमिकामा रहने,
- दर्ता भएको एक वर्ष भित्र संघ÷संस्थाले विषयगत केन्द्रीय संघ र बैंकको अनिवार्य सदस्य हुनु पर्ने,
- महासंघमा संघहरु र बैंक अनिवार्य सदस्य हुनु पर्ने,
- सहकारी बैंक ऐन र बचत ऋण सहकारी ऐन ल्याउने,
- व्यक्तिगत बचत र ऋणको सीमा संस्थाको शेयर पूँजी, कार्यक्षेत्र, सदस्य संख्या, जगेडाकोष÷संस्थागत पूँजी, जम्मा बचत आदिको आधारमा विनियममा व्यवस्था गर्ने,
- सहकारीमा तालिम शिक्षा तथा क्षमता विकासका कार्यक्रम राज्य र अभियानले संयुक्त रुपमा प्रभावकारी हुने गरी निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- अभियानको सहयोगमा सरकारले सहकारीको संघ, संस्था, सदस्य, उद्योग, व्यवसाय, परियोजना आदिको यथार्थ तथ्याङ्क संकलन गर्नुपर्ने,
- निजामती सेवामा सहकारी क्षेत्र हेर्ने कर्मचारीहरुको छुट्टै सहकारी समूह बनाइ दक्ष जनशक्तिको व्यवस्था हुनु पर्ने,
- सहकारी ऐन बमोजिम बचत संकलनको

| | |
|---|---|
| | स्वीकृती पाएको सहकारी संस्थाले नेपाल राष्ट्र बैकबाट स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्था गर्ने, |
| **सहकारी अभियानको तर्फबाट** | |
| • सहकारी सञ्चालकको आचारसंहिता जारी गरिनुपर्ने,<br>• बचत गर्ने तथा ऋण लिनेलाइ सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• संघहरूले आफ्नो मातहतका सहकारी संघ संस्थाको अध्ययन विश्लेषण गर्ने, सो को आधारमा सुझाब योजना दिने, सरकार समक्ष बहस पैरविका लागि सहजिकरण गर्ने,<br>• सहकारी सिन्द्धान्त भन्दा बाहिर गएर श्रोतको दुरूपयोग गर्नेलाइ कारबाहिको दायरामा ल्याउनका लागि सहजिकरण गर्ने,<br>• समस्यामा परेका संस्थाको तथ्यगत विवरण ल्याउनका लागि नेतृत्व लिने, | • सदस्य शिक्षालाई प्राथमिकिरण हुनुपर्ने,<br>• सहकारी सदस्य बन्नुपूर्व न्यूनतम सहकारी शिक्षा लिएको हुनुपर्ने मापदण्ड तय गरिनुपर्ने,<br>• सञ्चालक व्यवस्थापन र सदस्यको भुमिका प्रष्ट पारिनुपर्ने,<br>• सञ्चालक तथा लेखा समितिलाइ तालिम प्रदान गर्ने निकाय राख्नुपर्ने,<br>• स्वार्थको द्वन्द नरहने गरि निति तथा कार्यविधि निर्माण गरिनुपर्ने,<br>• सहकारी क्षेत्रमा जनशक्ति आकर्षणका लागि कर्मचारीको वृत्ति विकासको सुनिश्चितता गरिनुपर्ने, |

## अनुसुची ७

## सहकारी पिडीत बचतकर्ता महासंघ संघर्ष समितीको सुझावहरु

**७ बुँदे सम्झौताको दिन पेश गरिएको निकास,आग्रह र सम्झौता पश्चात सहकारी समस्या समाधानका ९ बुँदे सुझाव।**

**१.नेपाल सरकारले अध्यादेश,अहिले बाट सुचना जारी गरेर,ठगिमा उजुरी परेका सहकारीहरुका अध्यक्ष, संचालक, सल्लाहकार,म्यानेजर,कर्मचारीका र उनीहरुको आफन्तका खाता,सेयर,जग्गा रोक्का गर्ने बैंक,वित्तिय संस्था,धितो पत्र बोर्ड र मालपोतमा सुचना जारी गर्ने।उजुरीमा परेका सहकारीले अध्यादेश र आफन्तका नाममा खोलेका अरु कम्पनी हरु को खातापाता पनि रोक्का गर्ने। बैंक हरु लाई तिनीहरुको धितो केही समयको लागि लिलामी रोक्न लगाउने। नियमले नमिल्ने भए प्रधानमन्त्री को ठाडो अध्यादेश बाट लागू गर्ने।**

**२.उजुरी परेका सहकारीका अध्यक्ष, संचालक,र कर्मचारी फरार छन् भने " रेड कर्नर" सुचना जारी गरेर पक्राउ गर्ने।नियमले मिल्दैन भने प्रधानमन्त्री को ठाडो अध्यादेश लगाउने।**

**३.माननीय मन्त्री ज्यु ले ७ बुन्दे सम्झौता पश्चात मिडियामा (०८०/४/१४) भने झैं सहकारी बचत तथा कर्जा कोष खडा गर्ने (४०% सरकार र ६०%सहकारी)कार्य दुई महिना भित्र अन्तरिक काम सक्ने र उजुरी परेका सहकारी बचतकर्ताहरु लाई दामासाहिले वितरण गर्ने।**

**४.सरकार सङ पिडीत बचतकर्ताले यो कोष खडा गर्न सापटि मागेका हो, जुन ठगि गर्ने सहकारीमा रहेको पिडितकै पैसाले जोडेको सम्पत्ति बेचेर सरकारले ब्याजको साथ सोध भर्ना गरोस।नियमले मिल्दैन भने प्रधानमन्त्रीको ठाडो अध्यादेश लगाउने।**

**५.नेपालमा भैईरहेको सहकारी बिकृती अन्तराष्ट्रिय सहकारी संघ,बेल्जियमको निगरानीमा परेकोले र सरकार चनाखो नभए यसले देशलाई grey र black लिस्टमा पुराऊन आधार सृजना गर्न सक्छ।FATF( Financial Action Task Force) फ्रान्सले नेपालाई सम्पत्ति शुद्धीकरण मा सचेत गराई सकेको र watch list मा राखेको कुरा पनि सुन्नमा आएको अवस्था छ।**

**६. सहकारी मन्त्रालय, मन्त्री, रजिस्ट्रार, विभाग,महासंघ लाई ठगि गर्ने सहकारीहरुले ठाडो चुनौति दिएको अवस्था लाई चिरेर केही गर्ने मौका र अवसर आएको छ यो सरकारलाई।हाल सरकारले ठगि,भ्रष्टाचार,अपराध र अपराधी विरुद्ध राष्ट्रिय अभियान चलाएको बखत हामीले पनि ज्यु ध्यान दिएर मद्धत गर्नु हाम्रो कर्तव्य हो।**

**७.तिन खर्ब अर्ब मितिको एक खम्बा डगमगाएको छ र देशमा राम्रा सहकारी जोगाऊन र जनताको बिश्वास कायमै राख्न पनि ठगि गर्ने सहकारी लाई यी कार्य हरु तुरुन्त लागू गर्नु पर्छ।नियमले नमिले प्रधानमन्त्री को ठाडो अध्यादेश लागू गर्न पर्छ।**

**८. समाधान छिटो र छरितो गर्न माथी लेखिएको १-२ बुदाहरु सिडीओ लाई अधिकार प्रत्यायोजन गरे अल्पकालीन र दीर्घकालीन सहकारी समस्या समाधान गर्न सरकारलाई आधार मिल्थ्यो।**

**९. नेपाल सरकारले पनि भारतका गृह र सहकारी मन्त्रालय सम्हालेका मन्त्री श्री अमित शाह ले प्रधानमन्त्रीको स्वीकृति लिदै सर्वोच्च अदालत बाट अध्यादेश गराएर "साहारा ग्रुप" मा बर्षौ देखि फसेको जनताको बचत रकम फर्काउनु सरकारले कदम चाले झैं नेपाल सरकारले पनि त्यो उधारण पछिलाऊन सके निकास र समाधानको बाटो खुल्थ्यो।**

**धन्यवाद**
**सहकारी पिडीत बचतकर्ता महासंघ संघर्ष समिति नेपाल।**

## अनुसूची ८

## सहकारी ऐन, २०७४ सँग बाझिएका अन्यक्षेत्रगत ऐनहरुको सूची

१. भ्रष्टाचार निवारणऐन,२०५९
२. गरीवी निवारण कोष ऐन, २०६३
३. सामाजिक सुरक्षा ऐन, २०७५
४. विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
५. जग्गा प्राप्ती ऐन,२०३४
६. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९
७. विमाऐन,२०४९
८. नेपाल राष्ट्र बैक ऐन,२०५८
९. नागरिक लगानी कोष ऐन, २०४७
१०.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
११.पेटेण्टडिजाइनर ट्रेडमार्क ऐन,२०२२
१२.नेपाल पेट्रोलियम ऐन, २०४०
१३.औधोगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
१४.आयोडिन यूक्त नून (उत्पादन तथा बिक्री वितरण ) ऐन,२०५५
१५.प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३
१६.कम्पनी ऐन, २०६३
१७.विशेष आर्थिक क्षेत्र ऐन, २०७३
१८.औधोगिक व्यवसाय ऐन, २०७३
१९.उपभोक्ता संरक्षण ऐन, २०७५
२०.सार्वजनिक,निजी साझेदारी तथा लगानी ऐन,२०७५
२१.होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
२२.पर्यटन ऐन,२०३५
२३.नेपाल पर्यटन वोर्ड ऐन, २०५३
२४. दूर सञ्चार ऐन, २०५३
२५.छापाखाना र प्रकाशन सम्वन्धी ऐन, २०४८
२६.राष्ट्रिय प्रशारण ऐन, २०४९
२७.वीउ विजन ऐन, २०४५
२८.जीवनाशक विषादी ऐन, २०४८

२९.राष्ट्रिय चिया तथा कफी विकास वोर्ड ऐन, २०४९
३०.पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
३१.पशु वधशाला र मासु जाँच ऐन, २०५५
३२.विरूवा संरक्षण ऐन, २०६४
३३.विद्युत ऐन, २०४९
३४.शिक्षा ऐन, २०२८
३५.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमपरिषद ऐन,२०४५
३६.त्रिभुवन विश्वविधालय ऐन,२०४९
३७.अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५
३८.औषधि ऐन, २०३५
३९.कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
४०.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
४१.आर्थिक कार्यविधि ऐन, २०५५
४२.उच्च माध्यमिक शिक्षा ऐन,२०४६
४३.अन्तःशुल्क ऐन, २०५८
४४.आय कर ऐन, २०५८
४५.निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन२०७३
४६.वैंकिंग कसुर तथा सजाय ऐन, २०६४
४७.विनिमय अधिकार पत्र ऐन, २०३४

## सन्दर्भ सामग्री


१. नेपालको संबिधान,२०७२,: कानुन किताव व्यवस्था समिति, बबरमहलकाठमाडौं ।

२. सहकारी ऐन, २०७४ तथासहकारी नियमावली, २०७५,: सहकारी विभाग, नयाँबानेश्वरकाठमाडौं।

३. स्थानीय सरकार सन्चालन ऐन,२०७४,: कानुन किताव व्यवस्था समिति, बबरमहलकाठमाडौं।

४. संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,: कानुन किताव व्यवस्था समिति, बबरमहलकाठमाडौं ।

५. पन्धौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१), २०७६: राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं।

६. आर्थिक बर्ष २०८०/८१ को बजेट वक्तव्य, २०८०: अर्थ मन्त्रालय सिंहदरवार, काठमाडौं।

७. विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता: अर्थ मन्त्रालय सिंहदरवार, काठमाडौं।

८. कार्य बिस्तृतीकरण प्रतिबेदन, २०७३,: प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं ।

९. रेग्मी, केशवप्रसाद,सहकारीता, २०७५: सहकारी बिभाग, नयाँबानेश्वर काठमाडौं।

१०. Guidance Notes to the Co-operative Principles, International Co-operative Alliance, 2015

११. Blueprint of Co-operative Decade, Vision 2020 ICA

१२. सहकारी क्षेत्रका सम्बन्धमा यस अघि भएका विभिन्न सुधार सुझाव एवं अध्ययन समितिका प्रतिवेदनहरु

१३. सहकारी सम्बद्ध नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरु, बिकिपिडिया तथा बिभिन्न वेवपेजहरु।

१४. राष्ट्रिय सहकारी महासंघ लि, राष्ट्रिय सहकारी बैक लि, विभिन्न विषयगत केन्द्रिय/प्रदेश/जिल्ला/संघहरु, प्रबुद्ध व्यक्तिहरु, सहकारी संघ/संस्थाका प्रतिनिधिहरु, पिडित बचतकर्ता सदस्यका प्रतिनिधिहरुएवं आम सरोकारवालाहरु

## फोटो तथा विभिन्न विज्ञप्तीहरु



कार्यदलको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूलाई २०८० असार २५ गते अन्तरिम प्रतिवेदन बुझाउँदै ।




काठमाडौंमा आयोजित सुझाव संकलन कार्यशाला उपस्थित माननीय मन्त्रीज्यू, कार्यदलका संयोजकज्यू, मन्त्रालयका सचिवज्यू एवं विभागका रजिष्ट्रारज्यू




राष्ट्रिय योजना आयोगमा आयोजित सुझाव संकलनको लागी विद्धत वर्गसँगको परामर्श कार्यक्रम



बर्दिवासमा कार्यशालाको उद्घाटन गर्दै कार्यदल संयोजक माननीय डा. जयकान्त राउतज्यू



काठमाडौंमा आयोजित सुझाव संकलन कार्यशालामा सहभागीहरु सामूहिक छलफलमा



नेपालगन्जमा आयोजित सुझाव संकलन कार्यशालामा सहभागीहरु सामूहिक छलफलमा




नेपालगन्जमा सुझाव संकलनका लागी आयोजित कार्यशालामा सहभागीहरु



नेपालगन्जमा आयोजित सुझाव संकलन कार्यशालाका सहभागीहरु छलफलमा

## सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०

### प्रेश विज्ञप्तीः

मिति :२०८०।०३।०४

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रथम बैठक मिति २०८०।०२।२५ गते सम्पन्न गरी कार्यदलले कार्य प्रारम्भ गर्यो । सहकारी क्षेत्रले हाल सामना गरिरहेको समस्या पहिचान गरी सुधारको तत्कालीन र दिर्घकालीन कार्ययोजना प्रस्ताव गर्ने, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको अनुगमनका लागि दोस्रो तहको प्रभावकारी अनुगमन संयन्त्र निर्माणको खाका प्रस्ताव गर्ने एवं यस कार्यमा सहकारी विभागबाटै गर्न सकिने सम्भावित सुधार प्रस्ताव गर्ने, सहकारी क्षेत्रको समग्र सन्चालन, व्यवस्थापन र नियमन संघीय शासन प्रणाली मुताबिक हुने गरी उपयुक्त संस्थागत एवं संरचनागत व्यवस्थासहित कार्य विस्तृतिकरणको प्रस्ताव पेश गर्ने, सहकारी क्षेत्रको नीतिगत, कानूनी तथा संरचनागत व्यवस्थामा पुनरावलोकन आवश्यक भए सोको लागि सुझाव पेश गर्ने, अन्य केही थप सुझाव भए सोसमेत प्रस्ताव गर्ने आदि कार्यशर्त सहित यस कार्यदलले काम शुरु गरेको बिषय आम सरोकारवालाहरु तथा सर्वसाधारणमा कार्यदल अनुरोध गर्दछ ।

### प्रेश विज्ञप्ती

नेपाल सरकार (मन्त्रीपरिषद्)को निर्णयानुसार सहकारी क्षेत्रको [illegible] तत्कालिन तथा दीर्घकालिन समस्या समाधानका लागि सुझाव पेश गर्न गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले हालसम्म गरेको अध्ययनका आधारमा सम्माननीय प्रधानमन्त्री समक्ष देहायका सुझाव सहित अन्तरिम प्रतिवेदन पेश गरेको छ ।

**अन्तरिम प्रतिवेदनका सुझावहरु**

१) सहकारी ऐन, २०७४ को दफा १०१ को व्यवस्था अनुरुप सहकारी बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्नका लागि सहकारी नियमावली, २०७५ मा नेपाल सरकारले नै कोष सञ्चालन गर्ने गरी आवश्यक परिमार्जन गर्ने र नेपाल सरकारको तर्फबाट राख्नु पर्ने न्यूनतम चुक्ता शेयर पूँजी बापतको रकम अर्थ मन्त्रालयको सहमति लिई रकम निकाशा गरी बाँकी रकम सहभागिताका लागि प्रारम्भिक संस्था, संघहरु, राष्ट्रिय सहकारी बैंकले पुरुमा आफ्नो कुल सम्पत्तिको ०.०५ प्रतिशतले हुन आउने रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र कोषमा जम्मा गर्नुपर्ने। कोष सञ्चालन सम्बन्धी व्यवस्था सहितको कार्यविधि यथाशिघ्र मन्त्रालयले बनाई लागू गर्ने ।

२) रु. एक अर्ब भन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको वार्षिक लेखा परीक्षण गर्ने लेखा परीक्षक नियुक्तिमा संघीय सहकारी बिभागबाट अनुमती लिनु पर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

३) बिभिन्न सहकारी संस्थाहरुमा सदस्यहरुले बचत फिर्ताको माग गरेको तर समस्यामा परी बचत फिर्ता गर्न नसकिरहेका संस्थाहरुले बचत फिर्ता माग गर्ने बचतकर्ताहरुमध्येबाट [illegible]

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४

नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फ्याक्स :- ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

### प्रेस विज्ञप्ती

आज मिति २०८०/०४/२१ गते आइतबारका दिन यस मन्त्रालयको आयोजनामा सहकारी विषयमा हाल देखिएका समस्या र समाधानका उपाय सम्बन्धमा सहकारी हेर्ने प्रदेश मन्त्रालय, प्रदेश सहकारी रजिष्ट्रार र काठमाडौं एवं ललितपुर महानगरपालिकाको सहकारी बिभाग प्रमुखहरु बीच छलफल कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्री रन्जिता श्रेष्ठ चौधरी, सहकारी क्षेत्र सुधार सुझाव कार्यदलका संयोजक एवं राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा.जगकान्त राउत, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री गोकर्णमणि दुवाडी, सहकारी बिभागका रजिष्ट्रार श्री नमराज घिमिरे र अन्य बिभागका पदाधिकारी/कर्मचारीहरुको उपस्थितिमा सहकारी क्षेत्रको हालको अवस्था र यसमा देखिएका विविध समस्याहरु माथी छलफल भई ती समस्या समाधानका उपायहरुमा बिस्तृत रुपमा छलफल भयो। उक्त छलफलबाट प्राप्त सुझावहरु सहकारी क्षेत्र सुधार सुझाव कार्यदललाई अन्तिम प्रतिवेदन तयार गर्न समेत सहयोग पुग्नेछ। साथै बैठकमा आगामी दिनमा सहकारी क्षेत्रलाई सहकारीका प्रचलित मूल्य, मान्यता र सिद्धान्तका आधारमा बिकास तथा प्रवर्धन गर्दै यस क्षेत्रमा देखा परेका समस्या निराकरण गर्न सहकारी विषय हेर्ने तीनवटै तहबीच थप समन्वय र सहकार्य गरी अघि बढ्ने समझदारी समेत भएको छ।

विभिन्न मितिमा प्रकासित विज्ञप्तीहरु

आज मिति २०८०/०४/१८ गते बिहिबारका दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री, मा.श्री रन्जिता श्रेष्ठ चौधरीज्यूको उपस्थितिमा (सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समितिका नामबाट) माइतीघर मण्डलामा अनसन/धर्ना बसीरहेका सहकारी संस्थाका बचतकर्ता समूहका प्रतिनिधिहरु बीच छलफल भई देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

मा.मन्त्री, श्री रन्जिता श्रेष्ठ चौधरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सचिव, श्री गोकर्णमणि दुवाडी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

रजिष्ट्रार, श्री नमराज घिमिरे, सहकारी विभाग

श्री कुलराज के.सी., प्रतिनिधि, सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समिति

डा. नारायणहरि गजुरेल, प्रतिनिधि, " "

श्री खगेन्द्रनाथ कापले, प्रतिनिधि, " "

श्री हरिचन्द्र श्रेष्ठ, प्रतिनिधि, " "

उप-सचिव, श्री रघुनाथ महत, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

उप-सचिव, श्री बसन्तराज पुरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

श्री सरोज थुक्कमोक्की, मा. मन्त्रीज्यूको स्वकीय सचिव

श्री रमेश विश्वकर्मा, मा. मन्त्रीज्यूको स्वकीय अधिकृत

श्री [illegible] कार्की, प्रतिनिधि, सहकारी पीडित बचतकर्ता महासंघ

निर्णयः

१. सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समितिका नामबाट माइतीघर मण्डलामा अनसन/धर्ना बसीरहेका सहकारी संस्थाका बचतकर्ता सदस्यहरुको मागका सम्बन्धमा विस्तृत छलफल गरियो ।

२. सहकारी क्षेत्रको सुधारको लागि सुझाव दिन नेपाल सरकार मन्त्रिपरिषद्बाट गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलमा बचतकर्ता सदस्यको अधिकारको हित संरक्षण गर्ने उद्देश्यले अनसन/धर्नामा रहेका सहकारी संस्थाका बचतकर्ताहरुको समेत प्रतिनिधित्व गराउन आजैका मितिबाट अविलम्ब ३ जनासम्म प्रतिनिधि आमन्त्रित सदस्यको रुपमा समावेश गर्ने ~~[illegible]~~ ।

मौजुदा ३. सहकारी संस्थामा देखिएका विकृति, विसंगति हटाई सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसार सहकारी क्षेत्रको सुधार गर्न विद्यमान कानूनी व्यवस्थाभित्र तत्काल सुधार गर्न सकिने र कानून संशोधन गर्नुपर्ने भए त्यस्तो विषयमा समेत तत्काल मन्त्रालय, सहकारी विभाग र समस्याग्रस्त व्यवस्थापन समितिबाट आवश्यक गृहकार्य अघि बढाउने ।

४. सहकारी संस्थाका बचतकर्ताहरुको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि मन्त्रालयले तत्काल कार्य प्रक्रिया अगाडि बढाउने ।

५. सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाउन कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणको स्थापना गर्न मन्त्रालयले तत्काल कार्य प्रक्रिया अगाडि बढाउने ।

६. ओरिएन्टल लगायत समस्याग्रस्त घोषित सहकारी संस्थाको सर्वप्रथम बचतकर्तालाई रकम फिर्ता गर्दा स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग मन्त्रालयले समन्वय गर्ने ।

७. सहकारी संस्थाका बचतकर्ता सदस्यहरुबाट माइतीघर मण्डलामा जारी अनसन/धर्ना आजैका मितिबाट स्थगन गर्ने ~~[illegible]~~ ।

माइतीघर मण्डला लगायत विभिन्न ठाउँमा आन्दोलनरत सहकारीका पिडितहरुसँग सरकारले गरेको सम्झौता